# क्रियाकलाप सञ्चालन प्रक्रिया

केन्द्रीय आयोजना समन्वय समितिको २०७७ असोज ८ को बैठकको निर्णयानुसार पशु सेवा विभाग अन्तर्गतका सम्बन्धित कार्यालय/निकायहरुमा छलफल भई पशु सेवा विभागबाट २०७७ मंसिर १८ मा स्वीकृत)


नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

हरिहर भवन, ललितपुर

फोन : ०१-५०१०००१

इमेल: nlsipnepal@gmail.com

वेवसाइट : www.nlsip.gov.np

# दुई शब्द

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना दूध, खसी/बोकाको मासु र पश्मिना मूल्य शृंखलामा आबद्ध साना फार्म र व्यवसायमा जलवायु मैत्री नवीन प्रविधिहरुको प्रयोग बढाई पशुको उत्पादकत्व वृद्धि गर्ने, पशुजन्य उत्पादनहरुको मूल्य अभिवृद्धि गर्ने र नेपालको पशु सेवा क्षेत्रको सुदृढीकरण गर्ने उद्देश्यले विश्व बैंकको सहयोगमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सञ्चालन भइरहेको आयोजना हो । यो आयोजना देशका ५ प्रदेशमा, २८ जिल्लाका २८९ नगर तथा गाँउपालिकाहरुमा २५०० कृषक समूह र ५०० सहकारीमा आबद्ध सहित २००००० लाभग्राहीसम्म पुग्ने लक्ष सहित आर्थिक वर्ष २०७४/७५ देखि कार्यान्वयनमा आएको छ ।

आयोजनाले सम्भाग **"क" संस्थागत सुदृढीकरण तथा आवश्यक नियामक क्षमता सबलीकरण**द्वारा उपयुक्त वातावरण सिर्जना गरी सम्भाग **"ख" पशु सेवा क्षेत्रमा नवीनता प्रबर्द्धन तथा सेवा प्रवाहको आधुनिकीकरण** र सम्भाग **"ग" पशुजन्य उत्पादनहरुको समावेशी मूल्य शृंखला विकास** अन्तर्गत उत्पादन र उत्पादकत्व बढाउने क्रियाकलापहरु सञ्चालन गरिरहेको छ भने सम्भाग **"घ" आयोजना व्यवस्थापन तथा ज्ञान सिर्जना** आयोजनाको समग्र व्यवस्थापनसँग सम्बन्धित छ। आयोजनाले लिएको लक्ष हासिल गर्न आयोजना व्यवस्थापन कार्यालय र विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयहरु मार्फत विभिन्न क्रियाकलापहरु सञ्चालन भइरहेका छन र चालू र आगामी आ.व.हरुमा अझ सघनरुपमा थप क्रियाकलापहरु सञ्चालन गरिनेछन ।

आयोजनाले सञ्चालन गर्ने क्रियाकलापहरुमध्ये सम्भाग "क" र "घ" अन्तर्गतका क्रियाकलापहरु प्रचलित आर्थिक, प्रशासनिक नियम र नर्म्स अन्तर्गत रही सञ्चालन भइरहेका छन भने सम्भाग "ग" अन्तर्गतका क्रियाकलापहरु सञ्चालन गर्नको लागि छुट्टै **उप-आयोजना सञ्चालन तथा व्यवस्थापन विधिहरु** तयार गरिएको छ। तसर्थ, विशेष गरी आयोजनाको सम्भाग "ख" अन्तर्गत सञ्चालन हुने प्रमुख क्रियाकलापहरु बारे आयोजना कार्यान्वयनमा सहभागी सबैको समान बुझाई रहोस् र क्रियाकलाप कार्यान्वयनमा एकरुपता कायम रहोस् भन्ने उद्देश्यले यो **क्रियाकलाप सञ्चालन प्रकिया, २०७७** तयार पारिएको छ । यसमा समावेश नभएका कतिपय क्रियाकलाप सञ्चालन प्रक्रियाहरु कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट छुट्टै स्वीकृत समेत गराइएको छ ।

यो सञ्चालन प्रकियामा आयोजनाले हाल सञ्चालन गरिरहेका वा सञ्चालन गर्ने सोच राखेका प्रमुख क्रियाकलापहरु समावेश गरिएको भए पनि कतिपय क्रियाकलापहरु छुटेका हुन सक्छन । यसरी हाल समावेश गर्न छुट भएका वा पछि थप गरिने नयाँ क्रियाकलापहरु समेत थप गरेर यो सञ्चालन प्रक्रियामा समयानुकूल सुधार गरिने विश्वास दिलाउछु । यो सञ्चालन प्रकिया आयोजना कार्यान्वयनमा संलग्न सबैकोलागि उपयोगी हुने अपेक्षा गरेको छु र प्रस्तुत सञ्चालन प्रकिया तयार पार्ने कार्यमा महत्वपूर्ण योगदान दिनुहुने आयोजनाका प्राविधिक सल्लाहकार टोलीका विज्ञहरु र आयोजनाका अन्य सबै सहकर्मी मित्रहरुमा म हार्दिक धन्यवाद प्रकट गर्दछु ।

डा. डिल्लीराम सेढाई

भाद्र, २०७७

आयोजना निर्देशक

# विषय सूची


क . पृष्ठभुमि ........ १

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको संक्षिप्त परिचय........ १

ख . क्रियाकलापहरु संचालन प्रक्रिया........ ५

१. कृषक समुह गठन एवम् परिचालन........ ६

२ विषयगत सहकारी गठन एवम् परिचालन........ १०

३ हर्ड हेल्थ कार्यक्रम- गाई /भैसी........ १४

४ हर्ड हेल्थ कार्यक्रम - बाख्रा /च्यांग्रा........ १७

५ मुस्ताङ्ग तथा मनाङ्ग जिल्लामा हे साइलेज ढुवानी सहयोग........ २०

६ नर्सरी व्यवस्थापन तालिम र नर्सरी स्थापना सहयोग........ २२

७ कवुलियती जमिनमा घाँस विकास जिल्ला स्तरीय गोष्ठी........ २६

८ घाँसको बीउ उत्पादन करार खेती सहयोग........ २८

९ घाँसको बीउ वितरण........ ३२

१० डाले घांसको बिरुवा वितरण........ ३५

११ सामुदायिक चरन विकास कार्यक्रम........ ३८

१२ बीउ कोष स्थापना तथा परिचालन........ ४१

१३ स्थानीय स्तरका प्राविधिकहरुको लागि प्रयोगशाला प्रविधि तालिम (३ दिने)........ ४५

१४ पाराभेट तथा ग्रामीण पशुस्वास्थ्य कर्यकर्ताहरुकोलागि प्रयोगशालाको लागि नमुना संकलन तथा प्रेषण तालिम (३ दिने)........ ४७

१५ इपिडेमियोलोजिकल तालिम (प्राविधिक स्तर)........ ४९

१६ इपिडेमियोलोजी तालिम(अधिकृत स्तर)........ ५१

१७ चिलिंग भ्याट, मिल्क एनलाइजर तथा डेरी उपकरण मर्मत सम्भार तालिम........ ५३

१८ Meat Inspection Training........ ५५

१९ Hygienic Meat Production and Processing Training........ ५९

२० पशु बीमा अभिकर्ता तालिम........ ६२

२१ मूल्य शृंखला सरोकारवालाहरुको लागि जैविक सुरक्षा तालिम........ ६५


ज्ञ

डा. बंशी शर्मा
महानिर्देशक

२२ असल पशुपालन अभ्यास र खाद्य स्वच्छता तालिम....................................................६७

२३ घाँसको बीउ उत्पादन तालिम....................................................................६९

२४ समूह परिचालन  अभिमुखीकरण स्थलगत तालिम ................................................७२

२५ म्तञ् अभिमूखीकरण तालिम.......................................................................७५

२६ सामाजिक परिचालकहरुको लागि अनुगमन तथा मूल्याङ्कन तालिम..............................७७

२७ विकेन्द्रीकृत आयोजना सहयोग इकाई तथा सरोकारवाला निकायका कर्मचारीहरुको लागि अनुगमन तथा मूल्याङ्कन तालिम........................................................................८०

२८ सामाजिक सुरक्षा र वातावरण सम्बन्धी तालिम.................................................८३

२९ पाराभेट तथा ग्रा.प.स्वा.का.को लागि तथ्यांक संकलन तालिम .................................८६

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

ञञञ

डा. बंशी शर्मा
महानिर्देशक

## क . पृष्ठभुमि

# नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको संक्षिप्त परिचय


नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना छनौट गरिएका पशुजन्य मूल्य शृंखलामा आबद्ध साना फार्म र व्यवसायमा जलवायु मैत्री नवीन प्रविधिहरुको प्रयोग बढाई पशुको उत्पादकत्व वृद्धि गर्ने, पशुजन्य उत्पादनहरुको मूल्य अभिवृद्धि गर्ने र नेपालको पशु सेवा क्षेत्रको सुदृढीकरण गर्ने उद्देश्यले विश्व बैंकको ऋण सहयोगमा सञ्चालन गरिएको आयोजना हो । यो आयोजना आ.व. २०७४/७५ देखि कार्यान्वयन भइरहेको छ ।

*लक्षित लाभग्राही*

यो आयोजनाले २००,००० लाभग्राहीलाई प्रत्यक्ष लाभ पुऱ्याउने र आयोजनाका कूल लाभग्राहीमध्य ४५% महिला हुने लक्ष लिएको छ । यी लाभग्राहीसम्म पुग्न आयोजनाले कृषकका समूह तथा सहकारीहरु मार्फत कार्यक्रम सञ्चालन गर्नेछ । आयोजना लागू भएका गाँउ तथा नगर पालिकाहरुमा नयाँ तथा पुराना गरेर २५०० कृषक समूह र ५०० सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्ने लक्ष आयोजनाले राखेको छ ।

*आयोजना लागू हुने क्षेत्र*

यो आयोजना नेपालका ५ वटा प्रदेशका २८ जिल्लाका २८९ गाँउ तथा नगर पालिकाहरुमा प्रदेश सरकार तथा स्थानीय तहको समन्वयमा कार्यान्वयन भइरहेको छ ।






डा. बंशी शर्मा
महानिर्देशक

| क.सं. | प्रदेश | जिल्ला | गाँउ तथा नगर पालिका | | |
|---|---|---|---|---|---|
| | | | गाँउ पालिका | नगर पालिका | जम्मा |
| १ | १ | ७ (पाँचथर, इलाम, झापा, धनकुटा, उदयपुर, मोरङ्ग र सुनसरी) | ४० | ३७ | ७७ |
| २ | २ | ३ (सप्तरी, धनुषा, सिरहा) | २४ | २९ | ५३ |
| ३ | वागमती | ४ (काभ्रेपलाञ्चोक, काठमाण्डौं, मकवानपुर र चितवन) | १६ | २५ | ४१ |
| ४ | गण्डकी | ७ (स्याँग्जा, कास्की, मुस्ताङ्ग, मनाङ्ग, तनहु, म्याग्दी र नवलपुर) | ३२ | १६ | ४८ |
| ५ | ५ | ७ (रुपन्देही, नवलपरासी, गुल्मी, अर्घाखाची, कपिलवस्तु, पाल्पा र बर्दिया) | ४३ | २७ | ७० |
| | | जम्मा | १५५ | १३४ | २८९ |

*आयोजना कार्यान्वयनक्रम*

प्रस्तुत आयोजनाको कार्यान्वयनमा निम्न मितिहरु महत्वपूर्ण रहेका छनः

| क.सं. | विवरण | मिति |
|---|---|---|
| १ | सम्झौता मिति | २०७४ माघ ०७ (२१ जनवरी, २०१८) |
| २ | आयोजना प्रभावकारी भएको मिति | २०७४ फागुन १६ (२८ फेब्रुवरी, २०१८) |
| ३ | आयोजना समापन हुने मिति | २०८० आषाढ १५ (३० जुन, २०२३) |

*आयोजनाको लागत*

आयोजनाको प्रस्तावित कूल लागत ११५ मिलिअन अमेरिकी डलर छ जसमा विभिन्न पक्षको योगदान निम्नानुसार हुने छः

नेपाल सरकार
खानेपानी विकास मन्त्रालय
खानेपानी सेवा विभाग
हरिहरभवन, ललितपुर

| क.सं. | विवरण | रकम (मिलिअन अमेरिकी डलर) |
|---|---|---|
| १ | विश्व बैंकको ऋण सहयोग | ८० |
| २ | नेपाल सरकारको लगानी | १० |
| ३ | लाभग्राहीको लगानी | १० |
| ४ | बैंक तथा वित्तीय संस्थाहरुको लगानी | १५ |

*आयोजनाका सम्भागहरु*

यस आयोजनाका निम्न चारवटा सम्भागहरु छन:

**क. संस्थागत सुदृढीकरण तथा आवश्यक नियामक क्षमता सबलीकरण**

पशुपालन क्षेत्रको विकासको लागि उपयुक्त नीति तथा नियमहरु तर्जुमा गरी सेवा प्रवाहमा आवश्यक सुधार ल्याउने र पशुपालनमा निजी क्षेत्रको थप लगानी आकर्षित गरी जलवायु अनुकूलन तथा खाद्य स्वच्छता हासिल गर्ने तर्फ यस सम्भाग अन्तर्गतका कियाकलापहरु केन्द्रीत छन ।

यस सम्भाग अन्तर्गत प्रस्तावित आयोजनाका प्रमुख कियाकलापहरु यस प्रकार छन:

- पशुपालन क्षेत्रसग सम्बन्धित योजना, नीति र रणनीतिहरु तयार पार्ने ।
- आवश्यक कानूनहरु बनाउने ।
- बिद्यमान नीति, रणनीति र कानूनहरुमा समयानुकूल सुधार ल्याउने ।
- पशु सेवासँग सम्बन्धित सरकारी निकायहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- पशुपालन क्षेत्रमा सूचना प्रणाली स्थापना गर्ने ।

**ख. पशु सेवा क्षेत्रमा नवीनता प्रवर्द्धन तथा सेवा प्रवाहको आधुनिकीकरण**

आयोजनाले पशुजन्य उत्पादनको उत्पादकत्व वृद्धि गर्ने र पशुपालन क्षेत्रमा जलवायु समुत्थान गर्ने लक्ष लिएको छ । यस सम्भाग अन्तर्गत सरोकारवाला संस्थाहरुको क्षमता सुदृढीकरण गरी पशुपोषण, नश्ल सुधार तथा रोग न्यूनीकरणका जलवायु मैत्री नवीन प्रविधि र अभ्यासहरुको प्रसार र प्रवर्द्धन गर्ने कियाकलापहरु सञ्चालन गरिने छ । यस सम्भाग अन्तर्गत सञ्चालन हुने कियाकलापहरु वातावरणीय दृष्टिले दिगो हुनेछन र हरितगृह ग्याँस उत्सर्जनलाई कम गर्ने प्रकारका हुनेछन ।

यस सम्भाग अन्तर्गत प्रस्तावित आयोजनाका प्रमुख कियाकलापहरु यस प्रकार छन:

- उत्पादक संस्था (कृषक समूह र सहकारी) हरु गठन तथा परिचालन गर्ने ।
- समग्र पशु सेवा क्षेत्रको सुदृढीकरण गर्ने ।
- प्रयोगशाला तथा क्वारेन्टीन चेकपोष्टहरुको सुदृढीकरण गर्ने ।
- रोग खोजी तथा रोग रोकथाम प्रणालीको सुदृढीकरण गर्ने ।
- पशु प्रजनन क्षेत्रलाई सुदृढ पार्ने ।
- पशु आहारामा सुधार ल्याउने ।
- पशु सेवा क्षेत्रको तालिम तथा प्रसारलाई सुदृढ पार्ने ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

**ग. छानिएका पशुजन्य उत्पादनहरुको समावेशी मूल्य शृंखला विकास**

आयोजनाको यो सम्भागले साना पशुपालक र पशुपालक कृषकका संस्थाहरुलाई पूरक अनुदान प्रदान गरी उनीहरुको बजार पहुच बढाउने र उनीहरुलाई दूध, बाखा र पश्मिना मूल्य शृंखलामा जोड्ने लक्ष लिएको छ । यस सम्भाग अन्तर्गत आयोजनाले दूध, खसी बोकाको मासु र पश्मिनाको ढुवानी, भण्डारण, बजारीकरण, उत्पादन पश्चातको ह्रास न्यूनीकरण र प्रशोधन सम्बन्धी उत्पादनमूलक गठबन्धनको आधारमा तयार पारिएका योग्य व्यवसाय योजनाहरुलाई बैंक तथा वित्तीय संस्थाहरु मार्फत कूल लगानीको ५० प्रतिशत वा बढीमा रु. १ करोडसम्म पूरक अनुदान उपलब्ध गराउने छ ।

यस सम्भाग अन्तर्गत प्रस्तावित आयोजनाका प्रमुख कियाकलापहरु यस प्रकार छन:

- उत्पादनशील दिगो साझेदारी विकास गर्ने ।
- उत्पादनमूलक गठबन्धनमा आधारित व्यवसाय योजनाहरु छनौट गरी पशुजन्य मूल्य शृंखला (दूध, खसीबोकाको मासु र पश्मिना) मा लगानी गर्ने ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

# ख . क्रियाकलापहरु संचालन प्रक्रिया

| | |
|---|---|
| **क्रियाकलापको नाम** | **कृषक समूह गठन एवं परिचालन** |
| **क्रियाकलापको कोड नम्बर** | ▪ B.1.2 |
| **उद्देश्य** | ▪ पशुपालक कृषकहरुलाई संगठित गरी उनीहरुमा व्यावसायिक क्षमताको विकास गर्ने,<br>▪ एकै प्रकारका पशुपालन गर्ने कृषकहरुको साझा आवश्यकताको पहिचान गर्ने,<br>▪ आयोजनाको कार्यक्रमलाई लक्षित लाभग्राहीसम्म प्रभावकारीरुपमा पुऱ्याउने,<br>▪ साना कृषकहरुबाट उत्पादित बस्तुको बजारीकरणमा सहयोग गर्ने,<br>▪ आयोजनाको सम्भाग "ग" को पूरक अनुदान प्राप्त गर्न समूहलाई सक्षम बनाउन सहजीकरण गर्ने । |
| **अपेक्षित प्रतिफल** | ▪ आपसी हितका लागि संगठित भएका पशुपालन व्यवसायमा संलग्न कृषकहरुका नयाँ समूहहरु गठन हुनेछन् ।<br>▪ गठन भई सञ्चालनमा रहेका कृषक समूहहरुसँग आयोजनाले सहकार्य गर्ने छ ।<br>▪ आयोजनाले सञ्चालन गरेका कार्यक्रमहरु लक्षित लाभग्राहीसम्म छिटो र प्रभावकारी रुपमा पुग्ने छन ।<br>▪ वित्तीय स्रोतमा कृषकहरुको पहुंच बढ्ने छ ।<br>▪ पशु बीमा प्रबर्द्धन भई पशुपालन क्षेत्रमा कृषकको जोखिम घट्नेछ ।<br>▪ कृषकहरुको व्यावसायिक क्षमताको विकास हुनुका साथै उत्पादित बस्तुको बजारीकरण क्रममा मोलमोलाई गर्नसक्ने क्षमता बढने छ ।<br>▪ कार्यक्रमहरु दिगोरुपमा सञ्चालन हुनेछन् ।<br>▪ आयोजनाले सञ्चालन गरेका कार्यक्रमहरु मा पारदर्शिता बढ्ने छ । |
| **लक्षित सहभागी** | ▪ आयोजनाको कार्यक्षेत्रभित्र बसोवास गर्ने, १६ वर्ष पुगेका, प्रचलित कानूनले अयोग्य नठहरिएका र गाई, भैंसी, बाखा वा च्यांग्रापालन व्यवसाय गरिरहेका नेपाली कृषकहरु । |
| **सहभागी छनौट विधि** | ▪ एउटै किसिमको व्यवसायमा संलग्न (गाई, भैंसी, बाखा वा च्यांग्रापालक), सकभर आर्थिक स्तर पनि समान भएका, भौगोलिकरुपमा एकै ठाँउमा बसोबास गर्ने र भावनात्मकरुपले पनि नजिक रहेका वा समान सोंचाई भएका कृषकहरु छनौट गर्ने ।<br>▪ एक परिवारबाट एकजना प्रतिनिधिमात्र सदस्यका दरले समावेश गर्ने । |

| | |
|---|---|
| | ■ समूहमा सरदर २० जना सदस्यहरु रहने (कममा १५ जना र बढीमा २५ जनासम्म समावेश गर्न सकिने) तर, हिमाली जिल्लाहरुको हकमा भने कृषक संख्या यो भन्दा कम पनि हुनसक्ने । |
| | ■ समूहमा महिला सहभागिता कम्तीमा पनि ४५ प्रतिशत हुनुपर्ने र दलित, जनजाति, पिछडिएको वर्गलाई समावेश गर्नका लागि प्राथमिकता दिने ।<br>■ प्रत्येक समूहमा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष गरी ४ जना मुख्य पदाधिकारीहरु र बाँकी साधारण सदस्यहरुका रुपमा चयन गर्ने ।<br>■ मुख्य पदाधिकारीहरु मध्ये कम्तिमा २ जना महिला हुनुपर्ने ।<br>■ मुख्य पदाधिकारीहरुको पदावधि सामान्यतया १ वर्षको हुने ।<br>■ मुख्य पदाधिकारीहरुको जिम्मेवारी समूहको विधानमा उल्लेख भए अनुसार हुने । |
| **क्रियाकलाप सञ्चालन स्थल** | कृषक समूह गठन समुदाय स्तरमा गरिने छ । |
| **चाहिने सामग्री र सहयोग** | नयाँ गठन गरिएका वा भैरहेका समूहका सदस्यहरुको क्षमता विकासका लागि निम्न तालिमहरु सञ्चालन गर्ने: |
| | ■ आयोजनाको कार्यक्रम सञ्चालन गर्नु पूर्व समूहका सबै सदस्य तथा पदाधिकारीहरुलाई समूह परिचालन सम्बन्धी अभिमुखीकरण तालिम ।<br>■ समूहका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवहरुलाई नेतृत्व विकास सम्बन्धी तालिम ।<br>■ समूहका पदाधिकारीहरुलाई समूह व्यवस्थापन सम्बन्धी तालिम ।<br>■ समूहका कोषाध्यक्षहरुलाई समूहको हिसाब व्यवस्थितरुपमा राख्न लेखा सम्बन्धी अलगै तालिम ।<br>■ समूहको व्यावसायिक योजना तयारी सम्बन्धी तालिम ।<br>■ पशु बीमा सम्बन्धी तालिम (बीमा अभिकर्ता) ।<br>■ समूहको प्रकृति अनुसारका अन्य प्राविधिक तालिमहरु ।<br>सुरुमा एक पटक समूह व्यवस्थापनका लागि प्रत्येक समूहलाई निम्न सामग्रीहरुको सहयोग उपलब्ध गराउने:<br>■ ३ वटा रजिष्टरहरु<br>■ १ स्ट्याम्प प्याड<br>■ १ क्यालकुलेटर<br>■ ३ वटा साना इन्डेक्स फाइलहरु<br>■ १ दर्जन डटपेनहरु<br>■ पेन्सिल र स्केल |

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | |
|---|---|
| | ■ १ पन्चिङ्ग मेशिन |
| | ■ १ स्ट्याप्लर |
| | ■ ६ थान नेपाली फाइलहरु<br>■ १ रिम सेतो कागज |
| | लगायतका सामाग्रीहरु **"नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना"** लेखेको एउटा बलियो झोलामा राखी प्रत्येक समूहलाई उपलब्ध गराउने । |
| **समूह गठन र परिचालनका विधि, तरिका तथा चरणहरु** | <u>प्रथम चरण : समूह गठन</u><br>■ कृषक समूह गठन गर्न प्रस्तावित टोल वा वस्तीमा बसोबास गर्ने सकभर सबै घरधुरीबाट एक-एक जना प्रतिनिधि बोलाई भेला गर्ने ।<br>■ भेलामा आयोजनाको कार्यक्रम, समूहको आवश्यकता र समूहको महत्वका बारेमा सबैलाई जानकारी गराउने ।<br>■ समूहमा आबद्ध हुन चाहने पशुपालक कृषकहरुको नामावली तयार गर्ने ।<br>■ समूह गठन गर्दा सकेसम्म नजिक-नजिक बस्ने घरधुरीलाई एकै समूहमा आबद्ध गराउने ।<br>■ एउटा समूहमा सरदर २० जना (१५ देखि २५ जनासम्म) सदस्यहरु आबद्ध गरी समूह गठन गर्ने ।<br>■ समूहमा महिला सहभागिता कम्तीमा ४५ प्रतिशत हुनुपर्ने र दलित, जनजाति, पिछडिएको वर्गलाई प्राथमिकता दिई समूहमा समावेश गर्नुपर्ने ।<br>■ समूह गठन पश्चात सोही दिन समूहको पहिलो बैठक सञ्चालन गर्ने र अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष गरी ४ जना मुख्य पदाधिकारीहरुको चयन गराउने ।<br>■ मुख्य पदाधिकारीहरुमा कम्तिमा २ जना महिला हुनुपर्ने ।<br>■ समूहको नाम के राख्ने भन्ने विषयमा पनि छलफल गराई निर्णय गराउने (उदाहरणका लागि हरियाली पशुपालन समूह, कालिका बाखा पालन समूह आदि) । |
| | ■ समूहको नियमित मासिक बैठक कहिले बस्ने ? प्रति सदस्य कति रकम मासिकरुपमा हितकोषमा जम्मा गर्ने ? आदि विषय बारे पनि यसै बैठकबाट निर्णय गराउने (गते, समय, स्थान र रकम पनि निश्चित गर्ने) ।<br><u>दोश्रो चरण : समूह परिचालन</u><br>पहिलो बैठकमा निर्धारित गते, समय र स्थानमा समूहको दोस्रो मासिक बैठक सञ्चालन गराउने,<br>■ बैठक समूहका अध्यक्षको अध्यक्ष्यतामा सञ्चालन गर्ने र अध्यक्ष अनुपस्थित भएमा उपाध्यक्षको अध्यक्षतामा, उपाध्यक्ष पनि अनुपस्थित भएमा अध्यक्षले तोकेको व्यक्तिको अध्यक्षतामा सञ्चालन गर्ने ।<br>■ समूहको मासिक बैठकको समयमा कम्तीमा पनि दुइतिहाई सदस्यहरुको उपस्थिति हुनुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | ■ सुरुका केही मासिक बैठकहरुमा आयोजनाका तर्फबाट पशु सेवा सामाजिक परिचालक आफै उपस्थित भै सहजीकरण गर्ने ।<br>■ बैठकको निर्णय पुस्तिका तयार पार्न सचिवलाई सिकाउने । | | | |
| | ■ आयोजनाबाट प्रदान गरिने बीउ पुंजीलाई समूहका अध्यक्ष, सचिव र कोषाध्यक्षको नामबाट पाएक पर्ने नजिकको बैंकको शाखामा संयुक्त खाता खोली हितकोषको स्थापना गर्ने । | | | |
| | ■ सदस्यहरुले मासिकरुपमा जम्मा गर्ने हितकोषको रकम लगायत विभिन्न स्रोतहरुबाट समूहलाई प्राप्त हुने रकमहरु सोही खातामा जम्मा गरी आम्दानी जनाउने ।<br>■ कोषाध्यक्षलाई समूहको आम्दानी खर्च विवरण पुस्तिकामा रेकर्ड अद्यावधिक राख्न सिकाउने<br>■ हितकोषको रकम समूहको निर्णयले सदस्यहरुको तत्कालको खाँचो टार्न ऋणको रुपमा सदस्यहरु माझ परिचालन गर्ने । | | | |
| | ■ हितकोषबाट प्रवाह हुनेत्यस्तो ऋणको व्याजदर र अवधि समूहले आफै निर्धारण गरे अनुसार हुने । | | | |
| **वातावरणमा पर्ने असर न्यूनीकरण योजना** | ■ समूह गठन तथा परिचालन गरिदा वातावरणमा नकारात्मक असर नपर्ने । | | | |
| **दिगोपनका लागि योजना र बहिर्गमन रणनीति** | ■ समूहका हरेक सदस्यको क्षमता विकास गर्ने,<br>■ समूहलाई अनिवार्यरुपमा स्थानीय तहमा दर्ता गर्ने,<br>■ समूह गठन तथा परिचालन गर्दा स्थानीय तहका पशु सेवा हेर्ने निकायका प्राविधिकसग समन्वय गर्ने र स्थानीय तहका कृषि तथा पशुपालन कार्यक्रमसँग समूहहरुलाई आबद्ध गराउने,<br>■ समूह सदस्यहरुलाई आवश्यक पर्ने ऋणका लागि स्थानीय तहमा कार्यरत वित्तीय संस्थाहरुसँग जोडने,<br>■ योग्यता पुगेका समूह सदस्यलाई कृषि बीमा अभिकर्ता बनाई पशु बीमालाई प्रवर्द्धन गर्ने र कृषकको जोखिम घटाउने ।<br>■ स्थानीय तहमा कार्यरत पशु विकासको काम गर्ने अन्य संघ संस्थाहरुसँग पनि समूहहरुको समन्वय गराउने, | | | |
| **जिम्मेवारीको तह** | जिम्मेवार | को प्रति उत्तरदायी | समन्वय | जानकारी गराउने |

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | | | | |
|---|---|---|---|---|
| | पशु सेवा सामाजिक परिचालक | योजना अधिकृत, विकेन्द्रीकृत आयोजना सहयोग इकाई | सहकारी विज्ञ, आयोजना व्यवस्थापन कार्यालय | प्रमुख, विकेन्द्रीकृत आयोजना सहयोग इकाई |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| क्रियाकलाप | विषयगत सहकारी संस्था गठन एवं परिचालन |
|---|---|
| क्रियाकलापको कोड नम्बर | **B.1.4 & B.1.5** |
| उद्देश्यहरु | ▪ पशुपालक कृषकहरु रहेको पुंजी, प्रतिभा र सीपलाई पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा व्यावसायिक विकास गर्ने,<br>▪ आयोजनाको कार्यक्रमलाई सहकारीको माध्यमबाट धेरै परिवारसम्म सहजरुपमा पुऱ्याउने,<br>▪ सहकारीको संस्थागत क्षमता बढाई व्यावसायीकरण र बजारीकरण मार्फत पशुपालन क्षेत्रको दिगो विकास गर्ने । |
| अपेक्षित प्रतिफल | ▪ सहकारीको संस्थागत क्षमताको विकास हुने,<br>▪ सदस्य कृषकका साझा आवश्यकताहरुको पहिचान हुने र व्यावसायिक क्षमता बढ्ने,<br>▪ पशुजन्य उत्पादनको बजार पहुच बढ्ने,<br>▪ सहकारीको माध्यमबाट उत्पादनको बजारीकरण गरिने भएकोले यथार्थ मूल्यका लागि कृषकहरुको मोलमोलाई गर्ने क्षमता बढ्ने,<br>▪ स्थानीय तह, स्थानीय तहमा कार्यरत अन्य संस्थाहरु, बीमा कम्पनीहरु तथा वित्तीय संस्थाहरुसम्म सदस्य कृषकहरुको पहुंच बढ्ने,<br>▪ आम्दानीका स्रोतहरुको पहिचान एवम् परिचालन भै संस्था दिगोरुपमा सञ्चालन हुने ।<br>▪ आयोजनाले सञ्चालन गरेका कार्यक्रमहरु मा पारदर्शिता बढ्ने । |
| लक्षित सहभागी | ▪ नयाँ सहकारी गठन गरिएका क्षेत्रमा जुन-जुन समूहलाई एकीकृत गरी सहकारी गठन गरिएको छ ती समूहमा आबद्ध भएर पशुपालन व्यवसाय गरिरहेका कृषकहरु,<br>▪ आयोजनाद्वारा नयाँ गठन गरिएका विषयगत सहकारीका सम्पूर्ण सदस्य कृषकहरु (सहकारीमा समूह भन्दा बाहिरका कृषकहरु पनि समावेश हुन सक्ने) । |
| सहभागी छनौट विधि | ▪ संस्थाको कार्यक्षेत्र भित्र सक्रियरुपमा क्रियाशील रहेका र समूहलाई सहकारीमा परिणत गर्न ईच्छुक पशुपालक कृषक समूहका सदस्य कृषक (गाई, भैंसी, बाख्रा, वा च्यांग्रापालक) परिवारबाट प्रति परिवार एक जनाका दरले सहकारीको सदस्य बन्न सक्ने (समूह भन्दा बाहिरका ईच्छुक कृषकहरु समेत सदस्य बन्न सक्ने),<br>▪ १८ वर्ष उमेर पूरा गरेको साथै पशुपालन व्यवसायमा सक्रियरुपमा लागेको नेपाली नागरिक,<br>▪ सहकारी संस्थाको कम्तीमा पनि एक (१) शेयर (रु १०० को) खरिद गरेको व्यक्ति, |

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | |
|---|---|
| | ▪ संस्थाको विनियममा उल्लिखित शर्तहरु पालना गर्न मञ्जुरी गरेको,<br>▪ संस्थाले गर्ने कारोवारसँग प्रतिस्पर्धा हुने गरी कारोवार नगरिरहेको, |
| | ▪ संस्थाको सदस्य बन्न समिति समक्ष निवेदन दिएको,<br>▪ समान प्रकृतिको काम गर्ने कुनै अर्को संस्थाको सदस्य नबनेको,<br>▪ अर्को सहकारी संस्थाको सदस्य रहेको अवस्थामा उक्त संस्थाको सदस्यता परित्याग गर्न तयार रहेको । |
| **कियाकलाप सञ्चालन स्थल** | यो कियाकलाप समुदाय स्तरमा सञ्चालन गरिने छ । |
| **चाहिने सामग्री र सहयोग** | नयाँ गठन गरिएका विषयगत सहकारीका सञ्चालक तथा कर्मचारीहरुको क्षमता विकासका लागि निम्न तालिमहरु सञ्चालन गर्न उपयुक्त हुनेछः<br>○ सहकारी व्यवस्थापन तालिम,<br>○ सहकारी लेखा प्रणाली सम्बन्धी तालिम,<br>○ सहकारी व्यवसाय योजना तर्जुमा तालिम,<br>○ बीमा अभिकर्ता तालिम,<br>○ सहकारीको उद्देश्य अनुसारका अन्य प्राविधिक तालिमहरु (भैंसी/गाईपालन, बाख्रापालन, च्याङ्ग्रापालन, दूध प्रशोधन तथा डेरी सञ्चालन, मासु पसल सञ्चालन आदि), |
| | प्रारम्भिक तहको सहकारी व्यवस्थापनका लागि सुरुमा एकपटक निम्न सामाग्रीहरुको सहयोग उपलब्ध गराउन सकिने छः<br>○ सहकारीका चार खाताका लागि चाहिने रजिष्टरहरु, माईन्युट बूक आदि,<br>○ स्टेशनरी सामानहरु,<br>○ क्यालकुलेटर/डेस्कटप कम्प्युटर, दराज, टेबुल, कुर्ची सेट,<br>○ सहकारीको प्रकार अनुसारका अत्यावश्यक प्राविधिक यन्त्र, उपकरणहरु । |
| **तरिका, साधन वा चरणहरु** | ▪ एकै ठाउँमा बसोबास गरेका कम्तीमा ३० पशुपालक परिवारहरु आपसमा मिली विषयगत सहकारी संस्था गठन गर्न सक्नेछन् ।<br>▪ त्यसै गरी एकभन्दा बढी सकिय कृषक समूहहरु आपसमा मिली विषयगत सहकारी संस्था गठन गर्न चाहेमा पनि सहकारीका लागि चाहिने सदस्य संख्या पर्याप्त हुनेछ । |

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | |
|---|---|
| | ▪ सहकारी संस्था दर्ताका लागि रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष सहकारी ऐन, २०७४ को अनुसूची १ को ढांचामा दरखास्त दिनु पर्नेछ,<br>▪ सो दरखास्त साथ निम्न कागजातहरु संलग्न गर्नुपर्नेछ:<br>➢सहकारी संस्थाको प्रस्तावित विनियम, |
| | ➢सहकारी ऐन, २०७४ को अनुसूची २ को ढाँचामा सहकारी संस्था सञ्चालनको संभाव्यता अध्ययन प्रतिवेदन,<br>➢सहकारी ऐन, २०७४ को अनुसूची ३ को ढाँचामा सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण,<br>➢प्रारम्भिक भेलाका निर्णयहरु,<br>➢सहकारी ऐन, २०७४ को अनुसूची ४ को ढाँचामा व्यावसायिक कार्य योजना,<br>➢सहकारी ऐन, २०७४ को अनूसूची ५ को ढांचामा सदस्यबाट शेयर पुंजी तथा प्रवेश शुल्क वापत संकलित रकमको भर्पाई,<br>➢सहकारी ऐन, २०७४ को अनुसूची ६ को ढांचामा तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण,<br>➢अनूसूची ७ को ढाँचामा आवेदकहरुको स्वघोषणा पत्र,<br>➢अनूसूची ८ को ढाँचामा अधिकार प्रत्यायोजन पत्र,<br>➢आवेदकहरुले एक दिवसीय पूर्व सहकारी शिक्षा प्राप्त गरेको प्रमाण पत्र,<br>➢आवेदकहरुको नेपाली नागरिकताको प्रमाण पत्र, |
| | ➢आवेदकहरु प्रस्तावित संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेको प्रमाण पत्र,<br>➢आवेदकहरुले संस्थाको कार्ययोजना बमोजिम सेवा उपयोग गर्ने आधार पत्र ।<br>उपरोक्त अनुसारका विवरण सहित सहकारी दर्ताका लागि दरखास्त दिएपछि सबै पूर्वशर्तहरु पूरा भएको अवस्थामा सम्बन्धित अधिकारीले ३० दिन भित्र त्यस्तो सहकारी संस्था दर्ता गरी प्रमाण पत्र दिनेछन् । |
| **वातावरणमा पर्ने असर न्युनीकरण गर्ने योजना** | सहकारी गठनले वातावरणमा नकारात्मक असर नपर्ने । |
| **दिगोपन योजना र बहिर्गमन** | ▪ सहकारीको संस्थागत क्षमता विकास गर्ने,<br>▪ आवधिक व्यावसायिक कार्ययोजना बनाई सोही अनुसार व्यवसाय प्रवर्द्धन गर्ने, |


नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | | | | |
|---|---|---|---|---|
| **रणनीति** | ▪ सहकारी ऐन २०७४ अनुसार संस्था स्थानीय तह अन्तर्गत सञ्चालन हुने भएकाले स्थानीय तहसँग सुमधुर सम्बन्ध विकास गर्ने,<br>▪ वित्तीय पहुंच बढाउन, स्थानीय स्तरमा सञ्चालित वित्तीय संस्थाहरुसँग सम्बन्ध विकास गर्ने,<br>▪ निर्जीवन बीमा कम्पनीहरुसँग समन्वय गरी कृषि बीमा अभिकर्ता तयार गर्ने र आफ्ना सदस्यका पशुको बीमा गराई पशुपालनमा रहेको जोखिम कम गर्ने साथै संस्थाको आम्दानीका दिगो स्रोतहरु सिर्जना गर्ने,<br>▪ स्थानीय स्तरमा सञ्चालित अन्य संस्थाहरुसँग सम्बन्ध विकास गरी संस्था/सदस्यहरुका लागि थप अवसरहरुको सिर्जना गर्ने । | | | |
| **अन्तिम लाभग्राही** | सहकारीमा आबद्ध पशुपालक कृषकहरु । | | | |
| **जिम्मेवारीको तह** | **जिम्मेवार** | **को प्रति उत्तरदायी** | **समन्वय गर्ने** | **जानकारी गराउने** |
| | पशु सेवा सामाजिक परिचालक | योजना अधिकृत, विकेन्द्रीकृत आयोजना सहयोग इकाई | सहकारी विज्ञ, आयोजना व्यवस्थापन कार्यालय | प्रमुख, विकेन्द्रीकृत आयोजना सहयोग इकाई |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| क्रियाकलाप | हर्ड हेल्थ कार्यक्रम-गाई/भैसी |
|---|---|
| क्रियाकलापको कोड | |
| क्रियाकलापको उद्देश्य/हरु | व्यावसायिक गाई तथा भैसी फार्महरुमा बथानको समग्र स्वास्थ्य व्यवस्थापन तरिका प्रदर्शन गर्ने । |
| अपेक्षित प्रतिफल | • पशुपालक कृषक समूह तथा सहकारीका सदस्य कृषकका गाई/भैसी फार्महरुमा स्वास्थ्य व्यवस्थापनका तरिकाहरु प्रदर्शन हुने ।<br>• फार्ममा थुनेलो, निमोनिया लगाएत अन्य रोगहरुको प्रकोप घट्ने ।<br>• फार्महरुको उपचार खर्च घट्ने ।<br>• पशु मृत्युदर घट्ने ।<br>• दूध उत्पादन बढ्ने । |
| लक्षित सहभागी | यो क्रियाकलाप आयोजनासँग सहकार्य गरिरहेका कृषक समूह तथा दूध उत्पादक सहकारी संस्थाहरु मार्फत सञ्चालन गरिने छ । समूह तथा सहकारी संस्थामा आबद्ध रही व्यावसायिकरुपमा गाई भैसी पालन गरिरहेका कृषकहरुलाई यो क्रियाकलापमा सहभागी गराइने छ । |
| सहभागी छनौट विधि | यो क्रियाकलापका सहभागीहरु निम्न आधारमा छनौट गरिने छः<br>• व्यावसायिक गाई, भैसी पालन गर्ने कृषक समूह तथा दूध उत्पादक सहकारी संस्थाका सदश्य कृषक ।<br>• कम्तीमा पनि २ वटा उन्नत वयश्क गाई वा दूध दिने उमेरका वयश्क भैसी पालिएका फार्महरु ।<br>• नियमितरुपमा बजार वा सहकारीमा दूध बिक्री गरिरहेका कृषकहरु । |
| क्रियाकलाप सञ्चालन स्थल | यो क्रियाकलाप समूह वा दूध उत्पादक सहकारी संस्थाका सदस्य कृषकहरुको फार्महरुमा सञ्चालन गरिने छ । |
| चाहिने सामग्री र सहयोग | • प्रत्येक फार्ममा स्वास्थ्य अभिलेख राख्न एक अभिलेख पुस्तिका ।<br>• फार्ममा भएका गाई वा भैसी जातका सबै साना ठूला पशुलाई एक वर्षमा चाहिने खोरेत, भ्यागुते र चरचरे रोग विरुद्ध लगाइने खोप ।<br>• फार्ममा भएका गाई वा भैसी जातका सबै साना ठूला पशुलाई एक वर्षमा चाहिने आन्तरिक तथा बाह्य परजीवी विरुद्ध प्रयोग गरिने औषधी ।<br>• बथानमा भएका सबै दूध दिने पशुलाई एक वर्षसम्म चाहिने थुनेलो रोकथाम गर्न चाहिने औषधी र सो सम्बन्धी अन्य सामग्री । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

**विधि, तरिका वा चरणहरु**

- हर्ड हेल्थ कार्यक्रममा सहभागी हुने इच्छुक कृषक समूह वा दूध उत्पादक सहकारी संस्था छनौट गर्ने र सो सहकारी मार्फत व्यावसायिकरुपमा गाई, भैसी पालन गर्ने कृषकहरु पहिचान गर्ने ।
- एउटा समूह वा सहकारीबाट ५ वटा भन्दा कम र २५ वटा भन्दा बढी फार्मलाई कार्यक्रममा सहभागी नगराउने ।
- सम्भव भएसम्म यो क्रियाकलाप दूध उत्पादक सहकारी संस्थाको साझेदारीमा सञ्चालन गराउने ।
- आयोजनाबाट प्राप्त हुने रोगहरु विरुद्धका खोप तथा परजीवी विरुद्धका औषधीहरु समूह तथा सहकारीमा सेवा पुऱ्याउने प्राविधिक मार्फत पुग्ने शर्त सहित सहभागी सहकारीसँग अग्रिम समझदारी गर्ने ।
- कम्तीमा पनि २ वटा दूध दिने वयश्क गाई, भैसी पालन गर्ने कृषकलाई मात्र कार्यक्रममा सहभागी गराउने ।
- पहिचान गरिएका कृषकहरुको फार्ममा भएका गाई, भैसीको संख्याको अभिलेख लिने ।
- प्रत्येक सहकारीमा कार्यक्रम बारे जानकारी दिन तथा अभिलेख राख्न र थुनेलो रोकथाम प्रदर्शन गर्न एक दिनको अभिमुखीकरण कार्यक्रम राख्ने ।
- कार्यक्रममा सहभागी हुने सबै फार्मका सम्बन्धित सबै पशु (गाई वा भैसी) मा तलको तालिका अनुसार खोप लगाउने तथा परजीवी विरुद्ध औषधी खुवाउने व्यवस्था गर्ने:

| क्रियाकलाप | प्रस्तावित समयावधि | कैफियत |
|---|---|---|
| ठूला पशुलाई आन्तरिक परजीवी विरुद्ध औषधी खुवाउने | प्रत्येक वर्ष दुई पटक फाल्गुण-चैत्र र भाद्र-असोजमा | |
| पाडा बाच्छालाई परजीवी विरुद्ध औषधी खुवाउने | जन्मेको २१ दिनमा पहिलो पटक र ६ महिनासम्म प्रत्येक २ महिनामा गरी ३ पटक | |
| खोरेत विरुद्ध खोप | प्रत्येक वर्ष दुई पटक जेष्ठ-आषाढ र पौष-माघमा | |
| भ्यागुते र चरचरे विरुद्ध खोप | प्रत्येक वर्ष दुई पटक बैशाख-जेष्ठ र मंसीर-पौषमा | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | | | | |
|---|---|---|---|---|
| | थुनेलो रोकथाम (थुन चोपल्ने) | सबै दुहुना गाई, भैसीलाई ब्याएपछि सुरु गरी दूध दुहने अवधि भर | | |
| **वातावरणमा पर्ने असर न्यूनीकरण योजना** | वातावरणमा खासै नकारात्मक असर नपर्ने तर, खोप लगाउन प्रयोग गरिने सिरिञ्ज, सुई तथा खोपका बोतल आदि र परजीवी विरुद्ध प्रयोग गरिने औषधीका खोल तथा बोतलहरु वातावरण मैत्री ढंगले तह लगाउनु पर्ने । | | | |
| **दिगोपन योजना र बहिर्गमन रणनीति** | यो कार्यक्रम दूध उत्पादक सहकारी संस्थासँगको साझेदारीमा सञ्चालन गरिने भएकोले हर्ड हेल्थ कार्यक्रमको नतिजाबाट सहभागी कृषक र सहकारी संस्था दुवैले यसका फाइदाहरु प्रत्यक्ष महसुस गर्नेछन र फार्म स्तरमा वा सहकारी स्तरमा वाह्य सहयोग नभए पनि कार्यक्रमलाई निरन्तरता दिनेछन । | | | |
| **अन्तिम लाभग्राही** | समूह तथा सहकारीका सदस्य कृषकहरु । | | | |
| **जिम्मेवारीको तह** | जिम्मेवार | कोप्रति उत्तरदायी ? | सम्पर्क समन्वय गर्नुपन | जानकारी दिनुपर्ने |
| | पशु सेवा सामाजिक परिचालक | योजना अधिकृत DLSU | आयोजनाको पशु चिकित्सा विज्ञ | DLSU प्रमुख |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

५ हर्ड हेल्थ कार्यक्रम – बाख्रा/च्यांग्रा

| क्रियाकलाप | हर्ड हेल्थ कार्यक्रम - बाख्रा/च्याङ्ग्रा |
|---|---|
| क्रियाकलापको कोड | |
| क्रियाकलापको उद्देश्य/हरु | व्यावसायिक बाख्रा तथा च्याङ्ग्रा फार्महरुमा बथानको समग्र स्वास्थ्य व्यवस्थापन तरिका प्रदर्शन गर्ने । |
| अपेक्षित प्रतिफल | • व्यावसायिक बाख्रा तथा च्याङ्ग्रा फार्महरुमा स्वास्थ्य व्यवस्थापन तरिका प्रदर्शन हुने ।<br>• फार्महरुको पशु स्वास्थ्य खर्च घट्ने ।<br>• फार्ममा रोगहरुको प्रकोप घट्ने ।<br>• पशु मृत्युदर घट्ने ।<br>• बाख्रा तथा च्याँग्राको जीवित तौल बढ्ने । |
| लक्षित सहभागी | यो क्रियाकलाप आयोजनाले गठन गरी परिचालन गरिरहेका वा आयोजनाले सहकार्य गरिरहेका कृषक समूह वा सहकारी संस्थाहरु मार्फत सञ्चालन गरिने छ । कृषक समूह वा सहकारी संस्थामा आबद्ध रही व्यावसायिकरुपमा बाख्रा वा च्यांग्रा पालन गरिरहेका कृषकहरुलाई यो क्रियाकलापमा सहभागी गराइने छ । |
| सहभागी छनौट विधि | यो क्रियाकलापका सहभागीहरु निम्न आधारमा छनौट गरिने छ:<br>• बाख्रा वा च्यांग्रा पालक कृषक समूह वा सहकारी संस्थाका सदश्य कृषक ।<br>• कममा पनि २५ वटा वयश्क पोथी बाख्रा वा च्याँग्रा पालन गरिरहेका कृषकहरु |
| क्रियाकलाप सञ्चालन स्थल | यो क्रियाकलाप बाख्रा वा च्याँग्रा पालक कृषक समूह वा सहकारी संस्थाका सदश्य कृषकहरुको फार्ममा सञ्चालन गरिने छ । |
| चाहिने सामग्री र सहयोग | • फार्ममा राखिने स्वास्थ्य अभिलेख पुस्तिका ।<br>• फार्ममा भएका बाख्रा वा च्याँग्रा जातिका सबै साना ठूला पशुलाई एक वर्षमा चाहिने खोरेत तथा PPR रोग विरुद्ध लगाइने खोप ।<br>• फार्ममा भएका बाख्रा वा च्याँग्रा जातिका सबै साना ठूला पशुलाई एक वर्षमा चाहिने आन्तरिक तथा वाह्य परजीवी विरुद्ध प्रयोग गरिने औषधी ।<br>• औषधी प्रयोग गर्न चाहिने सिरिञ्ज, सुई, कपास आदि सामग्री । |
| विधि, तरिका वा चरणहरु | • हर्ड हेल्थ कार्यक्रममा सहभागी हुने इच्छुक समूह वा सहकारी संस्था छनौट गर्ने र व्यावसायिकरुपमा बाख्रा वा च्यांग्रा पालन गर्ने कृषकहरु पहिचान गर्ने । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

- प्रति समूह वा सहकारी ५ भन्दा कम फार्म र २५ वटा भन्दा बढी फार्मलाई कार्यक्रममा सहभागी नगराउने ।
- आयोजनाबाट प्राप्त हुने रोगहरु विरुद्धका खोप तथा परजीवी विरुद्धका औषधीहरु सहकारीमा सेवा पुर्‍याउने प्राविधिक वा स्थानीय तहमा कार्यरत प्राविधिकहरु मार्फत पुग्ने व्यवस्था गर्ने ।
- कम्तीमा पनि २५ वटा वयश्क पोथी बाख्रा वा च्याँग्रा पालन गर्ने कृषकलाई मात्र कार्यक्रममा सहभागी गराउने ।
- पहिचान गरिएका कृषकहरुको फार्ममा भएका बाख्रा वा च्याँग्राको संख्याको अभिलेख लिने ।
- प्रत्येक समूह वा सहकारीमा कार्यक्रम बारे जानकारी दिन तथा अभिलेख राख्न सिकाउन एक दिनको अभिमुखीकरण कार्यक्रम राख्ने ।
- कार्यक्रममा सहभागी हुने सबै फार्मका सम्बन्धित सबै पशु (बाख्रा वा च्याँग्रा) मा तलको तालिका अनुसार खोप लगाउने तथा परजीवी विरुद्ध औषधी खुवाउने व्यवस्था गर्ने:

| क्रियाकलाप | प्रस्तावित समयावधि | कैफियत |
|---|---|---|
| वयश्क पशुलाई आन्तरिक परजीवी विरुद्ध औषधी खुवाउने | प्रत्येक वर्ष तीन पटक बैशाख-जेठ, भाद्र-असोज, र पौष-माघ | |
| पाठा पाठीलाई परजीवी विरुद्ध औषधी खुवाउने | जन्मेको २ महिना र ४ महिनामा | |
| खोरेत विरुद्ध खोप | प्रत्येक वर्ष दुई पटक जेष्ठ-आषाढ र पौष-माघमा | |
| PPR विरुद्ध खोप | विगत वर्षमा खोप नलागेका बाख्रा वा च्याँग्रालाई एक पटक | |
| वाह्य परजीवी नियन्त्रण | वर्षमा दुई पटक | |

| | |
|---|---|
| **वातावरणमा पर्ने असर न्यूनीकरण योजना** | यो क्रियाकलापबाट वातावरणमा खासै नकारात्मक असर नपर्ने तर खोप लगाउन प्रयोग गरिने सिरिञ्ज, सुई तथा खोपका बोतल आदि र परजीवी विरुद्ध प्रयोग गरिने औषधीका खोल तथा बोतलहरु वातावरण मैत्री ढंगले तह लगाउनु पर्ने । |

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | | | | |
|---|---|---|---|---|
| **दिगोपन योजना र वहिर्गमन रणनीति** | यो कार्यक्रम समूह वा सहकारी संस्थासँगको साझेदारीमा सञ्चालन गरिने भएकोले हर्ड हेल्थ कार्यक्रमको नतिजाबाट सहभागी कृषक र सहकारी संस्था दुबैले यसका फाइदाहरु प्रत्यक्ष महसुस गर्नेछन र फार्म स्तरमा वा सहकारी स्तरमा वाह्य सहयोग नहुदा पनि कार्यक्रमलाई निरन्तरता दिनेछन । | | | |
| **अन्तिम लाभग्राही** | सहकारीका सदश्य कृषकहरु । | | | |
| **जिम्मेवारीको तह** | जिम्मेवार | कोप्रति उत्तरदायी ? | सम्पर्क समन्वय गर्नुपर्ने | जानकारी दिनुपर्ने |
| | पशु सेवा सामाजिक परिचालक | योजना अधिकृत DLSU | आयोजनाको पशु चिकित्सा विज्ञ | DLSU प्रमुख |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

## ५ मुस्ताङ्ग तथा मनाङ्ग जिल्लामा हे साइलेज ढुवानी सहयोग

| क्रियाकलाप | मुस्ताङ्ग तथा मनाङ्ग जिल्लामा हे साइलेज ढुवानी सहयोग |
|---|---|
| क्रियाकलापको कोड | B2.6.1 |
| क्रियाकलापको उद्देश्य/हरु | विषम हावापानीको कारणले गर्दा पशु आहाराको अत्यन्त कमी हुने मुस्ताङ्ग र मनाङ दुई जिल्लामा पशु आहाराको आपूर्ति गरी त्यहाँका कृषकहरुलाई पशुपालन पेशामा टिकाई राख्न प्रदर्शनको लागि बाहिरी जिल्लाबाट साइलेज र हे ढुवानी गर्न सहयोग गर्ने । |
| **अपेक्षित प्रतिफल** | • विषम हावापानी हुने दुई जिल्लामा विशेष गरी हिउदयाममा पशु आहारा उपलब्ध हुने ।<br>• साइलेज प्रयोग गर्ने तरिका प्रदर्शन हुने ।<br>• च्यांग्राको संख्या र उत्पादत्व तथा उत्पादन वृद्धि हुने ।<br>• आहारा आपूर्ति गर्ने कठिनाईले गर्दा बढी च्याँग्रा पाल्न नसकिरहेका कृषकले बढी संख्यामा च्यांग्रापालन गर्ने । |
| **लक्षित सहभागी** | यो क्रियाकलाप मुस्ताङ्ग र मनाङ जिल्लाका च्यांग्रापालक कृषक समूह र सहकारी संस्था मार्फत सञ्चालन गरिने छ र समूह तथा सहकारीमा आबद्ध च्याँग्रापालक कृषकहरुलाई लक्षित गरी सञ्चालन गरिने छ । |
| **सहभागी छनौट विधि** | हे, साइलेज ढुवानी कार्यक्रम सञ्चालन गर्दा बढी संख्यामा च्याँग्रापालन गर्ने र बढी संख्यामा महिला, जनजाति तथा दलित सदस्यहरु हुने समूह तथा सहकारीलाई प्राथमिकता दिई सञ्चालन गरिने छ । |
| **क्रियाकलाप सञ्चालन स्थल** | यो क्रियाकलाप तुलनात्मकरुपमा पशु आहारा कम हुने क्षेत्रका समूह तथा सहकारीहरुमा सञ्चालन गरिने छ । |
| **चाहिने सामग्री र सहयोग** | • छानिएका समूह वा सहकारीले तोकिएको ठाँउबाट हे, साइलेज खरिद गरी समूह वा सहकारी भएको गाँउसम्म पुऱ्याएको प्रमाणित भएपछि सो परिमाणको हे, साइलेजको लागि पूर्व निर्धारित दरको बढीमा पचास प्रतिशत ढुवानी खर्च अनुदान आपूर्तिकर्तालाई उपलब्ध गराउने ।<br>• समूह, सहकारीका सदश्यलाई हे, साइलेज भण्डारण तथा प्रयोग विधि सिकाउने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । |
| **विधि, तरिका वा चरणहरु** | क). हे, साइलेज खरिद गरी प्रयोग गर्ने कृषक समूह वा सहकारीहरु पहिचान गर्ने र कृषकले कति साइलेज खरिद गर्ने हो विवरण संकलन गर्ने ।<br>ख) पहिचान गरिएका कृषक समूह, सहकारी र समितिका सदश्यहरुसँग हे, साइलेज खुवाउनलाई भएका बाखा र च्यांग्राको संख्या पर्याप्त भए नभएको एकिन गर्ने ।<br>ग) कृषकहरुले खरिद गर्ने साइलेजको परिमाण एकिन भएपछि जिल्लाको स्वीकृत ढुवानी दररेटको आधारमा पोखराबाट मुस्ताङ्ग र मनाङसम्म ढुवानी अनुदान दिई पुयाउन सकिने साइलेजको परिमाण एकिन गर्ने ।<br>घ) साइलेजको माग बढी र ढुवानी अनुदान सहयोग गर्ने बजेट कम भएको अवस्थामा जिल्लाको पशु संख्याको आधारमा ढुवानी गरिने कूल परिमाणको ७५ प्रतिशत मुस्ताङ्ग र २५ प्रतिशत मनाङको लागि छुट्टयाउने । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

<table>
<tr><td></td><td colspan="4">ङ) विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालय, पोखराले सार्वजनिक सूचना प्रकाशित गरी साइलेज आपूर्ति गर्न इच्छुक दर्तावाल साइलेज उत्पादक, एग्रोभेट, सामग्री आपूर्तिकर्ता आदिबाट पोखरा र मुस्ताङ्ग तथा मनाङमा कुन दरमा आपूर्ति गर्न सक्ने हो दरभाउपत्र माग गर्ने ।<br>च) प्राप्त दरभाउ पत्रहरुको मूल्याङ्कन गरी सबै भन्दा कम मूल्यमा मुस्ताङ्ग र मनाङ जिल्लाको तोकिएको ठाउमा साइलेज आपूर्ति गर्ने र पोखराबाट मुस्ताङ्ग र मनाङसम्मको कम ढुवानी भाडा माग गर्ने आपूर्तिकर्तालाई छनौट गरी चालू वर्षको कार्तिक महिना भित्र तोकिएको ठाँउबाट निर्धारित दरमा साइलेज बिक्री गर्ने गरी सम्झौता गर्ने ।<br>छ) आपूर्तिकर्ताले सम्झौताका शर्त बमोजिमको गुणस्तर र परिमाणमा साइलेज तोकिएको स्थानसम्म पुऱ्याए नपुऱ्याएको र कृषकहरुलाई बिक्री गरे नगरेको अनुगमन प्रदेश सरकार मातहतको पशु सेवा हेर्ने जिल्ला स्थित कार्यालय र/वा स्थानीय तहको पशु सेवा हेर्ने निकाय र आयोजनाबाट नियुक्त पशु सेवा सामाजिक परिचालकले गर्ने ।<br>ज) साइलेज आपूर्तिकर्ताले साइलेज बिक्री गरेको अभिलेख पशु सेवा सामाजिक परिचालक तथा सो कार्यक्रमको अनुगमन गर्ने प्रदेश सरकार मातहतको पशु सेवा हेर्ने जिल्ला स्थित निकाय वा स्थानीय तहको पशु सेवा हेर्ने निकायको सिफारिस सहति पेश गरेपछि मात्र विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयबाट सम्झौता बमोजिमको ढुवानी अनुदान सहयोग रकम आपूर्तिकर्तालाई भुक्तानी गर्ने ।</td></tr>
<tr><td>वातावरणमा पर्ने असर न्यूनीकरण योजना</td><td colspan="4">तयारी साइलेज बाहिर जिल्लाबाट ल्याएर प्रयोग गर्दा वातावरणमा नकारात्मक असर नपर्ने बरु पशुहरुले आहाराका स्थानीय स्रोतको कम उपयोग गर्ने भएकोले स्थानीय वातावरणको संरक्षण हुने ।</td></tr>
<tr><td>दिगोपन योजना र बहिर्गमन रणनीति</td><td colspan="4">आयोजना समाप्त भएपछि ढुवानी सहयोग उपलब्ध नहुदा साइलेज महंगो भई कृषकले प्रयोग नगर्ने सम्भावना भए पनि यो एक प्रकारको प्रदर्शन कार्यक्रम भएकोले साइलेज प्रयोग फाइदाजनक भएमा कृषकहरुले साइलेज प्रयोगलाई निरन्तरता दिने अपेक्षा गरिएको छ । यसको साथै यी दुबै जिल्लासम्म पुग्ने सडकको स्तरोन्नती भइरहेकोले भविक्ष्यमा ढुवानी खर्च घट्ने सम्भावना समेत रहेकोले<br>आयोजना पश्चात पनि कृषकहरुले साइलेज उपयोगलाई जारी राख्ने अपेक्षा गरिएको छ ।</td></tr>
<tr><td>अन्तिम लाभग्राही</td><td colspan="4">समूह, सहकारीका सदस्य कृषकहरु ।</td></tr>
<tr><td rowspan="2">जिम्मेवारीको तह</td><td>जिम्मेवार</td><td>कोप्रति उत्तरदायी</td><td>सम्पर्क समन्वय</td><td>जानकारी दिनुपर्ने</td></tr>
<tr><td>पशु सेवा सामाजिक परिचालक</td><td>DLSU प्रमुख</td><td>आयोजनाको चरन तथा घास विज्ञ</td><td>Team Leader-TA Team</td></tr>
</table>

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

## ६ नर्सरी व्यवस्थापन तालिम र नर्सरी स्थापना सहयोग

| क्रियाकलाप | नर्सरी व्यवस्थापन तालिम र नर्सरी स्थापना सहयोग |
|---|---|
| क्रियाकलापको कोड | B.2.6.5 |
| क्रियाकलापको उद्देश्य/हरु | समूह, सहकारी तथा सामूदायिक वन उपभोक्ता समितिहरुमा नर्सरी स्थापना गराई डाले तथा भुई घाँसको बीउ, बेर्ना, सेट आदि उत्पादन गराउने । |
| अपेक्षित प्रतिफल | • समूह, सहकारी तथा सामूदायिक वन उपभोक्ता समितिहरुमा डाले घाँसका नर्सरीहरु स्थापना हुने ।<br>• डालेघाँसको बेर्ना, बीउ तथा भुई घाँसका सेट आदि उपलब्ध हुने ।<br>• घाँसमा आधारित पशुपालन बढ्ने तथा दूध र मासुको उत्पादन लागत घट्ने । |
| लक्षित सहभागी | नर्सरी सञ्चालन गर्न इच्छुक र आवश्यक सिचाई सुविधा तथा अन्य पूर्वाधार सहितको जग्गा हुने कृषक । |
| सहभागी छनौट विधि | नर्सरी व्यवस्थापन तालिममा सहभागी हुने कृषक समूह वा सहकारी संस्था मार्फत छनौट गराउने<br>तालिमका सहभागी छनौट गर्दा महिला तथा जनजातिलाई प्राथमिकता दिईने । |
| क्रियाकलाप सञ्चालन स्थल | यो तालिम DLSU ले तोकेको प्रयोगात्मक कक्षाहरु सञ्चालन गर्ने सुविधा भएको कुनै पायक पर्ने स्थानमा सञ्चालन हुनेछ । |
| चाहिने सामग्री र सहयोग | • तालिम सञ्चालन गर्नको लागि स्टेसनरी- बोर्ड, चार्ट पेपर, मार्कर आदि ।<br>• ल्यापटप, मल्टिमिडिया प्रोजेक्टर ।<br>• नर्सरी तालिमको व्यावहारिक ज्ञानको लागि चाहिने जग्गा ।<br>• मल, पोलीव्याग, टेप आदि ।<br>• सिंचाईको लागि झारी तथा पाइप ।<br>• कुटो, कोदालो आदि ।<br>• हांगा cutting को लागि Secateurs आदि ।<br>• पोलिथिन ब्याग ।<br>• मल्चीङ गर्ने सामान ।<br>• घाँस तथा डाले घाँसका बीउ, सेट आदि ।<br>• बीउ भण्डार गर्ने मेटल विन । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

## तालिम

- तालिम अवधि ६ कार्य दिनको हुने ।
- पालिका, जिल्ला वा DLSU स्तरमा तालिम सञ्चालन गर्ने स्थान छनौट गर्ने ।
- प्रत्येक तालिमको लागि १५ देखि २५ सहभागी छनौट गर्ने ।
- समूह वा सहकारीवाट नै कृषक छनौट गराई तालिममा सहभागी गराउने ।
- प्रशिक्षकको रुपमा जिल्ला वा पालिका स्तरमा सरकारी वा निजी क्षेत्रमा उपलब्ध विज्ञ तथा DLSU मा कार्यरत विषय विज्ञहरुलाई प्रयोग गर्ने ।
- तालिमको विषयबस्तु निम्नानुसार हुनसक्ने:

1. Scope, importance and objectives of nursery.
2. Basic requirements of a nursery and site selection
3. Managing farm tools, equipment and accessories
4. Field lay-out and design for a good nursery establishment
5. Selecting species for various purposes: fuel, fodder/grass, ornament, fruit, vegetables etc.)
6. Tree planting for fencing and windbreaks
7. Water management for a regular supply of irrigation
8. Making compost pits and compost preparation
9. Construction of a plastic house for controlled environment
10. Raising of nursery beds and hot bed preparation
11. Methods of soil treatment
12. Managing C:N ratio and improving soil environment
13. Soil life, plant nutrients and nutrient deficiencies
14. Filling of poly-pots and its alternatives
15. On-farm soil monitoring methods
16. Seed characteristics and depth of sowing or planting
17. Transplanting and hardening of seedlings
18. Methods of vegetative propagation and techniques of cuttings and stump preparation
19. Mulching, training, pruning, trimming, thinning and other intercultural operations



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

20. Preparation of bio-pesticides and its use for controlling insect-pests and diseases
21. Environmental friendly precautions and safety measures
22. Business plan for regular supply of seedlings and saplings
23. Marketing and sale of nursery products

**नर्सरी स्थापना**

- तालिम समाापन पश्चात तालिम सहभागीलाई नर्सरी स्थापना तथा सञ्चालन गर्न निम्न सामग्रीहरुको सहयोग गरिने छः

| Support to Nursery: Proposed Items | | | | |
|---|---|---|---|---|
| Item | Unit | Quantity | Estimated Unit price (Rs) | Estimated cost (rs) |
| Secateurs | Number | 1 | 1000 | 1000 |
| Budding knife | number | 1 | 450 | 450 |
| Coco pit tray | Number | 4 | 250 | 1000 |
| Poly pot | Kg | 2 | 350 | 700 |
| Silpolin/plastic | Meter | 5 | 350 | 1750 |
| Drum (50 lit) | Pice | 1 | 500 | 500 |
| Measuring tape | Number | 1 | 150 | 150 |
| Grafting tape | Piece | 1 | 500 | 500 |
| Watering can (5, 10 lit) | Number | 1 | 600 | 600 |
| Rootex hormone | Piece | 1 | 150 | 150 |
| Nursery net | Meter | 5 | 450 | 2250 |
| Hand sprayer (2 Lit) | Piece | 1 | 400 | 400 |
| Sprinkler | piece | 2 | 200 | 400 |
| | | | | **9850** |

नर्सरी सञ्चालकको योजना, स्थान विशेषको आवश्यकता र बजेटको उपलब्धता हेरेर माथि उल्लेख गरिएका बाहेक अन्य औजार, उपकरण तथा बीउ लगायत सामग्रीको सहयोग गर्न सकिने छ ।



नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | | | | |
|---|---|---|---|---|
| **वातावरणमा पर्ने असर न्यूनीकरण योजना** | डालेघाँस नर्सरी स्थापना गर्दा वातावरणमा सुधार हुने र नकारात्मक असर नपर्ने । तालिमकोक्रममा उत्पादन हुने फोहरलाई उपयुक्त तरिकाले व्यवस्थापन गर्न सिकाइने । | | | |
| **दिगोपन योजना र बहिर्गमन रणनीति** | उत्पादन भएको बेर्ना आयोजनाको कार्यक्रम अन्तर्गत प्रयोग हुने | | | |
| | व्यवस्था गर्ने र अग्रिम खरिद सम्झौता गर्ने । आयोजनाले खरिद गरी समूह, सहकारीमा वितरण गर्ने व्यवस्था नभएको अवस्थामा कृषकले खरिद गर्न प्रोत्साहित गर्ने । यस प्रकार नर्सरी व्यवसायीले आम्दानी गर्नेछन र आयोजनाको समाप्ती पछि पनि नर्सरी व्यवसायले निरन्तरता दिनेछन । | | | |
| **अन्तिम लाभग्राही** | कृषक समूह, सहकारीका सदस्यहरु । | | | |
| **जिम्मेवारीको तह** | जिम्मेवार | कोप्रति उत्तरदायी ? | सम्पर्क समन्वय गर्नुपर्ने | जानकारी दिनुपर्ने |
| | Pasture & Fodder Specialist | DLSU प्रमुख | | Team leader<br>TA team |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

## ७ कवुलियती जमिनमा घाँस विकास जिल्ला स्तरीय गोष्ठी

| क्रियाकलाप | कवुलियती जमिनमा घाँस विकास जिल्ला स्तरीय गोष्ठी |
|---|---|
| क्रियाकलापको उद्देश्य/हरु | गाँउ तथा नगरपालिकाका सम्बन्धित पदाधिकारीहरुलाई पशु आहाराको महत्व बुझाउने र सरकारी स्वामित्वको सार्वजनिक जमिन कृषक समूह तथा सहकारीहरुलाई चरन विकास गर्न तथा हिउँदे, वर्षे वा वहुवर्षीय घाँस/डाले घाँस खेती विस्तार गर्न दिने नीति तथा कार्यक्रम प्रवर्द्धन गराउने । |
| अपेक्षित प्रतिफल | • स्थानीय सरकारका सम्बद्ध पदाधिकारीहरु:<br>▪ पशु आहारा आपूर्तिको महत्व बारे जानकार हुने ।<br>▪ चरन विकास र घाँस/डाँले घास खेतीको महत्व महशुस गर्ने ।<br>• स्थानीय सरकारहरुले आफ्नो स्वामित्वको जमिन घाँस खेती बिस्तारको लागि कवुलियतमा प्रदान गर्ने नीति तथा नियमहरु तर्जुमा हुने ।<br>• पर्ती सार्वजनिक जमिनको उपयोग बढ्ने ।<br>• पशु आहाराको उपलब्धता बढ्ने । |
| लक्षित सहभागी | आयोजनाको कार्यक्षेत्रका गाँउ तथा नगरपालिकाका पदाधिकारीहरु, वन तथा पशु विकास क्षेत्रमा कार्यरत स्थानीय तहका कर्मचारीहरु, सामुदायिक वन क्षेत्रमा काम गर्ने संघसंस्थाहरु र कृषक समूह, सहकारीका प्रतिनिधिहरु । |
| समावेशी सहभागी छनौट विधि | गोष्ठीका सहभागी कृषक समूह तथा सहकारीका प्रतिनिधिहरु आमन्त्रण गर्दा महिला प्रतिनिधिलाई प्राथमिकता दिई आमन्त्रण गरिने छ । |
| क्रियाकलाप सञ्चालन स्थल | यो गोष्ठी जिल्ला स्तरीय हुने छ र जिल्ला सदरमुकाम वा पाएक पर्ने अर्को कुनै स्थानमा सञ्चालन गरिनेछ । |
| चाहिने सामग्री र सहयोग | • गोष्ठी सञ्चालनको लागि आवश्यक नोट प्याड, कलम, ब्राउन पेपर, चार्ट पेपर, मार्कर, फाएल आदि स्टेशनरी सामाग्री ।<br>• ह्वाइट बोर्ड, मल्टि मिडिया तथा ल्यापटप ।<br>• गोष्ठी सञ्चालन गर्न उपयुक्त सुबिधा सहितको सभाकक्ष । |
| तरिका, साधन वा चरणहरु | • गोष्ठी एक दिनको हुने ।<br>• गोष्ठीमा जिल्ला भित्रका सबै स्थानीय तहका सम्भव भएसम्म निर्वाचित जिम्मेवार प्रतिनिधिहरुलाई सहभागी गराउने ।<br>• जिल्ला स्तरमा कार्यरत वन तथा पशु विकाससँग सम्बन्धित संघ, प्रदेश तथा स्थानीय सरकारका कार्यालयका प्रतिनिधिहरुलाई पनि सहभागी गराउने ।<br>• छनौट गरिएका कृषक समूह वा सहकारी तथा सामुदायिक वन उपभोक्ता समितिका प्रतिनिधिहरु र अन्य सरोकारवालाहरुलाई पनि सहभागी गराउने ।<br>• गोष्ठीका सहभागीको संख्या कम्तीमा २० र बढीमा ४० हुनुपर्ने । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | |
|---|---|
| | • गोष्ठीमा निम्न सान्दर्भिक विषयहरुमा कार्यपत्र प्रस्तुत गरी छलफल गर्ने:<br>➢ पशुपालनमा आहाराको महत्व, नेपालमा पशु आहाराका स्रोत, आहारा आपूर्तिका चुनौती तथा अवसरहरु<br>➢ सार्वजनिक जमिनमा घास खेती तथा चरन विकास सम्बन्धी नीतिगत व्यवस्था<br>➢ सार्वजनिक जमिनमा घाँस खेती विकास र पशु आहारा आपूर्तिका तरिकाहरु<br>➢ सार्वजनिक जमिनमा घाँस खेती प्रबर्द्धनमा स्थानीय तहको भूमिका<br>• कार्यपत्रहरु सम्बन्धित क्षेत्रका विज्ञले तयार तथा प्रस्तुत गर्ने ।<br>• गोष्ठी सञ्चालन गर्दा छलफल र समूह कार्यलाई प्राथमिकता दिने । |
| **वातावरणमा पर्ने असर न्यूनीकरण योजना** | घाँस खेतीले वातावरणमा सुधार हुने र नकारात्मक असर नपर्ने । |
| **दिगोपन योजना र बहिर्गमन रणनीति** | सार्वजनिक जमिन कबुलियतमा दिई घाँस खेती विस्तार गराउने नीति तथा कार्यक्रम स्थानीय सरकारहरुले तर्जुमा गरेमा र सो अनुसार कार्यक्रम सञ्चालन भएमा त्यसबाट प्राप्त हुने प्रतिफलले कृषकहरु लाभान्वित हुने र सो कार्यले निरन्तरता पाउने । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

## ८ घाँसको बीउ उत्पादन करार खेती सहयोग

| क्रियाकलाप | घाँसको बीउ उत्पादन करार खेती सहयोग |
|---|---|
| क्रियाकलापको कोड | B2.6.1 |
| क्रियाकलापको उद्देश्य/हरु | समूह, सहकारी, सामूदायिक वन उपभोक्ता समितिहरुसँगको सहकार्यमा हिउदे, वर्षे र बहुवर्षीय विभिन्न घाँसहरुको बीउ उत्पादन गरी घाँस खेती बिस्तार गराउने तथा पशु आहारा आपूर्तिमा सुधार ल्याउने । |
| अपेक्षित प्रतिफल | • घाँसको बीउको उपलब्धता सहज हुने ।<br>• घाँस खेतीको बिस्तार हुने ।<br>• पशुजन्य उत्पादन बढ्ने र दूध तथा मासुको उत्पादन लागत घट्ने ।<br>• बीउ उत्पादन गर्ने कृषक, कृषक समूह र सहकारीहरुको आय स्रोतमा वृद्धि हुने । |
| लक्षित सहभागी | यो क्रियाकलाप कृषक समूह, सहकारी वा सामूदायिक वन उपभोक्ता समितिहरु मार्फत सञ्चालन गरिने छ । कृषक समूह, सहकारी र समितिका सदस्यहरु बाहेक अन्य इच्छुक कृषकलाई समेत यो कार्यक्रममा सहभागी गराउन सकिने छ । |
| सहभागी छनौट विधि | बीउ उत्पादन गरिने घाँस खेतीको प्राविधिक सम्भाव्यता हेरी सहभागी छनौट गर्दा महिला, जनजाति तथा दलित सदश्यहरुलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिने छ । |
| क्रियाकलाप सञ्चालन स्थल | यो क्रियाकलाप समूह, सहकारीका सदस्यहरुको खेतबारी, विद्यालय, मन्दिर तथा संघसंस्था आदिको स्वामित्वको सार्वजनिक जमिन वा सामुदायिक वन क्षेत्रमा सञ्चालन गरिने छ । |
| चाहिने सामग्री र सहयोग | • बीउ उत्पादन गरिने घाँसको आवश्यक परिमाणमा मूल बीउ वा प्रमाणित बीउ ।<br>• समूह, सहकारीका सदस्यलाई घाँसको बीउ उत्पादन गर्ने प्रविधि सिकाउने तालिम ।<br>• घाँसको बीउ उत्पादन तथा प्रशोधनमा चाहिने औजार, उपकरण र अन्य सामग्री । |
| विधि, तरिका वा चरणहरु | • घाँसको बीउ उत्पादनमा सहभागी हुने कृषक, कृषक समूह वा सहकारी तथा कृषक समूह, सहकारीका सदस्यहरु पहिचान गर्ने ।<br>• पहिचान गरिएका कृषक वा कृषक समूह, सहकारी र समितिका सदस्यहरुसँग बीउ उत्पादन गर्न घाँस खेती गर्ने उपयुक्त र पर्याप्त जमिन भएको एकिन गर्ने ।<br>• सामुदायिक वन क्षेत्रमा लगाईने घाँसको हकमा घाँस खेती गर्न उपयुक्त वन क्षेत्र छ छैन र सामुदायिक वनको कार्य योजनामा घाँस खेती गर्ने उद्देश्य छ छैन एकिन गर्ने । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

● घाँसको जाति अनुसार यस कार्यक्रम अन्तर्गत खेती गरिनु पर्ने न्यूनतम क्षेत्रफल र एक कृषक, समूह वा समितिले उत्पादन गर्नुपर्ने न्यूनतम बीउको परिमाण तल तालिकामा देखाए अनुसार हुने:

| क्र.सं. | घाँस | बीउ दर प्रति हेक्टर (के.जी.) | घाँस खेती गरिनु पर्ने न्यूनतम क्षेत्र ( हेक्टर) | उत्पादन गरिनु पर्ने न्यूनतम बीउ (मे.ट.) |
|---|---|---|---|---|
| १ | हिउदे घाँस | | | |
| १.१ | जै | १००-१२० | ५ | १५ |
| १.२ | बर्सिम | २०-२५ | ५ | २.५ |
| १.३ | भेच | ३५-४० | ५ | ५.० |
| १.४ | लुसर्न | २०-२५ | ५ | १.५ |
| २ | बर्षे घाँस | | | |
| २.१ | टियोसेन्टी | ३५-४० | ५ | ५.० |
| २.२ | बाजरा | १०-१२ | ५ | १.० |
| ३ | बहुवर्षीय घाँस | | | |
| ३.१ | स्टाइलो | ४-५ | १० | १०.० |
| ३.२ | राई ग्रास | १०-१२ | ५ | १.० |
| ३.३ | डिस्मोडिअम | २-३ | ५ | २.५ |
| ३.४ | ह्वाइट क्लोभर | ३-५ | ५ | १.५ |
| ३.५ | कोते | १२-१५ | ५ | १.५ |

● कृषक, समूह वा सहकारीसग घाँसको बीउ उत्पादन गर्दा आयोजनाले गर्ने र कृषक, समूह, सहकारी वा समितिले गर्ने कामको जिम्मेवारी तोकेर करार सम्झौता गर्ने ।

● घाँस खेती गरिने समय अगावै घाँसको बीउ उत्पादनमा सहभागी हुने कृषकहरुलाई ६ कार्य दिनको बीउ उत्पादन तालिम आयोजना गर्ने ।

● आवश्यक परिमाणमा बीउ तथा अन्य सामग्री खरिद गर्ने ।

● तल उल्लेख गरिएकामध्य आवश्यक औजार, उपकरण र सामग्रीको सहयोग गर्ने:

✓ रासायनिक मल र औषधीहरु ।

✓ स्प्रेयर ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | |
|---|---|
| | ✓ आवश्यक भएको स्थानमा पानी तान्ने मोटर र पाइप ।<br>✓ आवश्यकता र औचित्यताको आधारमा थ्रेसिङ्ग ल्फोर निर्माणमा सहयोग ।<br>✓ थ्रेसिङ्ग गर्न र बीउ सुकाउन आवश्यक लम्बाई तथा चौडाईका बलियो त्रिपाल/हरु ।<br>✓ Fumigation sheet<br>✓ थ्रेसर मेशिन ।<br>✓ तौल मेशिन ।<br>✓ ग्रेडर मेशिन ।<br>✓ बीउ भण्डारण गर्ने मेटल बीन वा हर्मेटिक ब्यागहरु ।<br>✓ बीउ भण्डारण गर्ने छपाई गरिएका बोरा ।<br>✓ बोरा सिलाउने हाते sealer.<br>✓ Moisture meter.<br>✓ Room thermometer.<br>• घाँस खेती गर्ने क्रममा आयोजनाका विज्ञले स्थलगत भ्रमण गरी सहयोग गर्ने ।<br>• बीउ तयार भएपछि बीउ प्रशोधन तथा भण्डारण सम्बन्धी तालिम आयोजना गर्ने ।<br>• उत्पादन हुने बीउको परिमाण, उपलब्ध बजेट र स्थान विशेषको आवश्यकताको आधारमा माथि उल्लेख गरिएका मध्य उपयोगी औजार उपकरणहरुको सहयोग गर्ने । |
| **वातावरणमा पर्ने असर न्यूनीकरण योजना** | घाँस खेतीले हरियाली बढ्ने र वातावरणमा नकारात्मक असर नपर्ने बरु वातावरण सुधार हुने । |
| **दिगोपन योजना र बहिर्गमन रणनीति** | करार खेती अन्तर्गत उत्पादन भएको घाँसको बीउ खरिद गरेर आयोजनाको कार्यक्रम अन्तर्गत अन्य समूह वा सहकारीका सदस्य कृषकहरुलाई वितरण गरिने छ । यसले गर्दा बीउ उत्पादकहरुले प्रविधि सिक्नेछन र बीउ बिक्रीबाट आम्दानी भएपछि बीउ उत्पादनलाई निरन्तरता दिनेछन भने आयोजनाबाट बितरित बीउ प्रयोग गरी घाँस खेती गर्ने कृषकहरुले घाँस खेतीको महत्व थाहा पाउने छन ।<br><br>यसको नतिजास्वरुप आयोजना पश्चात पनि घाँसको बीउको उत्पादन र उपयोग जारी रहने छ । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | | | | |
|---|---|---|---|---|
| **अन्तिम लाभग्राही** | समूह, सहकारीका सदश्य कृषकहरु । | | | |
| **जिम्मेवारीको तह** | जिम्मेवार | कोप्रति उत्तरदायी ? | सम्पर्क समन्वय गर्नुपर्ने | जानकारी दिनुपर्ने |
| | पशु सेवा सामाजिक परिचालक | DLSU प्रमुख | आयोजनाको चरन तथा घाँस विज्ञ | Team Leader- TA Team |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

९ घाँसको बीउ वितरण

| क्रियाकलाप | घाँसको बीउ वितरण |
|---|---|
| क्रियाकलापको कोड | B.2.6.3 |
| क्रियाकलापको उद्देश्य/हरु | • कृषक समूह वा सहकारीका सदश्यहरुलाई हिउंदे, वर्षे र बहुवर्षीय घाँसको बीउ वितरण गर्ने । <br> • घाँस खेती विस्तार गरी पशु आहारमा सुधार ल्याउने । <br> • घाँसमा आधारित पशुपालन प्रवर्द्धन गरी पशुजन्य उत्पादनको लागत कम गर्ने । |
| अपेक्षित प्रतिफल | • घाँस खेती विस्तार हुने । <br> • पशु आहाराको उपलब्धता बढ्ने । <br> • पशुजन्य पदार्थको उत्पादन वृद्धि हुने । <br> • दुध तथा मासुको उत्पादन लागत कम हुने । |
| लक्षित सहभागी | यस आयोजनामा संलग्न कृषक समूह वा सहकारीका सदस्यहरु र आयोजनाको पूरक अनुदान सहयोगमा सञ्चालन भइरहेका उप-आयोजनाहरु । |
| सहभागी छनौट विधि | घाँस उत्पादन गर्ने सम्भाव्यता र घाँस खेती गर्ने कृषकको चाहना हेरी महिला, जनजाती र दलित सदश्यहरुलाई प्राथमिकता दिई सहभागी गराउने । |
| क्रियाकलाप सञ्चालन स्थल | यो क्रियाकलाप कृषक, कृषक समूह, सहकारीका सदस्यहरुको खेतबारी र सार्वजनिक जमिनमा सञ्चालन गरिनेछ । |
| चाहिने सामग्री र सहयोग | • आवश्यक मात्रामा स्तरीय मूल वा प्रमाणित बीउ । <br> • समूह सहकारीलाई घाँस लगाउने प्रविधि सिकाउने तालिम । <br> • बीउलाई उपचार गर्नुपर्ने भए राइजोविअम वा उपचार गर्ने अरु रसायन वा सामग्री । <br> • आवश्यक पर्ने भए मल र औषधीहरु । |
| तरिका, साधन वा चरणहरु | • घाँसको खेती गर्ने कृषक समूह, सहकारी का सदस्यहरुको पहिचान गर्ने र संख्या एकिन गर्ने । <br> • घाँस खेती गर्न चाहने कृषकहरुलाई चाहिने कूल बीउको परिमाण एकिन गर्ने । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

- इच्छुक कृषकसँग घाँस लगाउन पर्याप्त जमिन भए नभएको र भएको जमिन प्राविधिकरुपले सो घाँस खेती गर्न उपयुक्त भए नभएको एकिन गर्ने ।
- गुणस्तरीय बीउ प्राप्त गर्ने स्रोत पहिचान गर्ने ।
- घाँसको बीउ र अन्य सामग्री आपूर्ति गर्ने योजना तयार पार्ने ।
- कृषकको माँग र कार्यालयको स्वीकृत लक्ष तथा बजेट अनुसार तल प्रस्तुत तालिका अनुसारको दरमा घाँस खेती गर्ने समय अगाडिनै बीउ वितरण गर्ने ।

| क. सं. | घाँस | बीउ दर के.जी./हे. | हरियो घाँस उत्पादन मे.ट/हे. | बीउ उत्पादन मे.ट/हे. |
|---|---|---|---|---|
| १ | हिउंदे घाँस | | | |
| १.१ | जै | १००-१२० के.जी | २५-५० | २-३ |
| १.२ | बर्सिम | २० | ७०-८० | ०.५-०.६ |
| १.३ | भेच | ३५-४० | ६०-७० | १.०-१.५ |
| २ | वर्षे घाँस | | | |
| २.१ | टियोसेन्टी | ३५-४० | ६०-८० | १.०-१.५ |
| २.२ | जुनेलो | २५-३० | ८०-९० | ०.५-०.६ |
| २.३ | वाजरा | १०-१२ | ४०-५० | ०.५-०.६ |
| २.४ | मकै | ३०-३५ | ५०-८० | ३.०-४.० |
| २.५ | ज्वाइन्ट भेच | ५-१० | ४०-५० | १.५-२.० |
| २.६ | बोडी | ३५ | ४० | १.४ |
| ३ | वहुवर्षे घाँस | | | |
| ३.१ | नेपिएर | १०००० सेट | १२०-२५० | |
| ३.२ | पास्पालम | ५-८ | ५०-१०० | ०.१५-०.२५ |
| ३.३ | पारा | १०००० सेट | ३०-६० | ०.०२-२.० |
| ३.४ | सेटेरिया | १०००० सेट (५ के.जी) | ७०-८० | ०.१०० |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | | | | | |
|---|---|---|---|---|---|
| | ३.५ | लुसर्न | १२-१५ | ७०-८० | ०.३-०.४ |
| | ३.६ | सेतो क्लोभर | ३-५ | ४० | ०.३-०.४ |
| | ३.७ | रातो क्लोभर | ८ | | |
| | | राई घांस | १०-१५ | ४०-६० | ०.२-०.३ |
| | | कक्स फूट | २-५ | १०-१४ | ०.१-०.२ |
| | | टाल फेस्कू | १०-१२ ( १००००० सकर) | ४०-५० | |
| **वातावरणमा पर्ने असर न्यूनीकरण योजना** | घाँस खेतीले हरियाली वढ्ने र वातावरणमा स्वच्छता वढाउने भएकोले नकारात्मक असर नपर्ने । | | | | |
| **दिगोपन योजना र बहिर्गमन रणनीति** | घाँस खेतीले उत्पादन बढेपछि कृषकहरु घाँस खेतीप्रति आकर्षित हुनेछन र आयोजना पश्चात पनि घाँस खेतीलाई निरन्तरता दिनेछन । | | | | |
| **अन्तिम लाभग्राही** | कृषक, कृषक समूह र सहकारीका सदस्यहरु । | | | | |
| **जिम्मेवारीको तह** | जिम्मेवार | | कोप्रति उत्तरदायी ? | सम्पर्क समन्वय गर्नुपर्ने | जानकारी दिनुपर्ने |
| | पशु सेवा सामाजिक परिचालक | | DLSU प्रमुख | चरन तथा पशु आहारा विज्ञ | Team Leader<br>TA Team |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

## १० डाले घांसको बिरुवा वितरण

| क्रियाकलाप | डाले घांसको बिरुवा वितरण |
|---|---|
| क्रियाकलापको कोड | B.2.6.2 |
| क्रियाकलापको उद्देश्य/हरु | समूह, सहकारी, सामुदायिक बन उपभोक्ता समितिहरुसङ्गको सहकार्यमा कृषकलाई डालेघाँसको बेर्ना वितरण गर्ने र पशु आहारामा सुधार ल्याउने । |
| अपेक्षित प्रतिफल | • डाले घाँसका बोटहरु संरक्षण हुने ।<br>• डाले घाँसको प्रयोग बढ्ने ।<br>• पशु आहाराको उपलब्धता बढ्ने ।<br>• पशुजन्य उत्पादन वृद्धि हुने ।<br>• दुध र मासुको उत्पादन लागत घटने ।<br>• भूक्षयमा कमी आउने । |
| लक्षित सहभागी | यो कार्यक्रममा आयोजनाले गठन गरी सञ्चालन गरिरहेका कृषक समूह, सहकारी र सामुदायिक वन उपभोक्ता समितिका सदस्य कृषकहरुलाई समावेश गरिनेछ । |
| सहभागी छनौट विधि | डाले घाँसको विरुवा वितरण गर्ने कृषक छनोट गर्दा महिला, जनजाति, दलित सदस्यहरुलाई प्राथमिकता दिइनेछ । |
| क्रियाकलाप सञ्चालन स्थल | यो कृयाकलाप कृषक समूह, सहकारीका सदस्यहरुको खेतवारी काँल्ना, भिर, पाखो, विद्यालय, मन्दिर तथा संघसस्थाको स्वामित्वमा रहेको सार्वजनिक जमिन तथा सामुदायिक वन आदि क्षेत्रमा सञ्चालन गरिनेछ । |
| चाहिने सामग्री र सहयोग | • भौगोलिक दृष्टिले सम्भाव्य र कृषकले माग गरेका प्रजातिका लगाउन उपयुक्त उमेरका डाले घाँसका बिरुवा ।<br>• समूह, सहकारीका सदस्यहरुलाई डालेघाँसको बेर्ना लगाउने तरिका बारे जानकारी । |
| तरिका, साधन वा चरणहरु | • समूह बैठक तथा अन्य अवसरहरु उपयोग गरी कृषकले चाहेका डाले घाँसका प्रजाति र बिरुवाको संख्याको अग्रिम माग संकलन गर्ने ।<br>• डाले घाँस लगाउन चाहने कृषक, कृषक समूह वा सहकारीहरुको जमिन उपयुक्त भए नभएको एकिन गर्ने ।<br>• पायक पर्ने नर्सरीबाट आफूलाई आवश्यक पर्ने बिरुवाहरु प्राप्त हुने व्यवस्था गर्ने |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

* तल तालिकामा प्रस्तुत गरिए अनुसार उपयुक्त समयमा डाले घाँसका बिरुवा वितरण गर्ने ।

| क.सं | नाम | भौगोलिक क्षेत्र | बीउ छर्ने समय | बीउ वा बेर्ना दर /हे | अनुमानित हरियो घांस उत्पादन मे.ट/हे | बीउ उत्पादन मे.ट/हे |
|---|---|---|---|---|---|---|
| १ | इपिल इपिल | तराई, मध्यपहाड | कार्तिक-मंसिरमा बीउ संकलन गर्ने र ३ महिनापछि असारमा लगाउने | ३ के.जी (५००० बोट) | ३० देखि ५० | ०.५ - २.० |
| २ | बडहर | तराई, मध्यपहाड १५०० मिटरसम्म | अषाढमा फल पाकेपछि एक वर्षसम्म बिरुवा हुर्काई श्रावणमा सार्ने | ४ मिटरको फरकमा लगाउने | प्रतिवोट प्रति वर्ष २०० के.जी. | संरक्षण नगरी ताजा बीउ लगाउने |
| ३ | टाँकी | मध्यपहाड, तराई | फागुन-बैशाखमा बीउ संकलन गर्ने, जेष्ठ-असारमा लगाउने | ८-१० के.जी. (२५०० बोट) | १०० के.जी. | |
| ४ | किम्बु | मध्यपहाड, तराई, उच्चपहाड २२०० मीटरसम्म | जेष्ठ-आषाढ | २० से.मि. लामा कटिङ्ग<br>माघदेखि असारसम्म लगाउने | ६० के.जी. | चैत्र-बैशाखमा फल पाकेपछि पानीमा घोलेर बीउ अलग गराउने |
| ५ | कोइरालो | १९०० मिटरसम्म | चैत्र-आषाढसम्म रोप्ने | २५०० के.जी. | १०० के.जी. | |
| ६ | कुटमिरो | १९०० मिटर | आषाढ-श्रावणमा बिरुवा राखी अर्को वर्ष आषाढमा रोप्ने | १५०० बेर्ना प्रति हे.<br>३ देखि ४ मि. फरकमा | ८० | |

नेपाल सरकार पशुपन्छी विकास मन्त्रालय पशु सेवा विभाग हरिहरभवन, ललितपुर

<table>
<tr><td>वातावरणमा पर्ने असर न्यूनीकरण योजना</td><td colspan="4">डाले घांस खेतीले हरियाली बढ्ने र वातावरणमा सुधार ल्याउनुका साथै नकारात्मक असर नपर्ने ।</td></tr>
<tr><td>दिगोपन योजना र बहिर्गमन रणनीति</td><td colspan="4">डालेघांसको बीउ वेर्ना वितरणपछि बर्षैभरि हरियो घांस उत्पादन हुनेछ । जस्ले गर्दा पशुबस्तुको स्वास्थ्यमा सुधार हुने, उत्पादनमा वृद्धि हुनेछ र आयोजना सकिएपछि पनि डालेघांस बीउको उत्पादन र उपयोग जारी रहनेछ ।</td></tr>
<tr><td>अन्तिम लाभग्राही</td><td colspan="4">कृषक समूह, सहकारीमा सदश्यहरु ।</td></tr>
<tr><td rowspan="2">जिम्मेवारीको तह</td><td>जिम्मेवार</td><td>कोप्रति उत्तरदायी ?</td><td>सम्पर्क समन्वय गर्नुपर्ने</td><td>जानकारी दिनुपर्ने</td></tr>
<tr><td>पशुसेवा सामाजिक परिचालक</td><td>DLSU, प्रमूख</td><td>आयोजना चरन तथा घांस विज्ञ</td><td>DLSU प्रमुख</td></tr>
</table>

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

## ११ सामुदायिक चरन विकास कार्यक्रम

| क्रियाकलाप | सामुदायिक चरन विकास कार्यक्रम |
|---|---|
| क्रियाकलापको कोड | B.2.6.6 |
| क्रियाकलापको उद्देश्य/हरु | सार्वजनिक चरन, सामुदायिक वन, शैक्षिक तथा धार्मिक संघसंस्थाको स्वामित्वको क्षेत्र आदि सार्वजनिक जमिनमा चरन विकास गरी पशु आहार आपूर्तिमा सुधार ल्याउने । |
| अपेक्षित प्रतिफल | • चरन/खर्कहरुका सुधार तथा वैज्ञानिक व्यवस्थापन हुने ।<br>• चरन खर्कहरुको उत्पादकत्व बढ्ने ।<br>• पशु आहाराको आपूर्ति बढ्ने ।<br>• पशुजन्य उत्पादनमा वृद्धि हुने ।<br>• भू-क्षय रोकिने । |
| लक्षित सहभागी | यो क्रियाकलाप कृषक समूह, सहकारी, सामुदायिक वन उपभोक्ता समितिहरुको सहभागितामा सञ्चालन गरिनेछ ।<br>समूहमा आबद्ध नभएका तर सो चरन क्षेत्र तथा खर्क उपयोग गर्ने अन्य घरधुरीहरु पनि यस क्रियाकलापमा सहभागी हुनेछन् । |
| समावेशी सहभागी छनौट विधि | क्रियाकलापमा सहभागी हुने समूह, सहकारी आदि छनौट गर्दा महिला, जनजाति तथा दलित सदस्यहरुलाई प्राथमिकता दिने । |
| क्रियाकलाप सञ्चालन स्थल | यो क्रियाकलाप सार्वजनिक चरन, सामुदायिक वन, शैक्षिक तथा धार्मिक संघसंस्थाको स्वामित्वको जमिनमा सञ्चालन गरिनेछ । |
| चाहिने सामाग्री र सहयोग | • चरन विकास गर्न भौगोलिक क्षेत्र अनुसार आवश्यक परिमाणमा सम्भाव्य प्रजातिका घाँसका बीउहरु । |

| भौगोलिक क्षेत्र | सम्भाव्य घाँसको प्रजाति | आवश्यक बीउ - के.जी. प्रति हेक्टर | प्रति हेक्टर अनुमानित घाँस उत्पादन (मे.ट.) |
|---|---|---|---|
| तराई, शिवालिक | स्टाइलो | ५-६ | २५-३० |
| | मोलासस | ५-६ | ५०-६० |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | | | |
|---|---|---|---|
| | सेन्ट्रो | ३-५ | ४०-५० |
| मध्यपहाड | राई घाँस | १०-१२ | १०-१४ |
| | स्टाइलो | ५-६ | २५-३० |
| | सेन्ट्रो | ३-५ | ४०-५० |
| | मोलासस | ५-६ | ५०-६० |
| | डिस्मोडिअम | २-३ | ४०-५० |
| उच्च पहाड | राई घाँस | १०-१२ | १०-१४ |
| | कोते | १२-१५ | ४०-५० |
| | क्लोभर | ३-५ | १२-१५ |
| | लुसर्न | २०-२५ | ७०-८० |
| | कक्सफुट | १०-१२ | १०-१४ |

- आवश्यक पर्ने मलखाद, सिचाई र बारबन्देज ।
- सम्भव भएसम्म सिचाई सुविधा र आवश्यक स्थानमा पानी तान्ने मोटर र पाईप ।
- बीउ छर्न चाहिने औजार उपकरणहरु ।

**तरिका, साधन वा चरणहरु**

- चरन विकास कार्यमा सहभागी हुने कृषक समूह, सहकारी वा उपभोक्ता समितिको पहिचान गर्ने ।
- उक्त समूह, सहकारी तथा समितिले विकास गर्न चाहेको खर्क पहिचान गर्ने र चरन विकास गर्न सकिने क्षेत्रफल एकिन गर्ने ।
- उक्त चरन खर्कमा लगाउन सकिने घाँसका प्रजातिहरु पहिचान गरी बीउको परिमाण एकीन गर्ने ।

**<u>अभिमुखीकरण तालिमका बिषवस्तु</u>**

○ चरन विकास र व्यवस्थापनको आवश्यकता र महत्व ।

○ उक्त क्षेत्रमा दिगो चरन विकास गर्न सकिने तरिकाहरु ।

○ छरिने घाँस बारे जानकारी- लगाउने तरिका, प्रयोग गर्ने अवस्था, उत्पादन र अन्य जानकारी ।

○ उपभोक्ताको जिम्मेवारी आदि ।

- अभिमुखीकरण गर्दा आयोजनाले गर्ने र कृषक समूह, सहकारी वा समिति गर्ने कामको जिम्मेवारी स्पष्टरुपमा तोक्ने ।
- भरपर्दो श्रोतबाट आवश्यक परिमाणमा बीउ तथा अन्य सामग्री खरीद गर्ने ।
- उपयुक्त समयमा बीउ छर्ने ।
- चरन विकास क्षेत्रमा आयोजनाका घांस विज्ञले प्राविधिक सहयोग पुऱ्याउने ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | |
|---|---|
| | • घाँस उत्पादन भएपछि घाँसको संरक्षण विधि बारे व्यवहारिक तालिम दिने । |
| **वातावरणमा पर्ने असर न्यूनीकरण योजना** | यस क्रियाकलापले चरन तथा खर्कहरुको वैज्ञानिक उपयोग गरी पर्यावरणीय सन्तुलन राख्न सहयोग पुऱ्याउने र खर्कहरुले कार्वन सचितीकरण (Carbon Sequestration ) मा समेत योगदान गरी वातावरणमा सुधार ल्याउने । |
| **दिगोपन योजना र बहिर्गमन रणनीति** | चरन विकास गर्दा पशु आहाराको आपूर्ति सुधार भई पशुजन्य उत्पादनहरु मासु, दुध, पश्मिना उत्पादनमा वृद्धि हुनेछ । जसले गर्दा पशुपालक कृषकहरुको आयस्रोतमा वृद्धि भई कृषकहरु चरन क्षेत्र संरक्षण र विकास गर्न अभिप्रेरित हुनेछन । |
| **अन्तिम लाभग्राही** | चरन क्षेत्र आश्रीत कृषकहरु र समूह, सहकारीका सदस्यहरु । |

| | जिम्मेवार | कोप्रति उत्तरदायी ? | सम्पर्क समन्वय गर्नुपर्ने | जानकारी दिनुपर्ने |
|---|---|---|---|---|
| **जिम्मेवारीको तह** | पशु सेवा सामजिक परिचालक | योजना अधिकृत, विकेन्द्रीकृत आयोजना सहयोग इकाई | चरन तथा घांस विज्ञ | DLSU, प्रमुख |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

## १२ बीउ कोष स्थापना तथा परिचालन

| क्रियाकलाप | बीउ कोष स्थापना तथा परिचालन |
|---|---|
| क्रियाकलापको कोड | B.2.6.3 |
| क्रियाकलापका उद्देश्य/हरु | • छनौट गरिएका समूह तथा सहकारीमा घाँसको बीउ कोष स्थापना गर्ने ।<br>• घाँस वा घाँसको बीउ उत्पादन गर्न चाहने कृषकलाई समूह वा सहकारी मार्फत सो कोषबाट बीउ तथा अन्य उत्पादन सामग्री खरिद गर्न ऋण उपलब्ध गराउने ।<br>• घाँस खेती विस्तार गरी पशु आहारमा सुधार ल्याउने । |
| अपेक्षित प्रतिफल | • घाँस खेती गर्न इच्छुक कृषकलाई बीउ तथा अन्य उत्पादन सामग्री खरिद गर्न रकम प्राप्त हुने ।<br>• घाँस खेती विस्तार हुने ।<br>• स्थानीय स्तरमा घाँस र घाँसको बीउको उपलब्धता बढ्ने ।<br>• दुध तथा मासुको उत्पादन लागत कम हुने । |
| लक्षित सहभागी | यस आयोजनामा संलग्न कृषक समूह वा सहकारीमा आबद्ध सदस्य कृषकहरु । |
| सहभागी छनौट विधि | घाँस तथा घाँसको बीउ उत्पादन गर्ने प्राविधिक सम्भावना भएका क्षेत्रका कृषक समूह र सहकारीहरुलाई घाँस खेती गरिने जमिनको क्षेत्रफल र घाँस खेती गर्ने सदस्य संख्याको आधारमा बढी कृषकले ठूलो क्षेत्रफलमा घाँस खेती गर्ने समूह सहकारीलाई प्राथमिकता दिई छनौट गर्ने । |
| क्रियाकलाप सञ्चालन स्थल | यो क्रियाकलाप कृषक समूह, सहकारीका सदस्यहरुको खेतबारी, सामुदायिक वन तथा समूह सहकारीको भोगाधिकार भएको सार्वजनिक जमिनमा सञ्चालन गरिने छ । |
| चाहिने सामग्री र सहयोग | क्रियाकलाप कोष स्थापना गर्ने भएकोले सामग्रीहरु आवश्यक नपर्ने तर, कोष स्थापना भए पश्चात सो कोष परिचालन गर्ने विधि तयार पार्ने कार्यमा आयोजनाले सहयोग गर्ने । |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

**तरिका, साधन वा चरणहरु**

*१. प्रस्ताव आह्वान*

१.१ स्वीकृत वार्षिक कार्यक्रमको आधारमा बीउ उत्पादनको लागि घाँस खेती गर्ने र बीउ कोष स्थापना गरी परिचालन गर्न इच्छुक कृषक समूह, सहकारीहरुबाट कार्यक्रममा सहभागी हुने आशय सहितको प्रस्ताव आह्वान गरी सूचना प्रकाशन गर्ने ।

१.२ बीउ कोष निम्न प्रजातिका घासको बीउ उत्पादन गर्ने उद्देश्यलाई प्राथमिकता दिई स्थापना गर्ने:

| | |
|---|---|
| हिउदे घाँस | जै, बर्सिम, भेच |
| वर्षे घाँस | टियोसिन्टे, जुनेलो, बाजरा, बोडी |
| बहुवर्षीय घाँस | नेपिअर, मुलाटो, लुसर्न, कक्सफूट, सेतो ल्कोभर आदि |

*२. प्रस्ताव मूल्याङ्कन*

२.१ विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयमा सार्वजनिक खरिद ऐन बमोजिम गठन भएको मूल्याङ्कन समितिले आयोजनाको घाँस तथा चरन विज्ञको सहयोगमा प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गर्ने ।

२.१ प्रस्तावहरुको मूल्याङ्कन निम्न आधारमा गर्ने

| अंक दिने आधार | पूर्णाङ्क | अंक भार | कैफियत |
|---|---|---|---|
| समूह तथा सहकारीका कूल सदस्य संख्या र हाल घासको बीउ उत्पादन गर्ने सदस्यको संख्या तथा प्रतिशत | २० | ७५% भन्दा बढी: **२०**<br>५१% देखि ७४%: **१५**<br>२६% देखि ५०%: **१०**<br>२५% वा कम : ० | |
| समूह तथा सहकारीका कूल सदस्य संख्या र प्रस्तावित योजनामा घाँसको बीउ उत्पादनमा | २० | ७५% भन्दा बढी: **२०**<br>५१% देखि ७४%: **१५**<br>२६% देखि ५०%: **१०**<br>२५% वा कम: ० | |

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | | | |
|---|---|---|---|
| सहभागी हुने समूह वा सहकारीका सदस्यको संख्या तथा प्रतिशत | | | |
| बीउ उत्पादको लागि घाँस खेती गरिने क्षेत्रफल | ४० | प्रति हेक्टर ४ अंकका दरले । | |
| प्रस्तावित बीउ उत्पादन गरिने घाँस | २० | हिउदे मात्र : ६<br>वर्षे मात्र : ४<br>बहुवर्षीय मात्र : ५<br>हिउदे, वर्षे र बहुवर्षीय तीनै प्रकारको भए थप: ५ | |

*३. सम्झौता, बीउ कोष स्थापना र कोष परिचालन*

३.१ स्वीकृत वार्षिक कार्यक्रम अनुसारको संख्यामा प्रस्ताव छनौट गरी छनौट भएको समूह वा सहकारीसग बीउ कोष परिचालन सम्झौता गर्ने ।

३.२ कोष परिचालन सम्झौतामा निम्न शर्तहरु अनिवार्यरुपमा राख्ने:

क) आयोजनाले समूह वा सहकारीको खातामा स्वीकृत वार्षिक बजेट अनुसारको रकम जम्मा गर्ने ।

ख) सो कोषमा सम्भव भए समूह वा सहकारीले समेत रकम थप गर्नसक्ने ।

ग) बीउ कोषको रकम मूल बीउ तथा मलखाद खरिद गर्ने, बीउ प्रशोधनको लागि आवश्यक औजार उपकरणहरु खरिद गर्ने, बीउ भण्डारण तथा प्याकेजिङ्ग गर्ने र घाँस खेती गर्दा लाग्ने ज्यामी ज्याला भुक्तानी गर्ने जस्ता घाँसको बीउ उत्पादन गर्ने खर्चहरुको लागि मात्र उपयोग गर्ने गरी सदस्य कृषकलाई ऋण दिने ।

घ) घाँसको बीउ उत्पादन बाहेकका उद्देश्यको लागि कोषको रकम प्रयोग नगर्ने ।

ङ) बीउ कोषबाट प्रवाह हुने ऋणमा सो समूहले निर्धारण गरेको हितकोषबाट प्रवाह हुने ऋणको भन्दा ब्याजदर बढी हुनुनहुने ।

च) बीउ कोषबाट लिएको ऋण रकम फिर्ता गर्ने अवधि घाँसको बीउ उत्पादन भई बिक्री गर्ने अवधि भन्दा बढी हुनुनहुने ।



नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

<table>
<tr><td></td><td colspan="4">छ) कोष परिचालन सम्बन्धि अन्य शर्तहरु सम्झौतामा उल्लेख गरिए अनुसार हुने ।</td></tr>
<tr><td>वातावरणमा पर्ने असर न्यूनीकरण योजना</td><td colspan="4">घाँस खेतीले हरियाली बढ्ने र वातावरणमा स्वच्छता बढाउने भएकोले यो कियाकलाप सञ्चालनबाट वातावरणमा नकारात्मक असर नपर्ने ।</td></tr>
<tr><td>दिगोपन योजना र बहिर्गमन रणनीति</td><td colspan="4">घाँस खेतीले उत्पादन बढेपछि कृषकहरु घाँस खेतीप्रति आकर्षित हुने र बीउको आपूर्ति सहज भएपछि आयोजना पश्चात पनि घाँस खेतीलाई निरन्तरता दिइने ।</td></tr>
<tr><td>अनितम लाभग्राही</td><td colspan="4">घास खेद्धद्ध ीगर्ने पशुपालक कृषकहरु र समूह, सहकारीका सदस्यहरु ।</td></tr>
<tr><td rowspan="2">जिम्मेवारीको तह</td><td>जिम्मेवार</td><td>को प्रति उत्तरदायी ?</td><td>सम्पर्क समन्वय गर्नुपर्ने</td><td>जानकारी दिनुपर्ने</td></tr>
<tr><td>पशु सेवा सामजिक परिचालक</td><td>योजना अधिकृत, विकेन्द्रीकृत आयोजना सहयोग इकाई</td><td>चरन तथा घांस विज्ञ</td><td>DLSU, प्रमुख</td></tr>
</table>

नेपाल सरकार
... पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

१३ स्थानीय स्तरका प्राविधिकहरुको लागि प्रयोगशाला प्रविधि तालिम (३ दिने)

| क्रियाकलापक | **स्थानीय स्तरका प्राविधिकहरुको लागि प्रयोगशाला प्रविधि तालिम (३ दिने)** |
|---|---|
| **क्रियाकलापको कोड नंम्बर** | |
| **क्रियाकलापको उद्देश्यहरु** | स्थानीय स्तरमा कार्यरत सरकारी तथा निजी क्षेत्रका प्राविधिकहरुको प्रयोगशाला सम्बन्धी ज्ञान तथा सीप अभिवृद्धि गर्ने । |
| **अपेक्षित प्रतिफल** | • प्राविधिकहरुको नमूना संकलन गर्ने दक्षता अभिवृद्धि भई रोग निदान कार्यमा सहजता हुने<br>• रोग निदान एवम् न्यूनीकरणमा प्रत्यक्ष सहयोग पुगी पशु उत्पादन एवम् उत्पादकत्व वृद्धि हुने ।<br>• स्थानीय स्तरमा कार्यरत प्राविधिक जनशक्तिको प्रयोगशाला सम्बन्धी ज्ञान तथा सिप वृद्धि हुने । |
| **लक्षित सहभागी** | विकेन्द्रीकृत आयोजना सयोग इकाई कार्यालय अन्तर्गत कार्यरत सरकारी तथा निजी क्षेत्रमा कार्यरत प्राविधिक जनशक्ति यो कर्यक्रमका लक्षित सहभागी हुने छन् । |
| **सहभागी छनौट विधि** | • तालिमका सहभागी छनौट गर्न विकेन्द्रीकृत आयोजना सयोग इकाई कार्यालयहरुले आफ्नो कार्यक्षेत्र भित्रका प्रदेश र स्थानीय तह मातहतका पशु सेवा हेर्ने निकायललाई अनुरोध गर्ने छन् ।<br>• सहभागीहरु छनौट गर्दा हाल प्रयोगशाला संचालन गरिरहेका वा प्रयोगशालामा काम गरिरहेका प्राविधिकलाई प्राथमिकता दिनुपर्ने छ।<br>• ती निकायहरुबाट मनोनयन भएका प्राविधिकहरुलाई तालिममा समावेश गरिने छ । |
| **क्रियाकलाप सञ्चालन स्थल** | यो तालिम विकेन्द्रीकृत आयोजना सयोग इकाई कार्यालयले निर्णय गरे अनुसार राम्रो प्रयोगशाला सुबिधा भएको स्थानमा संचालन गरिने छ I |
| **चाहिने सामग्री र सहयोग** | • तालिमको लागि चाहिने स्टेसनरी सामग्रीहरु- कपी, कलम, डटपेन, पेन्सिल र मार्करहरु I<br>• मल्टिमिडिया पोस्टर, मेटा कार्ड, बोर्ड मार्कर आदि |
| **तालिमको विषयबस्तु र तालिम व्यवस्थापन** | यो तालिममा निम्न विषय समावेश गरिने छ :<br>• असल भेटेरिनरी प्रयोगशाला अभ्यास समन्धी ज्ञान र सिपको जानकारी<br>• शव परिक्षण विधि: सामान्य जानकारी (सैदान्तिक जानकारी र कुखुराको शव परीक्षणको प्रयोगात्मक जानकारी) |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | |
|---|---|
| | • गोवर, पिसाब र रगत संकलन विधि तथा नमूना संकलन (प्रयोगात्मक)<br>• गोबर परीक्षण, छालाको कोषिका परीक्षण (सैदान्तिक र प्रयोगात्मक)<br>• दूध परीक्षण, कल्चर गर्ने तरिका (प्रयोगात्मक)<br>• रगतको नमुना संकलन विधि (प्रयोगात्मक)<br>• संकलित नमूना भण्डारण तथा प्रयोगशालामा प्रेषण ((प्रयोगात्मक) |
| | • पशुपंक्षीहरुमा लाग्ने मुख्य रोगहरु बारे जानकारी<br>• पशुपंक्षी रोग नियन्त्रणमा प्रयोगशाला प्रविधिहरुको महत्त्व र आवश्यकता (सैदान्तिक) |
| **वातावरणमा पर्ने असर न्यूनीकरण योजना** | यस तालिम संचालनबाट वातावरणमा कुनै असर पर्दैन । तालिमको दौरान प्रयोग भएका सर- सामानहरु र प्रयोगात्मक कक्षको लागि प्रयोग भएका सर-सामाग्रीहरु को यथोचित व्यवस्थापन गरिनेछ । |
| **दिगोपन योजना र बहिर्गमन रणनीति** | यस तालिमका सहभागीहरु स्थानीय स्तरबाट छनौट भई स्थानीय स्तरमै कार्यरत हुने भएकोले तालिबाट प्राप्त ज्ञान र सीपको निरन्तर सदुपयोग हुने भएकोले दिगोपना हुनेछ । |
| **अन्तिम लाभग्राही** | स्थानीय स्तरका प्राविधिक जनशक्ति, कृषक समूह र सहकारीका सदस्यहरुले तालिमबाट लाभ प्राप्त गर्नेछन । |

| | जिम्मेवार | कोप्रति उत्तरदायी ? | सम्पर्क समन्वय गर्नुपन | जानकारी दिनुपर्ने |
|---|---|---|---|---|
| **जिम्मेवारीको तह** | योजना अधिकृत, DLSU | प्रमुख, DLSU | IEC Expert | सम्बन्धित पशु रोग अन्वेषण प्रयोगशालाहरु |

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
नेपाल सरकार
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

१४ पाराभेट तथा ग्रामीण पशुस्वास्थ्य कर्यकर्ताहरुकोलागि प्रयोगशालाको लागि नमुना संकलन तथा प्रेषण तालिम (३ दिने)

| क्रियाकलापक | **पाराभेट तथा ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताको लागि प्रयोगशाला नमूना संकलन तथा प्रेषण तालिम (३ दिने)** |
|---|---|
| क्रियाकलापको कोड नंम्बर | |
| क्रियाकलापका उद्देश्यहरु | • समुदायस्तरमा कार्यरत सरकारी र निजी क्षेत्रका पशु स्वास्थ सेवा प्रदायकहरुलाई पशुपंछीका रोग अन्वेषण तथा निदानको लागि नमूना संकलन र प्रेषण गर्न सिकाउने । |
| अपेक्षित प्रतिफल | • पाराभेट तथा ग्रा.प.स्वा.का. हरुको नमूना संकलन गर्ने सिप अभिवृद्धि हुनेछ ।<br>• रोग देखा परेको अवस्थामा प्रयोगशालाहरुमा नमूना छिटो पुगी समयमै रोग निदान गर्न सकिने छ ।<br>• समयमै रोग नियन्त्रण भएर पशुपन्छीको क्षतीमा कमी आउने छ । |
| लक्षित सहभागी | यस ३ दिने तालिममा आयोजनाको कार्य क्षेत्र भित्र सक्रिय रहेका सरकारी सेवामा रहेका र निजी क्षेत्रका पाराभेट तथा ग्रा.प.स्वा.का. हरु सहभागी हुनेछन् । |
| सहभागी छनौट विधि | यस तालिमका सहभागी छनोट विधि यस प्रकार हुनेछ:<br>• पशु सेवा सामाजिक परिचालकहरुले आ-आफ्नो कार्यक्षेत्रमा सक्रियरुपमा कार्य गरिरहेका ग्रा. प.स्वा.का. तथा पाराभेटहरुको अभिलेख तयार पार्ने छन् ।<br>• तालिमको लागि सहभागी मनोनयन गरिदिन विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयहरुले आ-आफ्नो कार्यक्षेत्रका प्रदेश सरकार मातहतका पशुसेवा हेर्ने निकायहरुलाई अनुरोध गर्नेछन्।<br>• छनोट गर्दा सकभर महिला, दलित तथा जनजातिलाई समावेश गरिनेछ । |
| क्रियाकलाप सञ्चालन स्थल | विकेन्द्रित आयोजना सहयोग ईकाईले निर्धारण गरेका स्थानमा तालिम संचालन गरिने छ । सम्भव भएसम्म यो तालिम संघ र प्रदेश मातहतका प्रयोगशालाहरुमा संचालन गरिने छ । |
| चाहिने सामग्री र सहयोग | • स्टेसनरी सामाग्रीहरु - कपी, सिसा कलम,डटपेन ब्राउन पेपर र मार्कर आदि।<br>• मल्टीमिडिया, भएसम्म कक्षा संचालनको लागि पोस्टर ।<br>• प्रयोगात्मक कक्षाको लागि समन्धित पशुपंछी तथा नमुना संकलन गर्न आवश्यक पर्ने सामाग्रीहरु (गोवर, पिसाब, दूध, छाला, रगत , रौ इत्यादी राखी पठाउने)।<br>• कूलबक्स, सिरिन्ज, निडल, प्रोव सिन्का, कटन स्वाव आदि। |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

<table>
<tr><td>तालिमको विषयबस्तु र तालिम व्यवस्थापन</td><td colspan="4">यो तालिममा मुख्य गरी निम्न विषयबस्तु समावेश गरिने छः<br>• पशु रोग निदानमा प्रयोगशाला नमूनाहरुको महत्त्व ।<br>• फिकल सेम्पल संकलन गर्ने उपयुक्त विधि, नमूना संरक्षण तथा नमूना सम्प्रेषण तरिका।<br>• पशुहरुको स्कीन स्क्रेपीड लिने र संरक्षण तथा प्रयोगशालामा पठाउने तरिका।<br>• पशुहरुको रयाल,सिगान वा अन्य स्रावहरु संकलन गर्ने तरिका।<br>• विशेष रोगहरुमा पशु अंग, कोशीका तथा तन्तुहरु पठाउने तरिका।<br>• पशुहरुको पिसाबको नमूना संकलन गर्ने तथा पठाउने विधि ।<br>• गाई /भैसीहरुको दूधको नमूना संकलन तथा प्रेषण गर्ने विधि।<br>• पशुपंछीहरुको रगतको नमूना संकलन गर्ने विधि।</td></tr>
<tr><td>वातावरणमा पर्ने असर न्यूनीकरण योजना</td><td colspan="4">यस तालिम संचालन हुदा वातावरणमा कुनै असर नपर्ने देखिन्छ । तालिम संचालनार्थ प्रयोग गरिएका डिस्पोजेबल सामान एवं तालिम सामग्रीहरुको व्यवस्थित तथा सुरक्षित तरिकाले व्यवस्थापन गरिने छ ।</td></tr>
<tr><td>दिगोपन योजना र बहिर्गमन रणनीति</td><td colspan="4">यस तालिममा सहभागी हुने ग्रा.प.स्वा.कार्यकर्ताहरु तथा पाराभेटहरु स्थानीय बासिन्दा हुने भएकोले तालिमको उपलब्धी दिगोरुपमा रही रहने देखिन्छ । सहभागीहरुको नामावली सम्बन्धित कार्यालयहरुमा रहने भएकोले आवश्यकताको बेला निजहरुको सेवा प्राप्त गर्न सकिन्छ ।</td></tr>
<tr><td>अन्तिम लाभग्राही</td><td colspan="4">पशु उत्पादक समूह, उप-आयोजना मार्फत सहयोग प्राप्त गर्ने कृषक समूह र सहकारीका सदस्यहरु तथा सर्वसाधारण पशुपालक कृषकहरुमा लाभ पुग्नेछ ।</td></tr>
<tr><td rowspan="2">जिम्मेवारीको तह</td><td>जिम्मेवार</td><td>कोप्रति उत्तरदायी ?</td><td>सम्पर्क समन्वय गर्नुपन</td><td>जानकारी दिनुपर्ने</td></tr>
<tr><td>योजना अधिकृत, DLSU</td><td>प्रमुख, DLSU</td><td>IEC Expert</td><td>सम्बन्धित पशु रोग अन्वेषण प्रयोगशालाहरु</td></tr>
</table>

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर



डा. बंशी शर्मा
महानिर्देशक

१५ इपिडेमियोलोजिकल तालिम (प्राविधिक स्तर)

| क्रियाकलापक | इपिडेमियोलोजिकल तालिम(१ हप्ते, प्राविधिक स्तर) |
|---|---|
| क्रियाकलापको कोड नंम्बर | |
| क्रियाकलापको उद्देश्यहरु | • पशुपालन क्षेत्रमा कार्यरत प्राविधिकहरुलाई इपिडेमियोलोजी सम्बन्धी आवश्यक ज्ञान तथा सिप प्रदान गरी विभिन्न पशु रोग नियन्त्रण गरेर पशुजन्य उत्पादन एवं उत्पादकत्वमा वृद्धि ल्याउने ।<br>• आकस्मिकरुपमा पशुपन्छीका रोगहरु देखा परेमा रोग खोजी गर्न र नियन्त्रण गर्न सहज पार्ने । |
| अपेक्षित प्रतिफल | • प्राविधिकहरुको ज्ञानमा अभिवृद्धि हुने।<br>• रोग सम्बन्धमा रिपोर्टिंग गर्ने बारे प्राविधिकहरु जानकार हुने।<br>• रोग देखापरेको अवस्थामा प्रतिक्रियात्मक कार्य गर्न प्राविधिकहरु सक्षम हुने।<br>• प्राविधिकहरुले रोगको जोखिम तथा जोखिम निगरानी प्रक्रिया बारे जानकारी प्राप्त गर्ने ।<br>• इपिडेमियोलोजिकल तथ्यांकहरुको व्यवस्थापन गर्न सिक्ने। |
| लक्षित सहभागी | संघ, प्रदेश तथा स्थानीय तह मातहत कार्यरत र स्थानीय स्तरमा कार्यरत निजी क्षेत्रका पशु सेवा प्राविधिकहरु यो तालिमका सहभागी हुने छन् । |
| सहभागी छनौट विधि | • संघ, प्रदेश तथा स्थानीय तह मातहतक निकायमा कार्यरत प्राविधिक।<br>• स्थानीय स्तरमा काम गरिरहेका निजी क्षेत्रका प्राविधिक। |
| क्रियाकलाप सञ्चालन स्थल | यो तालिम विकेन्द्रीकृत आयोजना सहयोग इकाईले छनोट गरेको उपुक्त स्थानमा संचालन गरिने छ । |
| चाहिने सामाग्री र सहयोग | • तालिम सामग्री : फ्लिप चार्ट, मेटा कार्ड, मार्कर पेपर, पेन्सिल, ब्राउन पेपर आदि।<br>• मल्टिमिडिया प्रोजेक्टर, ह्वाईट बोर्ड, बोर्ड मार्कर।<br>• इपिडेमियोलोजिकल फर्मेट (प्रयोगात्मक कक्षाकोलागि)।<br>• रोग रिपोर्टिंग फर्मेट (प्रयोगात्मक कक्षाको लागि)। |
| तालिमको विषयबस्तु र तालिम व्यवस्थापन | • इपिडेमियोलोजिको आधारभूत अवधारणा।<br>• रोग लाग्ने कारणहरु तथा तिनको प्रभाव। |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

<table>
<tr><td></td><td colspan="4">

- रोगको वैज्ञानिक सर्भिलेन्स (निगरानी) गर्ने विधि।
- सर्भिलेन्स फर्मेट भर्ने विधि।
- जोखिममा आधारित सर्भिलेन्स विधि।
- रोग outbreak अध्ययन तथा सर्भेक्षण गर्ने तरिका ।
- प्रयोगशाला नमूना संकलन तथा सम्प्रेषण गर्ने तरिका।
- रोगको जोखिम सम्प्रेषण तथा संचार गर्ने तरिका ।
- राष्ट्रिय तथा अन्तरराष्ट्रिय रोग रिपोर्टिंगको फर्मेट भर्ने तरिका।
- एन्टिबायोटिक औषधीहरुको सही तथा वैज्ञानिक प्रयोग।
- खाध्य सुरक्षाको लागि प्राविधिकले निर्बाह गर्नुपर्ने भूमिका।

</td></tr>
<tr><td>वातावरणमा पर्ने असर न्यूनीकरण योजना</td><td colspan="4">यस तालिम संचालनबाट वातावरणमा कुनै असर नपर्ने देखिन्छ । तालिमको दौरान प्रयोग गरिने डिस्पोजेबल सामान एवं तालिम सामाग्रीहरुको सुरक्षित व्यवस्थापन गरिने छ ।</td></tr>
<tr><td>दिगोपन योजना र बहिर्गमन रणनीति</td><td colspan="4">यो तालिममा प्राविधिकहरु समावेश भएपछी उनीहरुको क्षमता वृद्धि भई रोग खोज र नियन्त्रणमा सहयोग पुग्ने छ ।</td></tr>
<tr><td>अन्तिम लाभग्राही</td><td colspan="4"></td></tr>
<tr><td rowspan="2">जिम्मेवारीको तह</td><td>जिम्मेवार</td><td>कोप्रति उत्तरदायी ?</td><td>सम्पर्क समन्वय गर्नुपन</td><td>जानकारी दिनुपर्ने</td></tr>
<tr><td>योजना अधिकृत, DLSU</td><td>प्रमुख, DLSU</td><td>IEC Expert</td><td>भेटेरिनरी इपिडेमियोलोजी शाखा, प. से. विभाग</td></tr>
</table>

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

१६ इपिडेमियोलोजी  तालिम(अधिकृत स्तर)

| क्रियाकलाप | इपिडेमियोलोजी तालिम(१ हप्ते, अधिकृतस्तर) |
|---|---|
| क्रियाकलापको कोड नंम्बर | |
| क्रियाकलापको उद्देश्यहरु | • फिल्डमा कार्यरत भेटेरिनरी अधिकृतहरुलाई  पशु स्वास्थ्य सम्बन्धी  सूचना प्रवाह पद्दति बारे जानकारी गराउने ।<br>• रोगहरुको सही पहिचान तथा रिपोर्टिंग बारे ज्ञान प्रदान गर्ने ।<br>• संक्रामक रोगहरु र  तिनको प्रयोगशाला रोग-अन्वेषण विधि बारे जानकारी दिने ।<br>• भेटेरिनरी अधिकृतहरु पशु क्वारेन्टाइन प्रणाली र रोग नियन्त्रण बारे जानकार हुने। |
| अपेक्षित प्रतिफल | • लक्षित वर्गका  पशुपन्छीहरुको स्वास्थ व्यवस्थापन हुने।<br>• पशु रोग बारे सही  रिपोर्टिंग भई  रोग नियन्त्रण कार्यमा सहयोग पुग्ने।<br>• पशु मृत्यु दर कम हुने।<br>• रोग रिपोर्टिंग प्रणालीको  विकास हुने।<br>• रोग नियन्त्रण भई उत्पादन वृद्धि हुने।<br>• अधिकृतहरुको कार्य दक्षता अभिबृद्दि हुने । |
| लक्षित सहभागी | संघ, प्रदेश र पालिका अन्तरगत कार्यरत पशु रोग नियन्त्र र रोकथाममा संलग्न हुने भेटेरिनेरी अधिकृतहरु यो तालिममा सहभागी हुने छन् साथै समूह तथा सहकारीमा आवद्द भेटेरिनरी अधिकृतलाई समेत समावेस गर्न सकिने छ । |
| सहभागी छनौट विधि | तालिमका सहभागीहरु यस भन्दा पहिले  यस प्रकारको तालिम प्राप्त नगरेको भेटेरिनरी  अधिकृतहरुबाट छनोट गरिनेछ । छनोट गर्दा महिला,जनजाती तथा दलितको सहभागिता सुनिश्चित गर्ने प्रयास गरिने छ । |
| क्रियाकलाप सञ्चालन स्थल | यो तालिम DLSU हरुले छनोट गरिएको स्थानमा संचालन गरिने छ । |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय पशु सेवा विभाग हरिहरभवन, ललितपुर

| | |
|---|---|
| चाहिने सामग्री र सहयोग | • सैदान्तिक कक्षा संचालनार्थ फ्लिप चार्ट, मेटा कार्ड, मार्कर पेपर, पेन्सिल, ब्राउन पेपर आदि।<br>• मल्टिमिडिया प्रोजेक्टर, ह्वाईट बोर्ड र मार्कर आदि।<br>• जी. पी. एस. मेसिन वा जी. पी. एस. प्रावधान भएको मोबाइल सेट।<br>• तालिम सहभागितामूलक विधिवाट संचालन गरिनेछ । |
| तालिमको विषयबस्तु र तालिम व्यवस्थापन | • इपिडेमियोलोजीको आधारभूत अवधारणा ।<br>• पशु स्वास्थ्य सूचना प्रवाह प्रणालीको महत्त्व र उपादेयता।<br>• रोग नियन्त्रणको आर्थिक लेखाजोखा र रोग नियन्त्रण प्रणाली ।<br>• पशु रोगको प्रयोगशाला अन्वेषण प्रविधिमा इपिडेमियोलोजिको भूमिका ।<br>• रोगको जोखिम तथा जोखिममा आधारित सर्भिलेन्स प्रणाली ।<br>• प्रयोगशालाको लागि नमुना संकलन तथा प्रेषण गर्ने विधि।<br>• पशु क्वारेन्टाइन समन्धी कानुन तथा नियमावली ।<br>• पशु क्वारेन्टाइन अधिकृतका प्रमुख जिम्मेवारीहरु।<br>• पशु तथा पशुजन्य पदार्थहरु आयात निर्यात प्रक्रिया।<br>• रोग आउटब्रेक अन्वेषण प्रक्रियामा इपिडेमियोलोजीको महत्व । |
| वातावरणमा पर्ने असर न्यूनीकरण योजना | यस तालिमको संचालनबाट वातावरणमा कुनै नकारात्मक असर पर्ने देखिदैन । तालिममा वातावरण मैत्री तालिम सामग्री र विधिको प्रयोग हुने भएकोले वातावरण दुषित हुने सम्भावना न्यून छ । तालिममा प्रयोग भएको डिस्पोजेबल सामग्रीहरुको उचित र वैज्ञानिक व्यवस्थापन गरिने छ । |
| दिगोपन योजना र बहिर्गमन रणनीति | तालिम प्राप्त जनशक्ति प्रदेश अन्तर्गतको विभिन्न जिल्लाहरुमा कार्यरत रहने हुँदा तालिमको दिगोपन निर्विकल्प छ । |
| अन्तिम लाभग्राही | पशु स्वास्थ्य संरक्षण भई पशु पालक कृषक समूह र सहभागीहरु लामान्वित हुने छन् । |

| | जिम्मेवार | कोप्रति उत्तरदायी ? | सम्पर्क समन्वय गर्नुपन | जानकारी दिनुपर्ने |
|---|---|---|---|---|
| जिम्मेवारीको तह | योजना अधिकृत, DLSU | प्रमुख, DLSU | IEC Expert | भेटेरिनरी इपिडेमियोलोजी शाखा, प. से. विभाग |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

१७ चिलिंग भ्याट, मिल्क एनलाइजर तथा डेरी उपकरण मर्मत सम्भार तालिम

| | |
|---|---|
| क्रियाकलापक | **चिलिंग भ्याट, मिल्क एनलाइजर तथा डेरी उपकरण मर्मत सम्भार तालिम (१ हप्ते)** |
| क्रियाकलापको कोड नंम्बर | |
| क्रियाकलापको उद्देश्यहरु | दुग्ध उद्योग तथा दुग्ध सहकारीहरुका चिलिंग भ्याट, मिल्क एनलाइजर र अन्य उपकरणको मर्मत सम्भार गरी पुन: संचालनमा ल्याउने जनशक्ति तयार पार्न सहयोग पुर्याउने । |
| अपेक्षित प्रतिफल | • समूह तथा सहकारीमा रहेको चिलिंग भ्याट, मिल्क एनलाइजर तथा अन्य डेरी उपकरणहरु मर्मत भई सदुपयोग हुने ।<br>• सम्बन्धित दुग्ध उद्योग तथा सहकारीहरुमा संकलित दूधको संरक्षण हुने ।<br>• संकलित दूधको गुणस्तर वृद्धि हुने ।<br>• दुग्ध उद्योग तथा सहकारीको आय वृद्धि हुने । |
| लक्षित सहभागी | • दुग्ध उद्योग वा दुग्ध उत्पादक सहकारीले छनोट गरेका व्यक्तिहरु।<br>• आयोजनाको पूरक अनुदान प्राप्त गरी दूध सम्बन्धी उप-आयोजना संचालन गरिरहेका व्यवसायीहरु। |
| सहभागी छनौट विधि | यो तालिम आयोजनाको अनुदान प्राप्त दुग्ध उद्योग, दुग्ध उत्पादक सहकारी संस्था वा दुग्ध व्यवसायी कृषक समूहमा कार्यरतमध्ये मर्मत संभार सम्बन्धी सामान्य जानकारी भएका ब्यक्तिलाई छनोट गरी संचालन गरिने छ । सो विषयमा दक्ष्य प्राविधिकबाट तालिम संचालन हुने भएकोले सामान्य इन्जिनीयरिंग ज्ञान भएकालाई छनौटमा प्राथमिकता दिइने छ र तालिमका सहभागी छनौटलाई समावेशी बनाइने छ । |
| क्रियाकलाप सञ्चालन स्थल | तालिम निजी क्षेत्रका डेरी उपकरण उत्पादक व्यवसायीले संचालन गरेका कारखाना वा डेरी उपकरणहरु भएको डेरी उद्योगमा प्रयोगात्मक कक्षा संचालन गर्ने गरी सम्पन्न गर्न सकिने छ । |
| चाहिने सामग्री र सहयोग | • सैदान्तिक तालिमको लागि आवश्यक पर्ने तालिम सामग्रीहरु जस्तै चार्ट पेपर, फ्लिप चार्ट, मेटाकार्ड, मार्कर, पेपर, पेन्सिल आदि ।<br>• संभव भएसम्म मल्टिमिडिया प्रोजेक्टर, ह्वाईट बोर्ड र मार्कर। |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

<table>
<tr><td></td><td colspan="4">• प्रयोगात्मक कक्षाको लागि सम्बन्धित उपकरणहरु, चित्रहरु, मर्मत सम्भारमा प्रयोग हुने सर-सामानहरु।<br>• तालिम सहभागितामूलक विधिमा संचालन गरिने छ।</td></tr>
<tr><td>तालिमको विषयबस्तु र तालिम व्यवस्थापन</td><td colspan="4">• स्वच्छ दूधको चारित्रिक गुणहरु, उत्पादन विधि तथा चिस्यानको महत्त्व<br>• डेरी उद्योगमा प्रयोग हुने मुख्य-मुख्य उपकरण र तिनको काम ।<br>• एम्पायर मीटर, भोल्ट मीटर, प्यानल बोर्ड जाच्ने तरिका ।<br>• मेन स्विच, एम. सि. बि., फ्युज तथा ट्रान्सफरमर संबन्धी सैदान्तिक तथा प्रयोगात्मक ज्ञान ।<br>• चिलिंग भ्याट, मिल्क एनलाइजर तथा अन्य डेरीका विधुतीय उपकरणहरुको आन्तरिक बनोट बारे जानकारी।<br>• जेनेरेटर, ट्रांस्फर्मर तथा टाईमरको मर्मत संभार ।<br>• कम्प्रेसर, क्यापसिटर, रिसिभर, स्टेवलाइजर बारे सैदान्तिक तथा प्रयोगात्मक ज्ञान ।</td></tr>
<tr><td>वातावरणमा पर्ने असर न्यूनीकरण योजना</td><td colspan="4">प्रस्तुत तालिम संचालन गर्दा वातावरणमा नकरात्मक असर पर्ने देखिदैन । मर्मत सम्भारको प्रयोगात्मक काम गर्दा प्रयोग भएका सर-सामग्रीहरुलाई सुरक्षितसंग व्यवस्थापन गरिने छ ।</td></tr>
<tr><td>दिगोपन योजना र बहिर्गमन रणनीति</td><td colspan="4">समूह तथा दुग्ध उद्योग, सहकारीमा रहेका चिलिंग भ्याट, मिलक एनलाइजर र अन्य विधुतीय उपकरणहरुको नियमित मर्मत संभार भई स्वच्छ दूध उत्पादन तथा वितरणमा सहयोग पुग्ने ।</td></tr>
<tr><td>अन्तिम लाभग्राही</td><td colspan="4">• दुग्ध उत्पादक समूह तथा सहकारीका सदस्यहरु<br>• डेरी व्यवसायीहरु<br>• दूध उपभोक्ताहरु</td></tr>
<tr><td rowspan="2">जिम्मेवारीको तह</td><td>जिम्मेवार</td><td>कोप्रति उत्तरदायी ?</td><td>सम्पर्क समन्वय गर्नुपर्ने</td><td>जानकारी दिनुपर्ने</td></tr>
<tr><td>डेरी मूल्य शृंखला विज्ञ</td><td>योजना अधिकृत, DLSU</td><td>IEC Expert</td><td>DLSU प्रमुख</td></tr>
</table>

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

## १८ Meat Inspection Training

| क्रियाकलाप | Meat Inspection Training (2 Weeks) |
|---|---|
| क्रियाकलापको कोड | B.3.1.8 |
| क्रियाकलापको उद्देश्य/हरु | • To support provincial and municipal governments in developing their human resource by training veterinary officers as Meat Inspectors.<br>• To ensure that apparently healthy, physiologically normal animals only are slaughtered for human consumption and that abnormal animals are separated and dealt with accordingly.<br>• To ensure that meat from animals is free from disease, wholesome and of no risk to human health. |
| अपेक्षित प्रतिफल | • The capacity of the provincial and local government human resources will be enhanced.<br>• Trainees will be aware of meat inspection procedure and will be able to serve as a meat inspector in their respective municipalities after completion of the training.<br>• Meat from healthy animal and fit for human consumption will be available in the market which will benefit the consumers. |
| लक्षित सहभागी | • Registered Veterinary Professionals selected by targeted Municipalities.<br>• Provincial government employed veterinarians.<br>• Preference will be given to female participants. |
| सहभागी छनौट विधि | • The trainees must be registered veterinary graduates with B.V.Sc & A.H or equivalent degree.<br>• The respective government agencies and municipalities will select the trainees.<br>• Preference will be given to female candidates. |
| क्रियाकलाप सञ्चालन स्थल | • The training will be organized at government training centers or private slaughter houses/slabs with facilities for practical demonstrations and exercises. |
| चाहिने सामग्री र सहयोग | • Stationary such as pen, brown paper, marker, meta card, chart paper and so on.<br>• Multimedia and poster presentation. |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | |
|---|---|
| | • Live animal and carcasses for practical demonstration.<br>• Slaughterhouse/slaughter slab/butcher shop with enough facilities for practical demonstration. |
| विधि, तरिका वा चरणहरु | • Duration of the training will be of two weeks.<br>• The average number of participants will be 15 (10-20 trainees per batch).<br>• The training will be organized in public or private training venues with sufficient facilities for practical demonstrations and exercises.<br>• Theoretical sessions (power point presentation) and practical demonstrations both will be used during the training.<br>• Emphasis will be on participatory approach of learning.<br>• Trainers will be Veterinary Professionals with advance training in meat technology.<br>• Probable topics to be covered during the training are:<br>*THEORY*<br>1. Nutritive value and composition of meat.<br>2. Meat Quality and its Implications<br>3. Regulation of meat marketing in Nepal.<br>4. Handling and transportation of meat animals.<br>5. Handling, transportation and storage of meat and meat products.<br>6. Abattoirs and its management in Nepal<br>7. Slaughtering of a goat<br>8. Bio-security measures in a goat slaughterhouse<br>9. Judgment of ante-mortem and post-mortem of goat<br>10. Judgment of carcass.<br>11. Normal and abnormal condition, its judgment<br>12. Hematoma, hemorrhages, abscess, edema etc<br>13. Veterinary drugs and residue in meat<br>14. Sludge, waste and drainage management system in a slaughterhouse<br>15. Sanitizer, sanitation and hygienic practice in a slaughterhouse<br>16. Identification of plant poisoning<br>17. Identification of fraudulent of meat<br>18. Identification of spoilage of meat |
| | 19. Factors affecting the meat quality |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | |
|---|---|
| | 20. Meat adulteration and its identification<br>21. Bacteriological standards for meat<br>22. Meat preservation<br>23. Meat production and processing<br>24. Design and estimate of a slaughterhouse/slab<br>25. practice of ante-mortem and post-mortem<br>26. Standardization and calibration of equipment<br>27. Meat borne diseases, surveillance and its control program<br>*PRACTICAL*<br>1. Meat processing and inspection process.<br>2. Holding as well as isolation ward<br>3. Equipment and disinfectants<br>4. Techniques<br>5. Stunning<br>6. Dehairing<br>7. Scalding<br>8. Dressing in slaughterhouse<br>9. Meat processing program<br>10. Wholesale cut, Sausage, salami, ham etc<br>10. Preservation of meat<br>11. Laboratory examination of meat and its products<br>12. Slaughterhouse waste management (rumen content, blood and waste water, effluents, bone, bi-products)<br>13. Process and guideline for import as well as export of frozen meat<br>14. Dispute and renewable process of a meat shop<br>15. Temperature<br>16. Health certificate<br>17. Renderings |
| वातावरणमा पर्ने असर न्यूनीकरण योजना | Since this is a training event it will not have any adverse effect on the environment. |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर



डा. बंशी शर्मा
महानिर्देशक

<table>
<tr><td>दिगोपन योजना र बहिर्गमन रणनीति</td><td colspan="4">

• The trainee will aware of the meat inspection process and procedure and will be able to perform work as meat inspector in the future in their respective municipalities once the meat inspection act comes in force.<br>
• The trend of meat inspection will be established and this will help in the production of hygienic meat fit for human consumption without inferring in the health of the consumers and also facilitate in export of meat and meat products to other countries.<br>
• Further the local government will initiate the meat inspection process in their area by creating more number of human resources.</td></tr>
<tr><td>अन्तिम लाभग्राही</td><td colspan="4">The consumers will be benefited as they will get healthy meat fit for consumption and will also boost up the confidence of processor and traders nationally and internationally.</td></tr>
<tr><td rowspan="2">जिम्मेवारीको तह</td><td>जिम्मेवार</td><td>कोप्रति उत्तरदायी ?</td><td>सम्पर्क समन्वय गर्नुपर्ने</td><td>जानकारी दिनुपर्ने</td></tr>
<tr><td>Meat Specialist</td><td>Planning Officer, DLSU</td><td>DLSU Chief</td><td>TL-TA</td></tr>
</table>

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

## १९ Hygienic Meat Production and Processing Training

| | |
|---|---|
| क्रियाकलाप | **Hygienic Meat Production and Processing Training** |
| क्रियाकलापको कोड | |
| क्रियाकलापको उद्देश्य/हरु | ▪ To train owners and workers of slaughter slabs and meat shops on hygienic meat handling.<br>▪ To make the butchers and meat sellers aware on importance of hygienic meat production and processing.<br>▪ To train the meat shop workers on proper storage of meat.<br>▪ To make the trainees aware on the provisions of Animal Slaughterhouse and Meat Inspection Act' 2055 and Slaughterhouse and Meat Inspection Regulation' 2057. |
| अपेक्षित प्रतिफल | ➢ The trainees will understand the relationship between meat and consumers' health and importance of hygienic meat production and processing.<br>➢ The knowledge of the trainees on the process and procedures for hygienic meat production and processing will be enhanced.<br>➢ The trainees will be aware on the requirement of slaughterhouse/slaughter slabs facilities for hygienic meat production.<br>➢ The trainees will know about different cuts and parts of the meat and learn to prepare value added products.<br>➢ The trainees will develop and follow Standard Operating Procedures in their work places. |
| लक्षित सहभागी | Butchers/Meat sellers from the Project Municipalities.<br>Preference will be given to female participants. |
| सहभागी छनौट विधि | • The trainees will be the owners and workers of goat slaughter places and goat meat shops.<br>• The DLSUs, with help from the Social Mobilizers and in collaboration with the Municipal Livestock Service Centers will identify and select the trainees.<br>• The trainees will be selected from the project districts. However, trainees from outside the project district may also be included. |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | |
|---|---|
| क्रियाकलाप सञ्चालन स्थल | The training will be conducted in a public and/or private training center with facilities for goat slaughter and meat storage.<br>• Stationary such as pen, brown paper, marker, meta-card, chart paper etc.<br>• Multimedia projector.<br>• Live animal and carcass for practical demonstration.<br>• Slaughterhouse/slaughter slab/butcher shop with facilities for practical sessions.<br>➢ The average number of the participants will be 15 (10 to<br>➢ Duration of the training will be six working days.<br>➢ Theoretical classes and practical exercises both will be used for the training.<br>➢ Participatory approach will be followed during training.<br>➢ Trainer will be Veterinary Professionals and trained butchers/processors.<br>➢ Probable topics to be covered in the training are:<br>• Composition and nutritive value of meat.<br>• Meat, meat hygiene and consumer health.<br>• Highlights on Animal Slaughterhouse and Meat Inspection Act, 2055 and Slaughterhouse and Meat Inspection Regulation, 2057.<br>• Management of slaughterhouse/slaughter slab/meat shops-cleaning and waste management.<br>• Equipment used in slaughterhouse/slaughter slabs/Meat shops and their operation and sterilization.<br>• Different methods of slaughtering of animal and further processing.<br>• Ante-mortem and Post-mortem inspection.<br>• Handling and transportation of meat animal, meat & meat products.<br>• Cooling process of meat like chilling, freezing.<br>• Different cuts of meat and its importance.<br>• Packaging of meat and meat products.<br>• Major factors affecting the meat quality and their control measures. |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

<table>
<tr><td></td><td colspan="4">

- Meat preservatives and their use.
- Meat processing technology and its importance.
- Different additives used during processing of meat to make different meat products.
- Meat borne diseases and their control measures.
- SoPs in meat handling.

</td></tr>
<tr><td>वातावरणमा पर्ने असर न्यूनीकरण योजना</td><td colspan="4">Since this is only a training event there will be no major impact on the environment due to this event.</td></tr>
<tr><td>दिगोपन योजना र बहिर्गमन रणनीति</td><td colspan="4">• The trainees will become aware of hygienic meat production and processing procedures and will continue operating their respective businesses in a more hygienic way.</td></tr>
<tr><td>अन्तिम लाभग्राही</td><td colspan="4">• The butchers, meat sellers as well as processor will be benefited as it will give a new dimension to their business, attracting more number of consumers.<br>• The consumers will be the final beneficiaries as they will get healthy meat for consumption.</td></tr>
<tr><td rowspan="2">जिम्मेवारीको तह</td><td>जिम्मेवार</td><td>कोप्रति उत्तरदायी ?</td><td>सम्पर्क समन्वय गर्नुपर्ने</td><td>जानकारी दिनुपर्ने</td></tr>
<tr><td>Meat Value Chain</td><td>Planning Officer, Respective DLSU</td><td>DLSU Chief</td><td>IEC Expert-TA</td></tr>
</table>

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

२० पशु बीमा अभिकर्ता तालिम

| क्रियाकलाप | पशु बीमा अभिकर्ता तालिम |
| --- | --- |
| क्रियाकलापको कोड | B.1.2 |
| क्रियाकलापका उद्देश्यहरु | ▪ ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता/निजी क्षेत्रका पाराभेटहरुलाई बीमा अभिकर्ता तालिम प्रदान गरेर अभिकर्ता बनाई समुदायमा पशु बीमा सेवा उपलब्ध गराउने र ग्रा.प.स्वा.का. तथा पाराभेटहरुको आयस्रोत बढाउने ।<br>▪ पशु बीमा कार्यक्रममा स्थानीय कृषकहरुको पहुंच बढाई पशु पालनको जोखिम कम गर्ने । |
| अपेक्षित प्रतिफल | ▪ बीमा अभिकर्ता स्थानीय व्यक्ति हुने भएकोले पशु बीमामा कृषकहरुको विश्वास र आकर्षण बढ्नेछ ।<br>▪ कृषकहरुलाई पशुको बीमा गर्न र बीमित पशुको मृत्यु भएमा क्षतिपूर्ति दाबी गर्न सहज हुनेछ ।<br>▪ बीमा अभिकर्ताले बीमा कम्पनी मार्फत कमिशन पाउने भएकाले उनीहरुको आम्दानीमा वृद्धि हुने छ र उनीहरु समुदायमा निरन्तर क्रियाशील रहनेछन् ।<br>▪ बीमा अभिकर्ताहरु स्थानीय व्यक्ति हुनुका साथै पशु स्वास्थ्य कार्यकर्ता (प्राविधिक) समेत भएकाले उनीहरु र कृषकहरुबीच व्यावसायिक सम्बन्ध स्थापित हुनेछ । यसबाट कृषकहरुले पाउने सेवा सुबिधामा वृद्धि हुनेछ ।<br>▪ पशु बीमाको पहुच बढ्नेछ । |
| लक्षित सहभागी | ▪ आयोजना क्षेत्रमा सक्रियरुपमा काम गरिरहेका ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता र निजी क्षेत्रमा कार्यरत पाराभेटहरु । |
| सहभागी छनौट विधि | ▪ सम्भावित सहभागीहरुमध्ये हाल कृषक समुदायमा सक्रियरुपमा काम गरिरहेका ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता/पाराभेटहरुलाई प्राथमिकता दिने ।<br>▪ एक गाउँ/नगरपालिका बाट सबै भन्दा सक्रिय एक (१) जना पशु स्वास्थ्य कार्यकर्ता/पाराभेटलाई छनौट गर्ने ।<br>▪ सहभागी छनौट गर्दा सम्बन्धित ठाउँमा कार्यरत बीमा कम्पनीको शाखासँग पनि समन्वय गर्ने । |
| क्रियाकलाप सञ्चालन स्थल | ▪ सबै सहभागीहरुलाई पाएक पर्ने स्थानमा, तालिम सञ्चालनका लागि सबै पूर्वाधार भएको उपयुक्त स्थानको खोजी गर्ने वा उपलब्ध हुन सकेमा संघ, प्रदेश र स्थानीय सरकार अन्तर्गतका तालिम केन्द्रहरुमा सञ्चालन गर्ने । |
| चाहिने सामग्री र सहयोग | ▪ तालिम सहजकर्ताले तयार गरेको विषय सूची अनुसारका आवश्यक सामाग्रीहरु जस्तै : तालिम कार्यक्रम सम्बन्धी ब्यानर, मार्कर, न्युजप्रिन्ट, मेटाकार्ड, फोटोकपी पेपर, सेतो पाटी, तालिमका सहभागीहरुलाई नोटबूक, डटपेन, ल्यापटप, मल्टीमिडिया, प्रयोगात्मक सिकाईका लागि चाहिने सामाग्रीहरु (टयाग, टयाग गर्ने मेशिन, पोलीसी पेपरहरु आदि) । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | |
|---|---|
| | यो तालिम बीमा समितिले सञ्चालन गर्ने तालिम हो र बीमा समितिसग समन्वय गरी सञ्चालन गर्नुपर्ने छ। यो तालिम पूरा तीन कार्य दिनको हुनेछ। प्रत्येक दिन कम्तीमा ८ घण्टाका दरले तालिम सञ्चालन गरिनेछ।<br>● तालिमको विषयबस्तु बीमा समितिले निर्धारण गरे बमोजिम निम्नानुसार हुनेछ :<br>➢ तालिमको उद्देश्य वारे आयोजकबाट जानकारी।<br>➢ बीमाको परिचय, कृषि तथा पशु बीमाको सैद्धान्तिक पक्ष र व्यवहारिक पक्ष।<br>➢ पशु बीमाको परिचय, यसबाट हुने फाइदाहरु के के हुन ?<br>➢ कृषि तथा पशुबीमाको सन्दर्भमा नेपाल सरकारको अनुदान नीति वारे विस्तृत जानकारी।<br>➢ बिमा समिति, निर्जीवन बीमा कम्पनीहरु बारे जानकारी, नेपालमा कृषि तथा पशु बीमाको वर्तमान अवस्था र सम्भावना।<br>➢ कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको व्यवस्थाः काम, कर्तव्य तथा बीमा समिति र बीमा कम्पनीसँगको समन्वय।<br>➢ बाली तथा पशुपन्छी बीमा सम्बन्धी निर्देशन, २०६९ का वारेमा विस्तृत जानकारी।<br>➢ बाली तथा पशुपन्छी बीमा प्रक्रिया र विभिन्न फारामहरुको पहिचान र प्रयोगात्मक अभ्यास।<br>➢ गाई /भैंसी, बाखा, च्यांग्राको बीमा लेखहरुको बारेमा जानकारी र प्रयोगात्मक अभ्यास ।<br>➢ बीमा गर्दा गाई/भैंसी, बाखाको मूल्य कसरी निकाल्ने ?<br>➢ पशुपन्छीहरुमा ट्याग लगाउने तरिका बारे जानकारी र अभ्यास।<br>➢ बाली तथा पशु बीमाको क्षतिपूर्ती दावी गर्ने बारे जानकारी र प्रयोगात्मक अभ्यास।<br>➢ आयोजनाको विभिन्न बीमा कम्पनी र बीमा समितिसंगको समन्वय।<br>➢ अवास्तविक क्षतिपूर्ति दावी (Moral Hazard) भनेको केहो ? हाल यस्को अवस्था र रोकथामका उपायहरु बारे जानकारी र छलफल। |
| **तालिमको विषयवस्तु र तालिम व्यवस्थापन** | ➢ र तालिम पस्चात सहभागीको परीक्षा। |
| | ➢ बीमा समितिबाट जारी प्रमाण पत्र वितरण र समापन समारोह।<br>▪ कक्षाहरु सञ्चालन गर्दा विषयको प्रस्तुती र सिकाईका निम्न तरिकाहरु प्रयोग गरिनेछन् : प्रवचन, PPT, सहभागितात्मक प्रस्तुती, प्रश्न-उत्तर, खुला छलफल, प्रयोगात्मक सिकाई।<br>▪ तालिमको अन्तमा सहभागीहरुबाट तालिम व्यवस्थापन, तालिममा सिकाइएका विषयबस्तुहरु, तालिमका प्रशिक्षकहरुको प्रस्तुती बारेमा, मूल्याङ्कन फारामका आधारमा समग्र मूल्याङ्कन गराउने। |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

<table>
<tr><td>वातावरणमा पर्ने असर न्यूनीकरण योजना</td><td colspan="4">यो तालिमका सैद्धान्तिक कक्षा, गाउँ/नगर पालिकाको उपयुक्त स्थानमा सञ्चालन हुने र प्रयोगात्मक कक्षा समुदायमा गई गाई/भैंसी/बाखापालक कृषकको घरमा वातावरण मैत्री तरिकाले सञ्चालन गरिनेछ र कुनै नकारात्मक असर पर्नेछैन ।</td></tr>
<tr><td>दिगोपन योजना र बहिर्गमन रणनीति</td><td colspan="4">▪ ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता/पाराभेटहरुलाई दिइने कृषि बीमा अभिकर्ताको तालिमबाट उनीहरुको ज्ञान, सीप र क्षमता बढ्नुका साथै आम्दानीमा वृद्धि हुनेछ ।<br>▪ स्थानीय व्यक्ति बीमा अभिकर्ता भएपछि पशु बीमाप्रति कृषकहरु थप आकर्षित हुनेछन्, बीमा अभिकर्ताहरु पशु पालक समुदायमा क्रियाशील भै रहनेछन् र बीमा कम्पनीहरुसँग उनीहरुको व्यावसायिक सम्बन्ध राम्रो हुने भएकाले पशुको बीमा गर्न र क्षतिपूर्ति दाबी गर्न कृषकहरुलाई सहज हुनेछ ।<br>▪ यसको नतिजास्वरुप आयोजना पश्चात पनि बीमा अभिकर्ताहरु कृषक समुदायमा क्रियाशील भै रहनेछन् र पशु बीमा दिगोरुपमा सञ्चालन भै रहनेछ ।</td></tr>
<tr><td>अन्तिम लाभग्राही</td><td colspan="4">आयोजना लागू भएका प्रदेश अन्तर्गतका २८९ पालिकामा कार्यरत सक्रिय ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता/पाराभेटहरु र उनीहरुले सेवा पुऱ्याउने पशुपालक कृषकहरु ।</td></tr>
<tr><td rowspan="2">जिम्मेवारीको तह</td><td>जिम्मेवार</td><td>को प्रति उत्तरदायी ?</td><td>सम्पर्क समन्वय गर्नुपर्ने</td><td>जानकारी दिनुपर्ने</td></tr>
<tr><td>पशु सेवा सामाजिक परिचालक</td><td>विकेन्द्रीकृत सहयोग ईकाईका अनुगमन अधिकृत</td><td>आयोजनाका सहकारी विज्ञ</td><td>विकेन्द्रीकृत सहयोग ईकाई प्रमुख</td></tr>
</table>

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

२१ मूल्य शृंखला सरोकारवालाहरुको लागि जैविक सुरक्षा तालिम

| क्रियाकलाप | मूल्य शृंखला सरोकारवालाहरुको लागि जैविक सुरक्षा तालिम |
|---|---|
| क्रियाकलापको कोड नम्वर | B.2.4.3.7 |
| क्रियाकलापको उद्देश्य/हरु | • जैविक सुरक्षा बारे कृषकको ज्ञान वृद्धि गराएर प्रयोगमा ल्याउने र पशुपन्छीका रोगहरुको रोकथाम गर्ने ।<br>• स्वच्छ दूध तथा मासु उत्पादन गर्ने । |
| अपेक्षित प्रतिफल | • समूह तथा सहकारीका सदस्यहरु पशु स्वास्थ्य र मानव स्वास्थ्यको अन्तरसम्बन्ध बारे जानकार हुनेछन ।<br>• तालिमका सहभागीहरुले आ-आफ्नो फार्ममा जैविक सुरक्षाका उपायहरु प्रयोगमा ल्याउने छन<br>• फार्ममा पशुपन्छीका रोगहरु कम भई उत्पादकत्व बढ्ने छ र उत्पादन लागत घट्ने छ ।<br>• फार्मबाट उत्पादन हुने दूध र मासुको स्वच्छतामा सुधार हुने छ । |
| लक्षित सहभागी | आयोजनाको पूरक अनुदान प्राप्त गरी उप-आयोजना सञ्चालन गरिरहेका अनुदानग्राहीहरु यो तालिमका लक्षित सहभागी हुनेछन । त्यस बाहेक आयोजनाले गठन गरी परिचालन गरिरहेका वा आयोजनासँग सहकार्य गरिरहेका कृषक समूह वा सहकारी संस्थाका सदस्य कृषकहरु पनि तालिमका सहभागी हुन सक्नेछन । |
| सहभागी छनौट विधि | यो तालिमका सहभागीहरु निम्न आधारमा छनौट गरिने छ:<br>• आयोजनाबाट पूरक अनुदान प्राप्त गरी उप-आयोजना सञ्चालन गरिरहेका अनुदानग्राहीहरु ।<br>• समूह/सहकारी संस्थामा आबद्ध रही व्यावसायिकरुपमा गाई/भैसी वा बाख्रा/च्यांग्रापालन गरिरहेका कृषकहरु ।<br>• तालिम सहभागी छनौट गर्दा महिला तथा जनजातीलाई प्राथमिकता दिइने छ । |
| क्रियाकलाप सञ्चालन स्थल | यो तालिम गाउँ वा नगरपालिका, जिल्ला वा ल्कस्टर स्तरमा सञ्चालन गरिने छ । |
| चाहिने सामग्री र सहयोग | • तालिम सञ्चालनको लागि आवश्यक स्टेशनरी सामग्रीहरु- ब्राउन पेपर, मार्कर, चार्ट पेपर आदि ।<br>• सम्भव भएसम्म मल्टिमिडिया प्रोजेक्टर, ह्वाइट बोर्ड, आदि । |
| विधि, तरिका वा चरणहरु | • तालिम अवधि तीन दिनको हुने छ ।<br>• गाउँ वा नगरपालिका, जिल्ला वा ल्कस्टर स्तरमा तालिम सञ्चालन गर्ने स्थान तय गर्ने ।<br>• प्रत्येक तालिमको लागि सरदर २० (१५ देखि २५) सहभागीहरु छनौट गर्ने ।<br>• तालिममा आयोजनाको अनुदान प्राप्त गरी उप-आयोजना सञ्चालन गरिरहेका अनुदानग्राहीलाई अनिवार्यरुपमा सहभागी गराउने । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

<table>
<tr><td></td><td colspan="4">• समूह वा सहकारीका सदस्यहरुको हकमा प्रत्येक समूह वा सहकारीबाट सहभागी गराउन सकिने संख्या तोकी समूह वा सहकारीबाटै सहभागी छनौट गराउने ।<br>• प्रशिक्षकको रुपमा भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्र वा स्थानीय तहमा कार्यरत विषय विज्ञ र प्राविधिकहरुको सेवा उपयोग गर्ने ।<br>• तालिमको विषयबस्तु गाई/भैसी र बाखापालनमा केन्द्रीत रहने छ र निम्नानुसार हुनेछः<br>❖ विश्व व्यापार संगठन, स्वच्छता तथा बिरुवा स्वच्छता (SPS) सम्झौता, कृषिजन्य बस्तुको आयात निर्यात व्यवस्था र नेपालमा जैविक सुरक्षा लागू गर्न चुनौतीहरु ।<br>❖ जैविक सुरक्षा अवधारणा र डेरी तथा बाखाच्यांग्रा फार्महरुमा जैविक सुरक्षाका उपायहरुको अभ्यास ।<br>❖ असल पशुपालन अभ्यासहरु ।<br>❖ खाद्य स्वच्छता र दूध तथा मासुमा औषधी तथा रासायनहरुको अवशेष ।<br>❖ फार्म दर्ता तथा पशु पहिचानीयता ।<br>❖ पशु सेवासँग सम्बन्धित मौजूदा कानूनी व्यवस्थाहरु ।<br>❖ पशु क्वारेन्टीन र फार्म स्तरमा क्वारेन्टीनको महत्व तथा तरिका ।<br>❖ प्रमुख जूनोटिक रोगहरु ।<br>❖ पशुजन्य खाद्यबस्तुबाट मानिसमा सर्ने रोगहरु ।<br>❖ फार्म स्तरमा जैविक सुरक्षा लागू गर्न कृषकले अपनाउनु पर्ने उपायहरु ।<br>❖ तालिम मूल्याङ्कन र समापन ।</td></tr>
<tr><td>वातावरणमा पर्ने असर न्यूनीकरण योजना</td><td colspan="4">प्रस्तुत तालिम सञ्चालन गरिदा वातावरणमा नकारात्मक असर पर्ने छैन । तालिमका सिकाईहरु व्यवहारमा लागू भएमा वातावरण संरक्षणमा सहयोग पुग्ने छ ।</td></tr>
<tr><td>दिगोपन योजना र बहिर्गमन रणनीति</td><td colspan="4">तालिमका सहभागी कृषकहरुले पशुपालनका असल अभ्यासहरुका पालना गर्ने छन र त्यसबाट प्राप्त हुने फाइदाहरु प्रत्यक्ष महसुस गरी आ-आफ्नो फार्ममा लागू गर्ने छन ।</td></tr>
<tr><td>अन्तिम लाभग्राही</td><td colspan="4">उप-आयोजना सञ्चालन गरिरहेका अनुदानग्राही र समूह तथा सहकारीका सदस्य कृषकहरु ।</td></tr>
<tr><td rowspan="2">जिम्मेवारीको तह</td><td>जिम्मेवार</td><td>कोप्रति उत्तरदायी ?</td><td>सम्पर्क समन्वय गर्नुपर्ने</td><td>जानकारी दिनुपर्ने</td></tr>
<tr><td>पशु सेवा सामाजिक परिचालक</td><td>योजना अधिकृत DLSU</td><td>आयोजनाको पशु चिकित्सा विज्ञ</td><td>DLSU प्रमुख</td></tr>
</table>

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

## २२ असल पशुपालन अभ्यास र खाद्य स्वच्छता तालिम

| क्रियाकलाप | असल पशुपालन अभ्यास र खाद्य स्वच्छता तालिम (१ हप्ते) |
|---|---|
| क्रियाकलापको कोड | B.1.11 |
| क्रियाकलापको उद्देश्य/हरु | समूह तथा सहकारीहरुमा असल पशुपालन अभ्यासहरुको विस्तार गर्ने र स्वच्छ दूध तथा मासु उत्पादन वृद्धि गराउने । |
| अपेक्षित प्रतिफल | • समूह तथा सहकारीका सदस्यहरुले पशुपालनका असल अभ्यासहरु बारे जानकारी पाउने ।<br>• गाई/भैसी र बाखा/च्यांग्रापालनका असल अभ्यासहरु प्रदर्शन हुने ।<br>• फार्ममा रोगको प्रकोप तथा मृत्यु दर घट्ने ।<br>• फार्मको उत्पादकत्व बढ्ने ।<br>• फार्म उत्पादनको स्वच्छतामा सुधार हुने । |
| लक्षित सहभागी | यो तालिम आयोजनाको पूरक अनुदान प्राप्त गरी उप-आयोजना सञ्चालन गरिरहेका अनुदानग्राहीहरु र आयोजनाले गठन गरी परिचालन गरिरहेका वा आयोजनासँग सहकार्य गरिरहेका कृषक समूह वा सहकारी संस्थाहरुमा सञ्चालन गरिने छ ।<br>तालिममा आयोजनाका अनुदानग्राही वा समूह/सहकारी संस्थामा आबद्ध रही व्यावसायिकरुपमा गाई/भैसी वा बाखा/च्यांग्रा पालन गरिरहेका कृषकहरुलाई सहभागी गराइने छ ।<br>तालिम सहभागी छनौट गर्दा महिला तथा जनजातिलाई प्राथमिकता दिइने छ । |
| सहभागी छनौट विधि | यो तालिमका सहभागीहरु निम्न आधारमा छनौट गरिने छः<br>• आयोजनाबाट पूरक अनुदान प्राप्त गरी उप-आयोजना सञ्चालन गरिरहेका अनुदानग्राही ।<br>• आयोजनासँग सहकार्य गरिरहेका कृषक समूह वा सहकारी संस्थाले छनौट गरेका सदस्य कृषक । |
| क्रियाकलाप सञ्चालन स्थल | यो तालिम गाँउ/नगरपालिका, जिल्ला वा ल्कस्टर स्तरमा सञ्चालन गरिने छ । |
| चाहिने सामाग्री र सहयोग | • तालिम सञ्चालनको लागि आवश्यक स्टेशनरी सामाग्रीहरु - ब्राउन पेपर, मार्कर, चार्ट पेपर आदि ।<br>• सम्भव भएसम्म मल्टिमिडिया प्रोजेक्टर, पोष्टर आदिको प्रयोग गर्ने ।<br>• तालिम सञ्चालनकोक्रममा प्रवचन भन्दा दोहोरो छलफललाई प्राथमिकता दिने । |
| विधि, तरिका वा चरणहरु | • तालिम अवधि तीन दिनको हुने छ ।<br>• गाँउ वा नगरपालिका, जिल्ला वा ल्कस्टर स्तरमा तालिम सञ्चालन गर्ने स्थान तय गर्ने । |



नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | |
|---|---|
| | • प्रत्येक तालिमको लागि सरदर २०-१५ देखि २५ जना सहभागीहरु छनौट गर्ने ।<br>• तालिममा आयोजनाको अनुदान प्राप्त गरी उप-आयोजना सञ्चालन गरिरहेका अनुदानग्राहीलाई अनिवार्यरुपमा सहभागी गराउने ।<br>• समूह वा सहकारीका सदस्यहरुको हकमा प्रत्येक समूह वा सहकारीबाट सहभागी गराउन सकिने संख्या तोकी समूह वा सहकारीबाटै सहभागी छनौट गराउने ।<br>• प्रशिक्षकको रुपमा संघ, प्रदेश र स्थानीय सरकार मातहतका पशु सेवा सम्बद्ध निकायहरुमा कार्यरत विषय विज्ञ र प्राविधिकहरुको सेवा उपयोग गर्ने ।<br>• तालिममा निम्न विषयबस्तुहरु समावेश गर्ने:<br>❖ खाद्य स्वच्छता र पशुपालनमा असल अभ्यासको महत्व ।<br>❖ घरपालुवा पशुको गोठ खोर व्यवस्थापन ।<br>❖ पशुको आहारा व्यवस्थापन र पशुजन्य उत्पादनको लागत कम गर्ने तरिकाहरु ।<br>❖ पशु नश्ल सुधारका तरिकाहरु र कृत्रिम गर्भाधान बारे जानकारी ।<br>❖ घर पालुवा पशुका संकामक रोगहरु, रोग रोकथामका तरिका र मुख्य खोपहरु ।<br>❖ गाई, भैसी र बाखाका परजीवीहरु र परजीवी नियन्त्रणका तरिकाहरु ।<br>❖ पशुमा बाझोपनको समस्या कारण र समाधानका उपायहरु ।<br>❖ थुनेलो र रोकथामका उपायहरु ।<br>❖ स्वच्छ दूध उत्पादनका तरिकाहरु ।<br>❖ पशु र मानिसबीच सर्ने रोगहरु र ती रोग रोकथामका उपायहरु ।<br>❖ पशु कल्याणका आधारभूत शर्तहरु । |
| **वातावरणमा पर्ने असर न्यूनीकरण योजना** | प्रस्तुत तालिम सञ्चालन गरिदा वातावरणमा नकारात्मक असर पर्ने छैन । |
| **दिगोपन योजना र बहिर्गमन रणनीति** | तलिमका सहभागी कृषकहरुले पशुपालनका असल अभ्यासहरुका पालना गर्ने छन र त्यसबाट प्राप्त हुने फाइदाहरु प्रत्यक्ष महसुस गरी आ-आफ्नो फार्ममा लागू गर्ने छन । |
| **अन्तिम लाभग्राही** | समूह तथा सहकारीका सदस्य कृषकहरु । |

| | जिम्मेवार | कोप्रति उत्तरदायी ? | सम्पर्क समन्वय गर्नुपर्ने | जानकारी दिनुपर्ने |
|---|---|---|---|---|
| **जिम्मेवारीको तह** | पशु सेवा सामाजिक परिचालक | योजना अधिकृत, DLSU | आयोजनाको पशु चिकित्सा विज्ञ, PMU | DLSU प्रमुख |

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

२३ घाँसको बीउ उत्पादन तालिम

| क्रियाकलाप | घाँसको बीउ उत्पादन तालिम |
|---|---|
| क्रियाकलापको कोड | B.2.6.4 |
| क्रियाकलापको उद्देश्य/हरु | कृषक, कृषक समूह र सहकारीका सदस्यहरुलाई घाँसको बीउ उत्पादन तालिम दिएर गुणस्तरीय बीउ उत्पादन गराउने । |
| अपेक्षित प्रतिफल | • स्थानीय स्तरमा घाँसको बीउको उपलब्धता बढ्ने ।<br>• हाल उत्पादन भइरहेको घाँसको बीउको गुणस्तरमा सुधार हुने ।<br>• घाँस खेती विस्तार हुने ।<br>• पशुजन्य उत्पादनको लागत कम हुने । |
| लक्षित सहभागी | यो तालिम आयोजनाले गठन गरी परिचालन गरिरहेका वा आयोजनासँग सहकार्य गरिरहेका कृषक समूह, सहकारीका सदस्यहरुलाई प्रदान गरिने छ । तालिममा समूह तथा सहकारीमा आबद्ध नभएका तर तुलनात्मकरुपमा ठूलो क्षेत्रमा घाँस खेती गरिरहेका र आयोजनासँग सहकार्य गर्न इच्छुक अन्य कृषकलाई पनि सहभागी गराउन सकिने छ । |
| समावेशी सहभागी छनौट विधि | तुलनात्मकरुपमा ठूलो क्षेत्रमा घाँस खेती गरिरहेका र घाँसको बीउ उत्पादन गर्न इच्छुक तथा पुग्दो उपयुक्त जमिन तथा अन्य पूर्वाधार भएका कृषकहरुलाई छनौट गरिने ।<br>तालिमका सहभागी छनौट गर्दा महिला तथा जनजातिलाई प्राथमिकता दिइने छ । |
| क्रियाकलाप सञ्चालन स्थल | यो तालिम घाँसको बीउ उत्पादन गर्ने सरकारी फार्महरुमा सञ्चालन गरिनेछ । |
| चाहिने सामग्री र सहयोग | • तालिम सञ्चालनको लागि आवश्यक स्टेशनरी सामग्रीहरु- कपी, सिसा कलम, डटपेन, ब्राउन पेपर, मार्कर, चार्ट पेपर, न्युजप्रिन्ट आदि ।<br>• मल्टिमिडिया प्रोजेक्टर, पोष्टर आदि ।<br>• बीउ उत्पादन तथा प्रशोधन सम्वन्धी व्यावहारिक अभ्यास गर्न चाहिने औजार, उपकरण तथा अन्य सुविधाहरु ।<br>• बीउ प्रशोधन तथा भण्डारण गर्ने अन्य उपकरणहरु । |
| | • तालिम अवधि एक हप्ता (६ कार्य दिन) को हुने छ ।<br>• DLSU ले तालिम सञ्चालन गर्ने स्थान (फार्महरु) छनौट गर्नेछन । |

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | |
|---|---|
| | ● विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरुले उपयुक्त २० देखि २५ जना सहभागी छनौट गर्ने छन । |
| **तरिका, साधन वा चरणहरु** | ● आयोजनाका चरन तथा पशु पोषण विज्ञ र उपलब्ध अन्य सरकारी तथा गैर सरकारी क्षेत्रका विषय विज्ञहरु प्रशिक्षक हुनेछन ।<br>● **बीउ उत्पादन गर्न प्रवद्धन गरिने प्रमुख घाँसहरु**<br>आयोजनाले निम्न घाँसहरुको बीउ उत्पादनमा जोड दिनेछ:<br>❖ बर्सिम<br>❖ जै<br>❖ भेच<br>❖ मकैचरी<br>❖ स्टाइलो<br>❖ भटमासे<br>❖ राई<br>❖ कक्सफूट<br>❖ लुसर्न<br>❖ पास्पलम<br>❖ कोते<br>❖ मकै<br>❖ बाजरा<br>❖ टिओसेन्टि आदि<br>● **तालिमको विषयबस्तु यस प्रकार हुनेछ:**<br>❖ घाँसेबालीको बीउको महत्व र आवश्यकता ।<br>❖ गुणस्तरीय बीउका गुणहरु ।<br>❖ बीउको गुणस्तर कायम गर्न चाहिने घाँस खेती प्रविधिहरु ।<br>❖ प्रचलित बहुवर्षीय घाँसहरुको बीउ उत्पादन प्रविधि ।<br>❖ प्रमुख हिउदे र बर्षे घाँसहरुको बीउ उत्पादन प्रविधि ।<br>❖ स्थानीय घाँसको बीउ उत्पादन प्रविधि ।<br>❖ घाँसको बीउको न्यूनतम मापदण्डहरु ।<br>❖ बीउको उमारशक्ति परीक्षण ।<br>❖ बीउ प्रशोधन तथा भण्डारण ।<br>❖ यथार्थ संकेतपत्र । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | |
|---|---|
| | ❖ बीउको बजार व्यवस्थापन । |
| **वातावरणमा पर्ने असर न्यूनीकरण योजना** | घाँसको बीउ उत्पादन तालिम सञ्चालन गर्दा वातावरणमा नकारात्मक असर नपर्ने ।<br><br>● विकेन्द्रीकृत आयोजना सहयोग इकाईका उप-आयोजना सञ्चालकहरुको तालिमबाट व्यक्तिगत सीप र क्षमतामा विकास हने ।<br><br>● घाँसको विउ उत्पादन तथा प्रशोधन सम्वन्धी नयाँ प्रविधिहरु तालिमबाट सिकेर बीउ उत्पादन गरी आम्दानी लिनेछन र बीउ उत्पादनलाई निरन्तरता दिनेछन । |
| **अन्तिम लाभग्राही** | कृषक, कृषक समूह, सहकारीका सदस्यहरु । |

| | जिम्मेवार | कोप्रति उत्तरदायी ? | सम्पर्क समन्वय गर्नुपर्ने | जानकारी दिनुपर्ने |
|---|---|---|---|---|
| **जिम्मेवारीको तह** | घाँस तथा चरन विज्ञ | DLSU प्रमुख | घाँस विकास फार्म र स्रोत केन्द्रहरु | Team Leader,<br><br>TA team |

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

डा. बंशी शर्मा
महानिर्देशक

२४ समूह परिचालन  अभिमुखीकरण स्थलगत तालिम

| क्रियाकलाप | समूह परिचालन  अभिमुखीकरण स्थलगत तालिम |
|---|---|
| कियाकलापको कोड | B.1.2 |
| कियाकलापका उद्देश्यहरु | ▪ समूह सदस्यहरुलाई समूहमा आबद्ध हुन प्रेरित गर्ने ।<br>▪ समूहलाई सकिय बनाई आयोजनाका कार्यकमहरु प्रभावकारीरुपमा सञ्चालन गर्ने ।<br>▪ समूहको संस्थागत दिगो विकास गर्ने । |
| अपेक्षित प्रतिफल | ▪ सदस्यहरु समूहमा आबद्ध हुन प्रेरित हुनेछन ।<br>▪ समूहका पदाधिकारीहरुको नेतृत्व क्षमताको विकास हुनेछ ।<br>▪ समूहको संस्थागत विकासमा टेवा पुग्नेछ ।<br>▪ समूहहरु सकियरुपमा सञ्चालन हुनेछन ।<br>▪ समूहहरु स्थानीय तहमा दर्ता भई दिगो हुने छन । |
| लक्षित सहभागी | यो कियाकलाप नयाँ गठन गरिने सबै पशुपालक कृषक समूहहरुमा सञ्चालन गरिने छ । समूहका सबै सदस्यहरुलाई तालिममा सहभागी गराईने छ । |
| सहभागी छनौट विधि | यो तालिम समूहका सबै सदस्यहरुलाई सहभागी गराई प्रदान गरिने छ । समूह गठन विधि अनुसार महिलाको सहभागिता कम्तीमा ४५ प्रतिशत र जनजाति तथा दलित सदस्यहरुलाई प्राथमिकता दिई समूह गठन गरिने भएकोले तालिमका सहभागीहरु पनि सोही अनुपातमा हुनेछन् । |
| कियाकलाप सञ्चालन स्थल | यो कियाकलाप प्रत्येक समूह रहेको गाँउमै स्थलगतरुपमा, सबै सदस्यहरुलाई पाएक पर्ने कुनै एक स्थानमा सञ्चालन गरिने छ । |
| चाहिने सामग्री र सहयोग | • समूह गठनका समयमा उपलब्ध गराइएका रजिष्टरहरु, समूह गठन निर्देशिका, मार्कर, न्युजप्रिन्ट, मेटाकार्ड, फोटोकपी पेपर, सेतोपाटी आदि ।<br>• तालिमका सहभागीहरुको लागि नोटबूक, डटपेन र आवश्यकता अनुसारका अन्य सामग्रीहरु । |
| | ▪ यो तालिम पूरा एक कार्य दिन ( ८ घण्टा) को हुनेछ ।<br>• तालिममा छलफलका विषयहरु निम्नानुसार हुनेछन:<br>○ समूह के हो ? समूहको आवश्यकता किन पर्छ ?<br>○ समूह गठन विधि<br>○ समूहमा बसेर काम गर्दा हुने फाइदाहरु |
| | ○ समूहका पदाधिकारीहरुको चयन र उनीहरुको उत्तरदायित्व |

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

○ समूह व्यवस्थापन र परिचालनमा समूहका पदाधिकारीहरुको भूमिका

○ समूहमा हितकोषको आवश्यकता

○ हितकोषको स्थापना, प्रवर्द्धन र परिचालन कसरी गर्न सकिन्छ ?

○ समूह सदस्यबीच हितकोषबाट ऋण लगानी र असुली प्रक्रिया

○ हितकोषको हिसाव किताब कसरी राख्ने ?

○ बैठक कसरी सञ्चालन गर्ने ? बैठकका निर्णयहरुको अभिलेख कसरी राख्ने ?

○ समूहका गतिविधि सञ्चालन प्रक्रिया

○ समूह भित्रका पशु सेवा सम्बन्धी, बजार सम्बन्धी तथ्याङ्कहरुको अभिलेख कसरी राख्ने ?

○ पशु बीमाको परिचय, यसबाट हुने फाइदाहरु के के हुन ?

○ नेपालमा पशु बीमाको प्रकृया केहो ? पशुको मृत्यु भएमा क्षतिपूर्ति कसरी प्राप्त गर्ने ?

▪ समूहको विषयगत आवश्यकता अनुसार प्राविधिक विषय थप गर्ने ।

● यो तालिम व्यवस्थापन निम्नानुसार गरिने छः

▪ पशुसेवा सामाजिक परिचालक, आयोजना विकेन्द्रीकृत सहयोग इकाईका अनुगमन अधिकृत वा योजना अधिकृत र आवश्यकता परेमा एकजना विषय विशेषज्ञ समेतको टोली अभिमुखीकरण तालिम सञ्चालन गरिने समूह स्थलमा १ दिन अगावै पुग्ने ।

▪ यो तालिम स्थलगतरुपमा समूहका सबै सदस्यहरुलाई दिइने भएकोले २५ जनासम्म सहभागी अट्न सक्ने उपयुक्त तालिम हलको व्यवस्था गर्ने ।

▪ पशु सेवा सामाजिक परिचालकले सहभागीहरुको नाम दर्ता गरी तालिमको उद्देश्यका बारेमा सहभागीहरुलाई जानकारी गराउने ।

▪ समूहका अध्यक्षबाट तालिमको सुरुवात गराउने ।

▪ सामाजिक परिचालकले तालिमको अवधिमा समेटिने विषयका सम्बन्धमा सहभागीहरुलाई जानकारी गराउने ।

▪ स्रोत व्यक्तिहरुबाट कमशः विषयबस्तुका आधारमा कक्षाहरु सञ्चालन गर्ने/गराउने ।

▪ कक्षाहरु सञ्चालन गर्दा विषयको प्रस्तुती र सिकाईका निम्न तरिकाहरु प्रयोग गरिनेछन् : भाषण, PPT, सहभागितात्मक प्रस्तुती, प्रश्न-उत्तर, खुला छलफल, प्रयोगात्मक सिकाई आदि ।

▪ तालिमको अन्तमा सहभागीहरुबाट मूल्याङ्कन फाराम मार्फत मूल्याङ्कन गराउने ।

▪ तालिम समापन ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | | | | |
|---|---|---|---|---|
| **वातावरणमा पर्ने असर न्यूनीकरण योजना** | यो तालिम स्थलगतरुपमा सञ्चालन हुने एक दिने कार्यक्रम भएकोले वातावरणमा असर नपर्ने । | | | |
| **दिगोपन योजना र वहिर्गमन रणनीति** | समूहहरुलाई दिइने यस किसिमका तालिमबाट सदस्यहरुको व्यक्तिगत सीप र क्षमता बढ्नुका साथै समूहको संस्थागत विकासमा टेवा पुग्नेछ । समूह क्रियाशील बन्नेछ, स्थानीय तह लगायत अन्य संस्थाहरु, वित्तीय संस्थाहरुसम्म पहुंच पुग्नेछ र समूह स्थानीय तहमा दर्ता हुन योग्य बन्दछ ।<br>यसको नतिजास्वरुप आयोजना पश्चात पनि पशुपालक कृषक समूहहरु क्रियाशील रही समूहहरु दिगोरुपमा सञ्चालनमा रहनेछन् । | | | |
| **अन्तिम लाभग्राही** | नयाँ गठन गरिने पशुपालक कृषक समूहका सदस्य कृषकहरु । | | | |
| **जिम्मेवारीको तह** | जिम्मेवार | को प्रति उत्तरदायी ? | सम्पर्क समन्वय गर्नुपर्ने | जानकारी दिनुपर्ने |
| | पशु सेवा सामाजिक परिचालक | DLSU अनुगमन अधिकृत | आयोजनाको सहकारी विज्ञ, PMU | प्रमुख, DLSU |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

## २५ PMIS अभिमूखीकरण तालिम

| क्रियाकलाप | PMIS अभिमुखीकरण तालिम |
|---|---|
| क्रियाकलापको कोड | D.7.7 |
| क्रियाकलापको उद्देश्य/हरु | आयोजनाका सम्बन्धित कर्मचारीहरुलाई आयोजनाको PMIS प्रयोग तथा सञ्चालन गर्न सिकाउने । |
| अपेक्षित प्रतिफल | • आयोजनामा केन्द्र तथा क्लस्टरमा कार्यरत अनुगमन तथा मूल्याकन कार्यमा सहभागी कर्मचारीहरु PMIS प्रयोग गर्न सक्षम हुने ।<br>• PMIS मा नियमित तथा सहीरुपमा सूचनाहरु संकलन हुने ।<br>• PMIS का जानकारीहरु PMU र DLSU तहमा आवश्यकता अनुसार विश्लेषण गरी चाहिएको समयमा प्रतिवेदनहरु तयार पार्न सकिने । |
| लक्षित सहभागी | यो तालिममा PMU र DLU र ती अन्तर्गत कार्यरत कर्मचारी, सामाजिक परिचालक तथा तथ्याङ्क संकलनको लागि छोटो अवधिको लागि भर्ना गरिएका गणकहरु सहभागी हुनेछन् । |
| सहभागी छनौट विधि | यो तालिमका सहभागीहरु निम्न आधारमा छनौट गरिने छ:<br>• PMU र चारवटै विकेन्द्रीकृत सहयोग इकाईमा कार्यरत अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्ने कर्मचारीहरु ।<br>• विकेन्द्रीकृत सहयोग इकाई अन्तरगत कार्यरत सामाजिक परिचालकहरु ।<br>• आवधिक तथ्याङ्क संकलनको लागि छोटो अवधिकोलागि भर्ना गरिएका गणकहरु । |
| क्रियाकलाप सञ्चालन स्थल | यो तालिम विकेन्द्रीकृत आयोजना सहयोग ईकाईले तोके अनुसार DLSU स्तरमा सञ्चालन गरिने छ । |
| चाहिने सामाग्री र सहयोग | सैद्धान्तिक कक्षाको लागि:<br>• आवश्यक स्टेशनरी सामाग्रीहरु- ब्राउन पेपर, मार्कर, चार्ट पेपर आदि ।<br>• मल्टिमिडिया प्रोजेक्टर, पोष्टर आदि ।<br>• अभ्यास (Exercise) कक्षाको लागि :<br>✓ निर्धारित फर्म्याटहरु ।<br>✓ प्रत्येक सहभागीको लागि ल्यापटप वा ट्याव्लेट ।<br>✓ अभ्यास कक्षा अवधिभर Internet को अवरुद्धता नहुने ब्यबस्था । |
| विधि, तरिका वा चरणहरु | • तालिम अवधि २-३ दिनको हुनेछ ।<br>• तालिम सञ्चालन गर्ने स्थान DLSU ले तय गर्नेछन । |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय पशु सेवा विभाग हरिहरभवन, ललितपुर

<table>
<tr><td></td><td colspan="4">

• तालिमको प्रत्येक समूहमा सकभर २५ जना सहभागीहरु हुनेछन ।<br>
• प्रशिक्षककोरुपमा आयोजनाका अनुगमन तथा मूल्याङ्कन अधिकृत, ICT Expert तथा M&E Expert/TA को सेवा उपयोग गरिने छ ।<br>
• तालिमको विषयबस्तु PMIS मा तथ्याङ्क संकलन र विश्लेषण गर्न तयार पारिएका फाराम र एपहरु अनुसार तय गरिने छ । सामान्यतया प्रस्तुत तालिमका विषयहरु निम्नानुसार हुनेछन् :<br>
❖ आयोजनाको उद्देश्य र उद्देश्य प्राप्तिको लागि आयोजनाका सम्भागहरुमा प्रस्ताव गरिएका कियाकलापहरु बारे जानकारी ।<br>
❖ सञ्चालित कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन व्यवस्था ।<br>
❖ आयोजना अनुगमन तथा मूल्याङ्कनमा Information Technology को उपयोग ।<br>
❖ PMIS के हो र आयोजनामा यसको उपयोग ।<br>
❖ PMIS मा जानकारीहरु संकलनको लागि तयार पारिएका विभिन्न फारामहरु प्रयोग गर्ने अभ्यास ।<br>
❖ PMIS का विभिन्न पक्षहरुको व्यावहारिक अभ्यास ।
</td></tr>
<tr><td>वातावरणमा पर्ने असर न्यूनीकरण योजना</td><td colspan="4">प्रस्तुत तालिम सञ्चालन गरिदा वातावरणमा असर पर्ने छैन ।</td></tr>
<tr><td>दिगोपन योजना र बहिर्गमन रणनीति</td><td colspan="4">तालिमका सहभागीहरुले PMIS प्रयोग गर्न सिकेपछि आयोजना अवधि भर तथ्याङ्कहरु नियमित र सहजरुपमा प्राप्त हुनेछन् । तालिमका सहभागीहरुले तालिममा सिकेको सीप आयोजना पश्चात पनि प्रयोग गर्नेछन ।</td></tr>
<tr><td>अन्तिम लाभग्राही</td><td colspan="4">PMU ले विभिन्न प्रतिवेदनहरु तयार गर्न उपयोग गर्ने ।</td></tr>
<tr><td rowspan="2">जिम्मेवारीको तह</td><td>जिम्मेवार</td><td>कोप्रति उत्तरदायी ?</td><td>सम्पर्क समन्वय गर्नुपर्ने</td><td>जानकारी दिनुपर्ने</td></tr>
<tr><td>DLSU का M&E Specialist</td><td>M&E Officer</td><td>ICT Expert and DLSU Chief</td><td>Senior M&E Officer, PMU</td></tr>
</table>

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

२६ सामाजिक परिचालकहरुको लागि अनुगमन तथा मूल्याङ्कन तालिम

| क्रियाकलाप | सामाजिक परिचालकहरुको लागि अनुगमन तथा मूल्याङ्कन तालिम |
|---|---|
| क्रियाकलापको कोड | D.7.4 |
| क्रियाकलापको उद्देश्य/हरु | ▪ सामाजिक परिचालकलाई अनुगमन तथा मूल्याङ्कन र यसका विभिन्न पक्ष र तहहरु बारे जानकारी दिने ।<br>▪ सामाजिक परिचालकहरुलाई अनुगमन तथा मूल्याङ्कनमा प्रक्रिया (process), उपलब्धी (output), प्रतिफल (outcome) तथा प्रभाव (impact) बारे जानकारी दिने ।<br>▪ तथ्याङ्क संकलनका लागि प्रयोग गरिने विभिन्न फर्मेट र एपहरु प्रयोग गर्न सिकाउने । |
| अपेक्षित प्रतिफल | • सामाजिक परिचालकहरु अनुगमन तथा मूल्याङ्कनका विभिन्न पक्ष र तहहरु बारे जानकार हुने ।<br>• आयोजनाको अनुगमन तथा मूल्याङ्कनमा आफ्नो भूमिका बारे सामाजिक परिचालकहरु जानकार हुने ।<br>• सामाजिक परिचालकहरुको सीप र क्षमताको विकास हुने ।<br>• समयमै सही तथ्याङ्क संकलन भई बिभिन्न प्रतिवेदन तयार गर्न र समयमै सम्बन्धित निकायमा प्रतिवेदन पठाउन सहयोग पुग्ने ।<br>• आयोजनाको कार्य प्रगतिको मूल्याङ्कन गर्न सकिने । यसको सूचकाङ्कहरुको प्रगति भए नभएको थाहा पाउने ।<br>• समयमै तथ्याङ्क संकलन हुने ।<br>• गुणस्तरीय तथ्याङ्क संकलन भई आयोजनाको कार्यक्रम कार्यान्वयन प्रभावकारी हुने ।<br>• आयोजनाका प्रतिवेदनहरुको विश्वसनीयता र गुणस्तर बृद्धि हुने । |
| लक्षित सहभागी | आयोजनाका विकेन्द्रीकृत सहयोग इकाईमा कार्यरत कर्मचारी, सबै सामाजिक परिचालक र तथ्याङ्क संकलनको लागि भर्ना गरिएका गणकहरु । |
| सहभागी छनौट विधि | विकेन्द्रीकत सहयोग इकाई अन्तरगतका कर्मचारी, गाउँ तथा नगरपालिका स्तरमा कार्यरत सबै सामाजिक परिचालकहरु र आवधिक तथ्याङ्क संकलन गर्न छोटो अवधिकोलागि भर्ना गरिएका गणकहरु सबैलाई यो तालिममा अनिवार्यरुपमा रहभागी गराइने छ । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | |
|---|---|
| **कियाकलाप सञ्चालन स्थल** | यो तालिम विकेन्द्रीकृत आयोजना सहयोग इकाई स्तरमा सञ्चालन गरिने छ । |
| **चाहिने सामग्री र सहयोग** | • स्टेशनरी सामाग्रीहरु (कपी, सिसा कलम, डट पेन, ब्राउन पेपर, मार्कर, चार्ट पेपर, मेटाकार्ड) र आवश्यकता अनुसारका अन्य सामग्रीहरु ।<br>• मल्टिमिडिया प्रोजेक्टर, पोष्टर, ह्वाइट बोर्ड आदि ।<br>• तथ्याङ्क संकलन गर्न तयार पारिएका प्रश्नावली, फर्म्याट र एपहरु । |
| **विधि, तरिका वा चरणहरु** | ❖ सामान्यतया तालिम अवधि बढीमा तीन (३) दिनको हुनेछ ।<br>❖ प्रत्येक DLSU ले तालिम सञ्चालन गर्ने स्थान तय गर्नेछन ।<br>❖ DLSU हरुले आफू मातहतका सामाजिक परिचालक र अन्य प्रशिक्षार्थीहरुलाई तालिममा सहभागी गराउने छन ।<br>❖ प्रशिक्षककोरुपमा आयोजनाका मूल्याङ्कन अधिकृतहरु तथा PMU र DLSU मा कार्यरत अनुगमन तथा मूल्याङ्कन विज्ञहरुको सेवा उपयोग गरिने छ ।<br>❖ तालिममा प्रवचन भन्दा दोहोरो अन्तरकिया तथा छलफललाई प्राथमिकता दिने र फर्मेट भर्ने अभ्यासमा बढी केन्द्रीत रहने ।<br>❖ तालिमको कूल अवधिलाई सैद्धान्तिक छलफल, अन्तरकिया, फर्मेटमा अभ्यासको साथै नजिकको कुनै उत्पादक संस्था (कृषक समूह, सहकारी, निजी फर्म तथा उत्पादक संघ) मा स्थलगत भ्रमण गरी फर्मेटहरु भर्ने अभ्यास गराउन विभाजन गरिने ।<br>**तालिमको विषयबस्तु अनुगमन तथा मूल्याङ्कन तथा तथ्याङ्क संकलन र विश्लेषण गर्ने फर्मेट तथा एपहरुको अभ्यासमा केन्द्रीत रहने छ र निम्नानुसार हुनेछः**<br>❖ नाम दर्ता, तालिमको उदेश्य र एक आपसमा परिचय ।<br>❖ तालिमको पूर्व मूल्याङ्कन ।<br>❖ अनुगमन तथा मूल्याङ्कन र यसको उद्देश्य तथा आवश्यकता ।<br>❖ अनुगमन तथा मूल्याङ्कनमा प्रकिया (process), उपलब्धी (output), प्रतिफल ( outcome) तथा प्रभाव (impact) ।<br>❖ अनुगमनमा हेर्नुपर्ने पक्षहरु तथा अनुगमनका तहहरु । |
| | ❖ अनुगमन तथा मूल्याङ्कनमा सामाजिक परिचालकहरुको भूमिका तथा दायित्व ।<br>❖ सूचकहरुको आधारमा तथ्याङ्क संकलन र विश्लेषण ।<br>❖ अनुगमन र मूल्याङ्कनबीच फरक । |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | |
|---|---|
| | ❖ मूल्याङ्कनको क्षेत्र तथा मूल्याङ्कनको किसिम ।<br>❖ आयोजनाका नतिजा सूचकहरु (Result Frame work indicators) विश्लेषण गर्न तथ्याङ्क संकलन गर्न प्रयोग गरिने फर्मेटहरु ।<br>❖ नजिकको उत्पादक संस्था (कृषक समूह, सहकारी, निजी फर्म तथा उत्पादक संघ) मा स्थलगत भ्रमण र फर्मेटहरु भर्ने अभ्यास ।<br>❖ तालिमको समग्र मूल्याङ्कन । |
| **वातावरणमा पर्ने असर न्यूनीकरण योजना** | प्रस्तुत तालिम सञ्चालन गरिदा वातावरणमा नकारात्मक असर पर्ने छैन । |
| **दिगोपन योजना र बहिर्गमन रणनीति** | ❖ तालिमबाट सामाजिक परिचालकको व्यक्तिगत सीप र क्षमता विकास हुने ।<br>❖ सामाजिक परिचालकहरु आयोजना अवधि भर आयोजनामा सेवा गर्न प्रेरित हुने ।<br>❖ सिकेको सीप आयोजना सम्पन्न भएपछि अर्को आयोजनामा पनि प्रयोग हुने । |
| **अन्तिम लाभग्राही** | |

| | जिम्मेवार | कोप्रति उत्तरदायी ? | सम्पर्क समन्वय गर्नुपर्ने | जानकारी दिनुपर्ने |
|---|---|---|---|---|
| **जिम्मेवारीको तह** | अनुगमन तथा मूल्यांकन विज्ञ | DLSU प्रमुख तथा PMU वरिष्ठ अनुगमन अधिकृत | आयोजनाको अनुगमन तथा मूल्यांकन विज्ञ, PMU | DLSU प्रमुख |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

२७ विकेन्द्रीकृत आयोजना सहयोग इकाई तथा सरोकारवाला निकायका कर्मचारीहरुको लागि अनुगमन तथा मूल्याङ्कन तालिम

| | |
|---|---|
| **कियाकलाप** | **विकेन्द्रीकृत आयोजना सहयोग इकाई तथा सरोकारवाला निकायका कर्मचारीहरुको लागि अनुगमन तथा मूल्याङ्कन तालिम** |
| **क्रियाकलापको कोड** | D.6.3 |
| **कियाकलापको उद्देश्य/हरु** | ▪ आयोजनाको Monitoring & Evaluation Strategy and Plan बारे जानकारी दिने ।<br>▪ अनुगमन तथा मूल्याङ्कन र यसका विभिन्न पक्ष र तहहरु बारे जानकारी दिने ।<br>▪ आयोजनाको Theory of Change बारे जानकारी दिने ।<br>▪ आयोजनाको Result Framework र सूचकहरु बारे जानकारी दिने ।<br>▪ तथ्याङ्क तथा सूचनाको स्रोत, सूचना संकलन तथा प्रवाह प्रक्रिया र विधि बारे जानकारी दिने ।<br>▪ तथ्याङ्क संकलनका लागि प्रयोग हुने विभिन्न फर्मेटहरु बारे जानकारी भई तथ्याङ्क संकलन कार्य सहज हुने । |
| **अपेक्षित प्रतिफल** | • आयोजनाको अनुगमन तथा मूल्याङ्कनमा संलग्न अधिकृत तथा प्राविधिकहरु आयोजनाको Monitoring & Evaluation Strategy and Plan बारे जानकार हुने ।<br>• तथ्याङ्क संकलनका लागि प्रयोग हुने विभिन्न तरिका (tool) बारे सहभागीहरु जानकार भई तथ्याङ्क संकलन कार्य सहज तथा प्रभावकारी हुने ।<br>• समयमै  तथ्याङ्क तथा सूचना संकलन भई प्रतिवेदनहरु तयार हुने र सम्वन्धित निकायमा समयमै प्रेषण गर्न सकिने ।<br>• समयमै तथ्याङ्क संकलन हुदा आयोजनाको कार्यक्रम कार्यान्वयन र आवश्यक सुधार गर्न सहयोग पुग्ने । |
| **लक्षित सहभागी** | यो तालिममा  विकेन्द्रीकृत आयोजना सहयोग इकाई अन्तरगतका अनुगमन तथा मूल्याङ्कन कार्यमा सहभागी हुने कर्मचारी तथा प्रदेश र स्थानीय तह मातहतका पशु सेवा हेर्ने निकायमा कार्यरत आयोजनाको कार्यक्रम अनुगमन कार्यमा सहभागी हुने कर्मचारीहरु सहभागी हुनेछन् । |

नेपाल सरकार पशुपन्छी विकास मन्त्रालय पशु सेवा विभाग हरिहरभवन, ललितपुर

| | |
|---|---|
| **सहभागी छनौट विधि** | चारवटै विकेन्द्रीकृत आयोजना सहयोग इकाई अन्तरगत अनुगमन तथा मूल्याङ्कन कार्य गर्ने र प्रदेश र स्थानीय तह मातहतका पशु सेवा हेर्ने निकायमा काम गर्ने आयोजनाको सम्पर्क व्यक्तिहरुबाट DLSU ले छनौट गर्ने । |
| **कियाकलाप सञ्चालन स्थल** | यो तालिम PMU ले छनौट गरेको स्थानमा सञ्चालन गरिने छ । |
| **चाहिने सामाग्री र सहयोग** | • तालिम सञ्चालनको लागि आवश्यक स्टेशनरी सामग्रीहरु- कपी, सिसा कलम, डटपेन, ब्राउन पेपर, वोर्ड मारकर, चार्ट पेपर, न्युजप्रिन्ट, मेटाकार्ड आदि ।<br>• मल्टिमिडिया प्रोजेक्टर, पोष्टर आदि ।<br>• तथ्याङ्क संकलनको लागि निर्धारण गरिएका फर्मेटहरु ।<br>• ल्यापटप वा ट्याव्लेट ।<br>• इन्टरनेटको सुविधा । |
| **विधि, तरिका वा चरणहरु** | ❖ तालिम अवधि तीन (३) दिनको हुने छ ।<br>❖ आयोजना व्यवस्थापन इकाईले तालिम सञ्चालन गर्ने स्थान तय गर्ने ।<br>❖ आयोजना व्यवस्थापन इकाईले विकेन्द्रीकृत आयोजना सहयोग इकाई तथा प्रदेश र स्थानीय तह मातहतका पशु सेवा हेर्ने निकायमा काम गर्ने कर्मचारीमध्येबाट सहभागी छनौट गर्नेछ ।<br>❖ प्रशिक्षकको रुपमा PMU तथा DLSU का अनुगमन तथा मूल्याङ्कन विज्ञहरुको सेवा उपयोग गरिने छ ।<br>❖ **तालिमको विषयबस्तु अनुगमन तथा मूल्याङ्कन, तथ्याङ्क संकलन, विश्लेषण र तथ्याङ्क संकलन सामग्री (tool) हरुमा केन्द्रीत रहने छ र निम्नानुसार हुनेछः**<br><br>❖ नाम दर्ता, तालिमको उद्देश्य र परिचय ।<br>❖ अनुगमन तथा मूल्याङ्कन, अनुगमनका तह, अनुगमन र मूल्याङ्कनमा फरक र यसको आवश्यकता ।<br>❖ आयोजनाको Monitoring & Evaluation Strategy and Plan ।<br>❖ आयोजनाको Theory of Change बारे जानकारी ।<br>❖ तथ्याङ्क तथा सूचनाको स्रोत, प्रवाह प्रकिया तथा संकलन विधि ।<br>❖ अनुगमन तथा मूल्याङ्कनको तार्किक ढाचा अन्तरगत मुख्य समस्या (issues), कियाकलाप (activities) उपलब्धी (output), प्रतिफल (outcome) तथा प्रभाव (impact) र मापन विधि बारे जानकारी ।<br>❖ Result Framework र मुख्य तथा सहायक नतिजा परिमाणहरु ।<br>❖ सूचकहरुको आधारमा तथ्याङ्क संकलन र विश्लेषण ।<br>❖ मूल्याङ्कनको क्षेत्र तथा मूल्याङ्कनको किसिम ।<br>❖ आयोजनाको नतिजा उपलब्धी सूचकांङ्कहरु संकलन गने फर्मेटहरु बारे जानकारी ।<br>❖ विभिन्न फर्मेटहरु भर्ने अभ्यास । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | | | | |
|---|---|---|---|---|
| वातावरणमा पर्ने असर न्यूनीकरण योजना | प्रस्तुत तालिम सञ्चालनबाट वातावरणमा नकारात्मक असर नपर्ने । | | | |
| दिगोपन योजना र बहिर्गमन रणनीति | ❖ विकेन्द्रीकृत आयोजना सहयोग इकाई तथा प्रदेश र स्थानीय तह मातहतका पशु सेवा हेर्ने निकायमा काम गर्ने कर्मचारीहरुलाई दिइने यो तालिमबाट उनीहरुको व्यक्तिगत सीप र क्षमतामा विकास हुने ।<br>❖ नतिजास्वरुप सो सीप चालू नियमित कार्यक्रम अनुगमन तथा भविष्यमा लागू हुने आयोजनाहरुको अनुगमनमा प्रयोग हुने । | | | |
| अन्तिम लाभग्राही | | | | |
| जिम्मेवारीको तह | जिम्मेवार | कोप्रति उत्तरदायी ? | सम्पर्क समन्वय गर्नुपर्ने | जानकारी दिनुपर्ने |
| | अनुगमन तथा मूल्यांकन विज्ञ | PMU का वरिष्ठ अनुगमन अधिकृत | Technical Expert Lead, TL/TA | Project Director |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

२८ सामाजिक सुरक्षा र वातावरण सम्बन्धी तालिम

| क्रियाकलाप | सामाजिक सुरक्षा र वातावरण सम्बन्धी तालिम |
|---|---|
| क्रियाकलापको कोड | ........... |
| क्रियाकलापको उद्देश्य/हरु | • सामाजिक परिचालककहरुलाई सामाजिक तथा सामाजिक सुरक्षा र वातावरण सम्बन्धी विभिन्न पक्षहरु बारे जानकारी दिने ।<br>• सामाजिक परिचालककहरुलाई NLSIP अन्तर्गत गरिने कार्यहरुमा सामाजिक र वातावरणीय पक्षहरु बारे जानकारी दिने ।<br>• सामाजिक परिचालकहरुलाई आदिवासी जनजाति, जोखिममा परेका समुदाय, पिछ्डिएका समुदाय, महिला इत्यादिको बारेमा आयोजनाको नीति बारे जानकारी दिने ।<br>• सामाजिक परिचालककहरुलाई सामाजिक स्तरीकरण (Social Screening) सम्बन्धी ज्ञान र त्यसबाट अस्वेच्छिक पुर्नवास कार्यमा पर्ने असर बारे जानकारी दिने ।<br>• सामाजिक परिचालककहरुलाई लैंगिक कार्य योजना सम्बन्धी ज्ञान प्रदान गर्नुका साथै लैंगिक कार्य योजना तयार पार्न लगाउने ।<br>• सामाजिक परिचालककहरुलाई पुनर्वास योजना सम्बन्धी ज्ञान प्रदान गर्नुका साथै पुनर्वास कार्य योजना कसरी कार्यान्वयन गर्ने र त्यसबाट हुने फाइदाहरु बारे प्रकाश पर्ने ।<br>• सामाजिक परिचालककहरुलाई वातावरण तथा सामाजिक व्यवस्थापन योजना बारे जानकारी दिने र प्रत्येक उप आयोजनामा यो योजना कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने छलफल गर्ने ।<br>• सामाजिक परिचालककहरुलाई आयोजनाको गुनासो व्यवस्थापन संयन्त्र बारे जानकारी दिने र यसलाई विभिन्न तहहरुमा कसरी कार्यान्वयन गरिनु पर्दछ भन्ने बारे प्रकाश पार्ने । |
| अपेक्षित प्रतिफल | • सामाजिक परिचालकहरु सामाजिक तथा सामाजिक सुरक्षा र सामाजिक तथा वातावरण सम्बन्धी विभिन्न पक्षहरु बारे जानकार हुने ।<br>• सामाजिक परिचालकहरु NLSIP अन्तर्गत गरिने कार्यहरुमा सामाजिक र वातावरणीय पक्षका बारे जानकार हुने ।<br>• सामाजिक परिचालकहरु आदिवासी, जनजाति, जोखिममा परेका समुदाय, पिछ्डिएका समुदाय, महिला इत्यादिको बारेमा जानकार हुने ।<br>• सामाजिक परिचालककहरुले Social Screening सम्बन्धी ज्ञान प्राप्त गरी त्यसबाट अस्वैच्छिक पुनर्वास कार्यमा पर्ने असर बारे जानकार हुने ।<br>• सामाजिक परिचालककहरुमा लैंगिक कार्य योजना सम्बन्धी ज्ञान प्राप्त भई उप-आयोजनाहरुको लैंगिक कार्य योजना बनाउन सक्षम हुने । |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय पशु सेवा विभाग हरिहरभवन, ललितपुर

| | |
|---|---|
| | • सामाजिक परिचालकहरुले पुनर्वास योजना सम्बन्धमा ज्ञान प्राप्त गर्ने तथा उप-आयोजनाहरुको पुनर्वास कार्ययोजना तयार गरी कार्यान्वयन गर्न सक्षम हुनुका साथै त्यसबाट हुने फाइदाहरु बारे समेत जानकार हुने ।<br>• सामाजिक परिचालकहरुले वातावरण तथा सामाजिक व्यवस्थापन योजना बारे ज्ञान प्राप्त गरी प्रत्येक उप-आयोजनाहरुको लागि कार्य योजना तयार गरी कार्यान्वयन गराउन सक्षम हुने ।<br>• सामाजिक परिचालकहरुले गुनासो व्यवस्थापन कसरी गरिनु पर्दछ भन्ने र त्यसकौ त्यसका विभिन्न तहहरु बारे जानकार हुने । |
| **लक्षित सहभागीहरु** | विकेन्द्रीकृत आयोजना सहयोग इकाई (DLSU) मा कार्यरत सबै सामाजिक परिचालकहरु, कर्मचारीहरु र तथ्याङ्क संकलनका लागि भर्ना गरिएका गणकहरु । |
| **सहभागीहरु छनौट विधि** | विकेन्द्रीकृत आयोजना सहयोग इकाई अन्तर्गतका कर्मचारीहरु, पालिका स्तरमा कार्यरत सबै सामाजिक परिचालकहरु र आवधिक तथ्यांङ्क संकलन गर्न छोटो अवधिका लागि भर्ना गरिएका गणकहरु सबैलाई यो तालिममा सहभागी गराइनेछ । |
| क्रियाकलाप सञ्चालन | यो कार्यक्रम विकेन्द्रीकृत आयोजना सहयोग इकाई स्तरमा सञ्चालन गरिनेछ । |
| **आवश्यक सामग्री र सहयोग** | • स्टेसनरी सामाग्रीहरु (कपी, सिसाकलम, डटपेन, ब्राउन पेपर, मार्कर, चार्ट पेपर, मेटाकार्ड) र आवश्यकता अनुसारका अन्य सामग्रीहरु ।<br>• मल्टिमिडिया प्रोजेक्टर, पोष्टर, ह्वाइट बोर्ड इत्यादि ।<br>• उप-आयोजनामा आवश्यक सामाजिक तथा वातावरण सम्बन्धी तथ्यांङ्क संकलन गर्न आवश्यक विभिन्न प्रश्नावली, फर्मेट र अन्य सामाग्रीहरु । |
| **विधि, तरिका वा चरणहरु** | ❖ सामान्यतया तालिम अवधि बढीमा चार (४) कार्य दिनको हुनेछ ।<br>❖ प्रत्येक DLSU ले तालिम सञ्चालन गर्ने स्थान तय गर्नेछन् ।<br>❖ DLSU हरुले आफू मातहतका कर्मचारी, सामाजिक परिचालक, गणक र अन्य प्रशिक्षार्थीहरुलाई तालिममा सहभागी गराउने छन् ।<br>❖ प्रशिक्षककोरुपमा आयोजनाका सामाजिक विकास विज्ञ र PMU का सामाजिक तथा वातावरण विज्ञहरुको सेवा उपयोग गरिनेछ ।<br>❖ तालिममा प्रवचन भन्दा दोहोरो अन्तर्क्रिया तथा छलफललाई प्राथमिकता दिइने र फर्मेटहरु भर्ने अभ्यासमा बढी केन्द्रित गरिनेछ ।<br>❖ तालिमको कूल अवधिलाई सैद्धान्तिक छलफल, अन्तर्क्रिया, फर्म्याटमा अभ्यासको साथै नजिकको कुनै सम्भावित उप-आयोजनाहरुमा स्थलगत भ्रमण गराई फर्म्याटहरु भर्ने अभ्यास गराउन विभाजन गरिने छ र त्यसको अनुगमन गरिने छ । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

<table>
<tr><td></td><td colspan="4">तालिमको विषयबस्तु सामाजिक सुरक्षा र वातावरण सम्बन्धी तथ्यांक संकलन र विश्लेषण गर्ने फर्म्याटहरुको अभ्यासमा केन्द्रीत रहनेछ र निम्न अनुसार हुनेछः<br>❖ नाम दर्ता, तालिमको उद्देश्यहरु र एक आपसमा परिचय ।<br>❖ तालिमको पूर्वमूल्याङ्कन ।<br>❖ सामाजिक र वातावरणीय सुरक्षाका विभिन्न पक्षहरु, यसको उद्देश्य र आवश्यकता ।<br>❖ उप-आयोजना भित्रका आदिवासी, जनजाति, जोखिममा परेका समुदाय, पिछडिएका वर्ग, महिला इत्यादि ।<br>❖ उप-आयोजना भित्र अवस्थित सबै परिवारको सामाजिक स्तरीकरण र त्यसको नतिजाबाट अस्वेच्छिक पुनर्वास कार्यमा पर्ने असरहरु ।<br>❖ उप-आयोजना भित्र लैंगिक कार्ययोजना ।<br>❖ उप-आयोजना भित्र पुर्नवास कार्ययोजना तयारी ।<br>❖ उप-आयोजनामा आवश्यकता अनुसार वातावरणीय तथा सामाजिक कार्ययोजनाको महत्व र यसको कार्यान्वयन पक्ष ।<br>❖ उप-आयोजनाको छनौटदेखि कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको अवस्थासम्म समुदायमा आउने गुनासो सुनुवाई र व्यवस्थापन ।<br>❖ माथिका सम्पूर्ण कार्यहरुलाई व्यावहारिक ज्ञान दिलाउन नजिकको उप-आयोजनामा गई फर्म्याट भरी व्यवहारिक ज्ञान आर्जन ।<br>❖ तालिमका समग्र मूल्याङ्कन ।</td></tr>
<tr><td>वातावरणमा पर्ने असर न्यूनीकरण योजना</td><td colspan="4">प्रस्तुत तालिम सञ्चालन गरिदा वातावरणमा नकारात्मक असर पर्ने छैन ।</td></tr>
<tr><td>दिगोपना योजना र वर्हिगमन रणनीति</td><td colspan="4">❖ तालिमबाट सामाजिक परिचालक र अन्य सहभागीहरुको व्यक्तिगत सीप र क्षमता विकास हुने ।<br>❖ सामाजिक परिचालकहरु र अन्य सहभागीहरु आयोजना अवधि भर आयोजनामा सेवा गर्न प्रेरित हुने ।<br>❖ तालिम अवधि भर सिकेको सिप आयोजना सम्पन्न भएपछि अन्य आयोजनाहरुमा पनि प्रयोग हुने ।</td></tr>
<tr><td>अन्तिम लाम लाभग्राही</td><td colspan="4">उप-आयोजना भित्रका आदिवासी, जनजाति, जोखिममा परेका समूह, पिछडिएका वर्ग, महिला, भूमिहीन, असहाय र निमुखा व्यक्तिहरु ।</td></tr>
<tr><td rowspan="2">जिम्मेवारीको तह</td><td>जिम्मेवारी</td><td>को प्रति</td><td>सम्पर्क समन्वय गर्नुपर्ने</td><td>जानकारी दिनुपर्ने</td></tr>
<tr><td>सामाजिक सुरक्षा विज्ञ र वातावरण तथा सामाजिक सुरक्षा विज्ञ</td><td>DLSU प्रमुख र PMU का योजना अधिकृत</td><td>PMU का तोकिएका वरिष्ठ अधिकृत</td><td>DLSU प्रमुख</td></tr>
</table>

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

२९ पाराभेट तथा ग्रा.प.स्वा.का.को लागि तथ्यांक संकलन तालिम

| क्रियाकलाप | पाराभेट तथा ग्रा.प.स्वा.का.को लागि तथ्याङ्क संकलन तालिम |
|---|---|
| क्रियाकलापको कोड | B.3.1.7 |
| क्रियाकलापका उद्देश्यहरु | ▪ स्थानीय स्तरमा कार्यरत निजी क्षेत्रका सेवा प्रदायकहरुलाई आयोजनाको तथ्याङ्क संकलनमा सहभागी गराउने ।<br>▪ मितव्ययी तरिकाले तथ्याङ्क संकलन गर्ने ।<br>▪ Paravet /VAHW हरुको तथ्याङ्क संकलन गर्ने सीप र क्षमताको विकास गर्ने । |
| अपेक्षित प्रतिफल | ▪ Paravets तथा VAHW जस्ता निजी क्षेत्रका पशु स्वास्थ्य सेवा प्रदायकहरुको तथ्याङ्क संकलन गर्ने सीप र क्षमताको विकास हुनेछ ।<br>▪ आयोजनाका क्रियाकलापमा स्थानीय तहका पशु स्वास्थ्य सेवा प्रदायकहरुको सहभागिता बढ्ने छ ।<br>▪ Paravets तथा VAHW हरुको आयवृद्धि हुने छ ।<br>▪ कम खर्चमा तथ्याङ्क संकलन हुनेछ । |
| लक्षित सहभागी | प्रस्तुत तालिममा आयोजनाको कार्यक्षेत्र भित्र सक्रिय रहेका ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तथा Paravet जस्ता निजी क्षेत्रका सेवा प्रदायकहरु स्वीकृत विधि बमोजिम छनौट भई सहभागी हुनेछन् । |
| समावेशी सहभागी छनौट विधि | यो तालिमका सहभागीहरु स्वीकृत विधि बमोजिम निम्न आधारमा छनौट गरिने छन्:<br>● तथ्याङ्क संकलनको कार्यबोझ विश्लेषण गरी कार्यरत सामाजिक परिचालक मात्रले तथ्याङ्क संकलन गर्न नभ्याउने अवस्थामा पालिका स्तरमा थप चाहिने गणकको संख्या DLSU ले एकिन गर्ने ।<br>● सामाजिक परिचालकहरुले गणक आवश्यक पालिकाहरुमा कार्यरत सक्रिय र आयोजनासग सहकार्य गर्न इच्छुक VAHW तथा Paravet हरुको नामावली तयार पार्ने ।<br>● DLSU ले सम्बन्धित VAHW वा Paravet सँग सम्पर्क गरी तथ्याङ्क संकलन कार्यमा सहभागी गराउन स्वीकृत विधि अनुसार उपयुक्त व्यक्तिको छनौट गर्ने । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

डा. बंशी शर्मा
महानिर्देशक

| | |
|---|---|
| **क्रियाकलाप सञ्चालन स्थल** | प्रस्तुत तालिम विकेन्द्रीकृत आयोजना सहयोग इकाईले निर्धारण गरेको स्थानमा सञ्चालन गरिने छ । |
| **चाहिने सामग्री र सहयोग** | • तालिम सञ्चालनको लागि आवश्यक स्टेशनरी सामाग्रीहरु कपी, सिसा कलम, डटपेन, ब्राउन पेपर, मार्कर, वोर्ड मार्कर, चार्ट पेपर, न्युजप्रिन्ट, मेटाकार्ड र आवश्यकता अनुसारका अन्य सामग्रीहरु ।<br>• मल्टिमिडिया प्रोजेक्टर, पोष्टर आदिको प्रयोग गर्न सकिने ।<br>• तथ्याङ्क संकलनको लागि निर्धारित फर्मेटहरु ।<br>• ल्यापटप वा ट्याव्लेट ।<br>• इन्टरनेटको राम्रो सुबिधा ।<br>• तालिम अवधि तीन (३) दिनको हुने छ ।<br>• प्रत्येक DLSU ले तालिम सञ्चालन गर्ने स्थान तय गर्नेछन ।<br>• यो तालिममा DLSU हरुले छनौट गरेका VAHW र Paravet हरु सहभागी हुनेछन ।<br>• प्रशिक्षककोरुपमा आयोजना व्यवस्थापन इकाई (PMU) तथा विकेन्द्रीकृत आयोजना सहयोग इकाई (DLSU) का अनुगमन तथा मूल्याङ्कन अधिकृत तथा अनुगमन तथा मूल्याङ्कन विज्ञको सेवा उपयोग गरिने छ ।<br>• तालिमको विषयबस्तुमा तथ्याङ्क संकलनको सैद्धान्तिक पक्षमा कम र आयोजनाले तथ्याङ्क संकलनको लागि तयार पारिएका फर्मेटहरुको प्रयोगमा बढी केन्द्रीत हुने छ ।<br>• सामान्यतया तालिमका विषयबस्तु निम्नानुसार हुनेछन्:<br>❖ नाम दर्ता, तालिमको उद्देश्य बारे जानकारी र परिचय ।<br>❖ तालिमको पूर्व मूल्याङ्कन ।<br>❖ तथ्याङ्क भनेको के हो ? तथ्याङ्क संकलनको महत्व, तथ्याङ्कका स्रोतहरु ।<br>❖ अनुगमन तथा मूल्याङ्कन कार्यमा तथ्याङ्कको प्रयोग, यसको आवश्यकता र महत्व ।<br>❖ सूचकहरुको आधारमा तथ्याङ्क संकलन र विश्लेषण ।<br>❖ आयोजनाको अनुगमन तथा मूल्याङ्कन र तथ्याङ्क संकलन तरिका ।<br>❖ आयोजनामा तथ्याङ्क संकलन गर्न प्रयोग हुने विभिन्न फर्मेटहरु ।<br>❖ विभिन्न फर्मेटहरु भर्ने अभ्यास । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

<table>
<tr><td></td><td>❖ On line संकलन गरिने तथ्याङ्कहरु को लागि एपहरु चलाउने प्रदर्शन तथा अभ्यास ।<br>❖ तथ्याङ्क संकलनमा VAHW र Paravets हरुको  भूमिका तथा दायित्व वारे जानकारी ।<br>❖ तालिमको अन्तिम मूल्याङ्कन ।<br>❖ समग्र तालिमको मूल्याङ्कन ।</td></tr>
<tr><td>वातावरणमा पर्ने असर न्यूनीकरण योजना</td><td>प्रस्तुत तालिम सञ्चालनबाट वातावरणमा नकारात्मक असर नपर्ने ।</td></tr>
<tr><td>दिगोपन योजना र बहिर्गमन रणनीति</td><td>❖ VAHW तथा Paravets, हरुलाई दिइने यस किसिमका तालिमबाट उनीहरुको व्यक्तिगत सीप र क्षमतामा विकास हने ।<br>❖ समयमै तथ्याङ्क संकलन भई कार्य प्रगतिको समीक्षा गर्न र सुधार गर्न सहयोग पुग्ने ।<br>❖ समयमै सही तथ्याङ्क संकलन भई विभिन्न प्रतिवेदन तयार गर्न र समयमै सम्वन्धित निकायमा प्रतिवेदन पठाउन सहयोग हुने ।</td></tr>
<tr><td>अन्तिम लाभग्राही</td><td>आयोजना ।</td></tr>
<tr><td>जिम्मेवारीको तह</td><td><table>
<tr><th>जिम्मेवार</th><th>कोप्रति उत्तरदायी ?</th><th>समन्वय गर्नुपर्ने</th><th>जानकारी दिनुपर्ने</th></tr>
<tr><td>अनुगमन तथा मूल्याङ्कन विज्ञ</td><td>DLSU प्रमुख तथा PMU वरिष्ठ अनुगमन अधिकृत</td><td>अनुगमन तथा मूल्याङ्कन विज्ञ, DLSU प्रमुख</td><td>PD, PMU</td></tr>
</table></td></tr>
</table>

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

३० गोष्ठी/कार्यशाला आयोजना

| क्रियाकलाप | गोष्ठी/कार्यशाला आयोजना |
|---|---|
| क्रियाकलापको उद्देश्य/हरु | ● तोकिएका क्षेत्र तथा विषयका समस्या तथा समस्या समाधानका उपायहरुको पहिचान गर्ने ।<br>● सरोकारवालालाई विषय विशेष बारे जानकारी प्रवाह गर्ने ।<br>● सचेतना अभिवृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | आयोजनाको कार्यक्षेत्रसग सम्बन्धित विषयबस्तुमा सरोकारवालाहरुको सहभागितामा आयोजना गरिने यस्ता गोष्ठीले:<br>▪ सहभागीहरु विषयसँग सम्बन्धित नीति, कार्यक्रम र विद्यमान अवस्था बारे जानकार हुनेछन ।<br>▪ सरोकारवालाहरु विषयको महत्व र सो विषयमा आफ्नो संस्थागत वा व्यक्तिगत भूमिका बारे सचेत हुनेछन ।<br>▪ विषय सम्बद्ध निकाय र व्यक्तिबीच सहयोग, समन्वय वृद्धि हुने छ ।<br>▪ आयोजित गोष्ठीको क्षेत्रका बाधा र समस्या बारे संघीय, प्रादेशिक र स्थानीय सरकारका पदाधिकारीहरु जानकार भई उपयुक्त नीति, नियम र कार्यक्रमहरु तर्जुमा हुनेछन ।<br>▪ आयोजनाको जानकारी प्रवाह भई आयोजना प्रवर्द्धणमा सहयोग पुग्ने छ । |
| लक्षित सहभागी | आयोजना गरिने गोष्ठीको विषयसँग सम्बन्धित सबै प्रमुख व्यक्ति र संस्थाको प्रतिनिधित्व हुने गरी ३० देखि ५० जनासम्म सहभागी छनौट गर्ने । |
| समावेशी सहभागी छनौट विधि | गोष्ठीका सहभागीहरु छनौट गर्दा महिला तथा विभिन्न सरोकारवालाहरुको प्रतिनिधित्व हुने गरी छनौट गर्ने । |
| क्रियाकलाप सञ्चालन स्थल | यी गोष्ठीहरु आयोजना व्यवस्थापन कार्यालयले आयोजना गरेमा राष्ट्रियस्तरका र विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयले आयोजना गर्दा प्रदेश स्तरीय हुनेछन र जिल्ला सदरमुकाम वा पाएक पर्ने अन्य कुनै स्थानमा सञ्चालन गरिनेछन । |
| चाहिने सामग्री र सहयोग | ● गोष्ठी सञ्चालनको लागि आवश्यक नोट प्याड, कलम, ब्राउन पेपर, चार्ट पेपर, मार्कर, फाएल आदि स्टेशनरी सामाग्री ।<br>● ह्वाइट बोर्ड, मल्टि मिडिया तथा ल्यापटप ।<br>● गोष्ठी सञ्चालन गर्न उपयुक्त सुविधा सहितको सभाकक्ष । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | |
|---|---|
| **तरिका, साधन वा चरणहरु** | • गोष्ठी एक दिनको हुने ।<br>• सचेतना अभिवृद्धि तथा अन्तरक्रिया गोष्ठीहरु आयोजना गर्दा सो विषयमा संलग्न निजी तथा सार्वजनिक क्षेत्रका व्यक्ति तथा कानून बमोजिम गठन तथा सञ्चालन भएका संघसंस्था र महासंघहरुलाई आमन्त्रण गर्ने ।<br>• गोष्ठी स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रही आयोजना गर्ने ।<br>• प्रदेश स्तरीय गोष्ठीमा प्रदेश भित्रका र राष्ट्रियस्तरको गोष्ठीमा नेपाल भित्रका सो विषयसँग आबद्ध सबै महत्वपूर्ण पात्रहरुको प्रतिनिधित्व हुने गरी सहभागी छनौट गर्ने ।<br>• गोष्ठीको विषयबस्तुसँग सम्बन्धित राष्ट्रियस्तरका संघसंस्था र महासंघ तथा प्रदेश तथा स्थानीय सरकारका प्रतिनिधिहरुलाई पनि सहभागी गराउने ।<br>• गोष्ठीका सहभागीको संख्या सामान्यतया: ३० देखि ५० जनासम्म हुने ।<br>• गोष्ठीका सान्दर्भिक विषयहरुमा बढीमा तीन (३) वटा कार्यपत्र प्रस्तुत गरी छलफल गर्ने ।<br>• कार्यपत्रहरु सम्बन्धित क्षेत्रका विज्ञले तयार तथा प्रस्तुत गर्ने ।<br>• गोष्ठी सञ्चालन गर्दा छलफल र समूह कार्यलाई प्राथमिकता दिने ।<br>• गोष्ठीको प्रतिवेदन अनिवार्यरुपमा प्रकाशन गर्ने र सो प्रतिवेदन गोष्ठीका सहभागी तथा अन्य सरोकारवालाहरुलाई पठाउने ।<br>• गोष्ठीको प्रतिवेदनको ढाँचा यस प्रकार हुने:<br>– गोष्ठीको नाम<br>– पृष्ठभूमि<br>– उद्देश्य<br>– निष्कर्ष<br>– सिफारिसहरु<br>– निम्न विवरण सहितको अनुसूची<br>○ गोष्ठीमा प्रस्तुत कार्यपत्रहरु<br>○ गोष्ठीका सहभागीहरुको नामावली<br>○ गोष्ठीका फोटोहरु<br>○ आवश्यक ठानेका अन्य जानकारीहरु |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | | | | |
|---|---|---|---|---|
| वातावरणमा पर्ने असर न्यूनीकरण योजना | प्रस्तुत गोष्ठी सञ्चालन गर्दा वातावरणमा नकारात्मक असर नपर्ने । | | | |
| दिगोपन योजना र बहिर्गमन रणनीति | यस्ता अन्तरक्रिया गोष्ठीहरुले सचेतना बढ्ने र सरोकारवालाहरुबीच समन्वय वृद्धि भई उपयुक्त नीति तथा कार्यक्रमहरु तर्जुमा गर्न सहयोग पुग्ने भएकोले आम कृषकहरु लाभान्वित हुने र संस्थागत सुदृढीकरणमा योगदान पुग्ने । | | | |
| अन्तिम लाभग्राही | समूह सहकारी र उपभोक्ता समूहमा आबद्ध सदस्य कृषकहरु । | | | |
| जिम्मेवारीको तह | जिम्मेवार | कोप्रति उत्तरदायी ? | सम्पर्क समन्वय गर्नुपर्ने | जानकारी दिनुपर्ने |
| | सम्पर्क अधिकृत | DLSU प्रमुख | VH&LSEC हरु | Team Leader, TA team |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

३१ सहकार्यमा अन्तरक्रिया गोष्ठी आयोजना

| क्रियाकलाप | सहकार्यमा अन्तरक्रिया गोष्ठी आयोजना |
|---|---|
| क्रियाकलापको उद्देश्य/हरु | आयोजनाका लक्षित मूल्य शृंखला सम्बन्धित संघ, संस्था र महासंघहरुसँगको सहकार्यमा अन्तरक्रिया गोष्ठी आयोजना गरी सरोकारवालाहरुबीच समन्वय वृद्धि गर्ने र आयोजनाका क्रियाकलापमा सरोकारवालाको सहयोग र सहभागिता अभिवृद्धि गराउने । |
| अपेक्षित प्रतिफल | • आयोजनाद्वारा प्रवर्द्धित मूल्य शृंखला सम्बद्ध संस्था, सहकारी र संगठनहरु:<br>▪ पशुजन्य मूल्य शृंखलाको विद्यमान अवस्था बारे जानकार हुनेछन ।<br>▪ सम्बन्धित मूल्य शृंखला सम्वद्ध पात्रहरुबीच सहयोग, समन्वय वृद्धि हुने छ ।<br>▪ कृषकका सहकारी, संघ र महासंघ जस्ता संस्थाहरुको सुदृढीकरणमा सहयोग पुग्ने ।<br>• पशुपालन क्षेत्रका बाधा र समस्या बारे संघीय, प्रादेशिक र स्थानीय सरकारका पदाधिकारीहरु जानकार भई उपयुक्त नीति, नियम र कार्यक्रमहरु तर्जुमा हुने ।<br>• आयोजनाको जानकारी प्रवाह भई आयोजना प्रबर्द्धनमा सहयोग पुग्ने ।<br>• आयोजनाको आगामी आ.व.को कार्यक्रम तर्जुमा गर्न सहयोग हुने । |
| लक्षित सहभागी | दूध तथा मासु उत्पादन, प्रशोधन र बजारीकरणको क्षेत्रमा काम गर्ने कृषक तथा व्यवसायीका समूह, सहकारी र महासंघका प्रतिनिधिहरु र पशुपालन क्षेत्रको विकास तथा नियमनको काम गर्ने सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरु । |
| समावेशी सहभागी छनौट विधि | गोष्ठीका सहभागीहरु छनौट गरी आमन्त्रण गर्दा महिला तथा साना कृषकको प्रतिनिधित्व गर्ने संघसंस्थालाई प्राथमिकता दिइने छ । |
| क्रियाकलाप सञ्चालन स्थल | यी गोष्ठीहरु आयोजना व्यवस्थापन कार्यालयले आयोजना गरेमा राष्ट्रियस्तरका र विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयले आयोजना गर्दा प्रदेशस्तरीय हुनेछन र जिल्ला सदरमुकाम वा पाएक पर्ने अन्य कुनै स्थानमा सञ्चालन गरिनेछ । |
| चाहिने सामग्री र सहयोग | • गोष्ठी सञ्चालनको लागि आवश्यक नोट प्याड, कलम, ब्राउन पेपर, चार्ट पेपर, मार्कर, फाएल आदि स्टेशनरी सामाग्री ।<br>• ह्वाइट बोर्ड, मल्टि मिडिया तथा ल्यापटप । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| | |
|---|---|
| | • गोष्ठी सञ्चालन गर्न उपयुक्त सुविधा सहितको सभाकक्ष । |
| तरिका, साधन वा चरणहरु | • गोष्ठी एक दिनको हुने ।<br>• अन्तरक्रिया गोष्ठीहरु सो पशुजन्य मूल्य शृंखलासँग सम्बन्धित उत्पादन, प्रशोधन र बजारीकरण कार्यमा संलग्न व्यक्ति, संस्था तथा सहकारीहरुका कानून बमोजिम गठन तथा सञ्चालन भएका संघसंस्था र महासंघ मार्फत आयोजना गर्ने ।<br>• स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रही उपयुक्त संस्थालाई गोष्ठी व्यवस्थापनको जिम्मा दिने र आयोजनाले व्ययभार व्यहोर्ने ।<br>• प्रदेशस्तरीय गोष्ठीमा प्रदेश भित्रका र राष्ट्रियस्तरको गोष्ठीमा नेपाल भित्रका सो मूल्य शृंखलासँग आबद्ध सबै महत्वपूर्ण पात्रहरुको प्रतिनिधित्व हुने गरी सहभागी छनौट गर्ने ।<br>• गोष्ठीको विषयबस्तुसँग सम्बन्धित राष्ट्रियस्तरका संघसंस्था र महासंघ तथा प्रदेश तथा स्थानीय सरकारका प्रतिनिधिहरुलाई पनि सहभागी गराउने ।<br>• गोष्ठीका सहभागीको संख्या सामान्यतया: ३० देखि ५० जनासम्म हुने ।<br>• गोष्ठीका सान्दर्भिक विषयहरुमा बढीमा चार (४) वटा कार्यपत्र प्रस्तुत गरी छलफल गर्ने ।<br>• कार्यपत्रहरु सम्बन्धित क्षेत्रका विज्ञले तयार तथा प्रस्तुत गर्ने ।<br>• गोष्ठी सञ्चालन गर्दा छलफल र समूह कार्यलाई प्राथमिकता दिने । |
| वातावरणमा पर्ने असर न्यूनीकरण योजना | प्रस्तुत गोष्ठी सञ्चालन गर्दा वातावरणमा नकारात्मक असर नपर्ने । |
| दिगोपन योजना र बहिर्गमन रणनीति | यस्ता अन्तरक्रिया गोष्ठीहरुले सो मूल्य शृंखलाका पात्रहरुबीच समन्वय बढाउने तथा उपयुक्त नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुग्ने भएकोले आम कृषकहरु लाभान्वित हुने र संस्थागत सुदृढिकरणमा योगदान पुग्ने । |
| अन्तिम लाभग्राही | समूह सहकारी र उपभोक्ता समूहमा आबद्ध सदस्य कृषकहरु । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

| जिम्मेवारीको तह | जिम्मेवार | कोप्रति उत्तरदायी ? | सम्पर्क समन्वय गर्नुपर्ने | जानकारी दिनुपर्ने |
|---|---|---|---|---|
| | सम्पर्क अधिकृत, सम्बन्धित कियाकलाप र कार्यालय | PD वा DLSU प्रमुख | VH&LSEC हरु | Team Leader TA team |

| | |
|---|---|
| | ❖ तालिमको कूल अवधिलाई सैद्धान्तिक छलफल, अन्तरकिया, फर्मेटमा अभ्यासको साथै नजिकको कुनै उत्पादक संस्था (कृषक समूह, सहकारी, निजी फर्म तथा उत्पादक संघ) मा स्थलगत भ्रमण गरी फर्मेटहरु भर्ने अभ्यास गराउन विभाजन गरिने ।<br><br>**तालिमको विषयबस्तु अनुगमन तथा मूल्याङ्कन तथा तथ्याङ्क संकलन र विश्लेषण गर्ने फर्मेट तथा एपहरुको अभ्यासमा केन्द्रीत रहने छ र निम्नानुसार हुनेछः**<br><br>❖ नाम दर्ता, तालिमको उदेश्य र एक आपसमा परिचय ।<br>❖ तालिमको पूर्व मूल्याङ्कन ।<br>❖ अनुगमन तथा मूल्याङ्कन र यसको उद्देश्य तथा आवश्यकता ।<br>❖ अनुगमन तथा मूल्याङ्कनमा प्रकिया (process), उपलब्धी (output), प्रतिफल (outcome) तथा प्रभाव (impact) ।<br>❖ अनुगमनमा हेर्नुपर्ने पक्षहरु तथा अनुगमनका तहहरु ।<br>❖ अनुगमन तथा मूल्याङ्कनमा सामाजिक परिचालकहरुको भूमिका तथा दायित्व ।<br>❖ सूचकहरुको आधारमा तथ्याङ्क संकलन र विश्लेषण ।<br>❖ अनुगमन र मूल्याङ्कनबीच फरक ।<br>❖ मूल्याङ्कनको क्षेत्र तथा मूल्याङ्कनको किसिम ।<br>❖ आयोजनाका नतिजा सूचकहरु (Result Frame work indicators) विश्लेषण गर्न तथ्याङ्क संकलन गर्न प्रयोग गरिने फर्मेटहरु ।<br>❖ नजिकको उत्पादक संस्था (कृषक समूह, सहकारी, निजी फर्म तथा उत्पादक संघ) मा स्थलगत भ्रमण र फर्मेटहरु भर्ने अभ्यास ।<br>❖ तालिमको समग्र मूल्याङ्कन । |
| **वातावरणमा पर्ने असर** | प्रस्तुत तालिम सञ्चालन गरिदा वातावरणमा नकारात्मक असर पर्ने छैन । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

<table>
<tr><td>न्यूनीकरण योजना</td><td colspan="4"></td></tr>
<tr><td>दिगोपन योजना र बहिर्गमन रणनीति</td><td colspan="4">❖ तालिमबाट सामाजिक परिचालकको व्यक्तिगत सीप र क्षमता विकास हुने ।<br>❖ सामाजिक परिचालकहरु आयोजना अवधि भर आयोजनामा सेवा गर्न प्रेरित हुने ।<br>❖ सिकेको सीप आयोजना सम्पन्न भएपछि अर्को आयोजनामा पनि प्रयोग हुने ।</td></tr>
<tr><td>अन्तिम लाभग्राही</td><td colspan="4"></td></tr>
<tr><td rowspan="2">जिम्मेवारीको तह</td><td>जिम्मेवार</td><td>कोप्रति उत्तरदायी ?</td><td>सम्पर्क समन्वय गर्नुपर्ने</td><td>जानकारी दिनुपर्ने</td></tr>
<tr><td>अनुगमन तथा मूल्यांकन विज्ञ</td><td>DLSU प्रमुख तथा PMU वरिष्ठ अनुगमन अधिकृत</td><td>आयोजनाको अनुगमन तथा मूल्यांकन विज्ञ, PMU</td><td>DLSU प्रमुख</td></tr>
</table>

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर